


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

बिहीबार, भदौ १, २०७४ | Thursday, August 17, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला गा: १० | वर्ष २३, अंक २१९ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { अन्योलमा जनप्रतिनिधि
५ { दुई फरार अभियुक्त पक्राउ
९ { दूध र घ्यूको मूल्य बढ्यो
१० { निजी क्षेत्रद्वारा चीनमा नेपाली वस्तुको ड्युटी फ्रिको माग

# पीडितलाई कुहिएको चामल

शिवहरिप्रसाद भट्टराई, राजविराज

बाढीपीडितलाई राहत दिने नाममा कमसल, अखाद्य र म्याद गुज्रेका सामग्री वितरण भइरहेको भन्दै सप्तरीका बाढी प्रभावित सर्वसाधारणले गुनासो गरेका छन्। एनजीओदेखि जिल्ला दैवीप्रकोप उद्धार समितिले वितरण गर्ने राहत सामग्रीसमेत गुणस्तरहीन हुने गरेको उनीहरूको गुनासो छ।

यसैबीच मंगलबार महुली सामुदायिक विकास केन्द्रले सप्तकोशी नगरपालिकामा म्याद गुज्रेको पानी छान्ने क्लोरिन वितरण गरेको फेला परेको छ। सप्तकोशी नगरपालिका-३ स्थित सखुवनी टोलमा वितरित किट सेटमा म्याद गुज्रेको क्लोरिन फेला परेको समाजसेवी चन्द्रशेखर चौधरीले बताएका छन्। 'सर्वसाधारणले गुनासो गरेपछि हेर्दा वास्तवमै म्याद गुज्रेको पाइयो।' -चौधरीले भने।

समस्यामा परेका सर्वसाधारणलाई सहयोग गर्ने नाममा स्वप्रचार गर्न खोज्ने एनजीओका कारण सर्वसाधारणको ज्यानै जोखिममा पार्ने काम भइरहेको भन्दै उनले यस्ता गतिविधि तत्काल रोक्न र राहत वितरणलाई व्यवस्थित गर्न माग पनि गरेका छन्।

प्रहरी चौकी फत्तेपुरका सई बलबहादुर खत्रीले समेत राहत वितरणमा भइरहेको बदमासीको पुष्टि गरेका छन्। महुली सामुदायिक विकास केन्द्रले सप्तकोशी-३ का १ सय २० घरमा वितरण गरेको क्लोरिन म्याद गुज्रेको फेला परेपछि प्रयोगमा रोक लगाइएको उनले जानकारी दिए।

संस्थाको खुला दिसामुक्त अभियानका संयोजक पुहुपनारायण चौधरीले हतारका कारण त्रुटि भएको स्विकार्दै म्याद गुज्रेको क्लोरिन प्रयोग नगर्न आग्रहसहित तत्कालै फिर्ता लिने काम पनि शुरू गरिएको बताए।

उक्त किट सेट युनिसेफको सहयोगमा वितरण गरिएको हो। 'हतारमा किट सेट वितरण गरियो, यस्तो समस्या आउला भन्ने हेक्का नै रहेन', चौधरीले भने- 'जब हामीले म्याद गुज्रेको क्लोरिनका बारेमा जानकारी पायौं, तत्कालै प्रयोगमा रोक लगाएर कलेक्सन पनि शुरू गरिसकेका छौं।'

यता, जिल्ला दैवीप्रकोप उद्धार समितिले समेत कुहिएको र गन्हाउने चामल वितरण गरेको भन्दै हनुमाननगर कंकालिनी नगरपालिकास्थित कुशाहा टोलका बाढीपीडितले गुनासो गरेका छन्। राहतलाई व्यवस्थित गर्ने र अखाद्यवस्तु किनबेचमा रोक लगाउने समितिबाट नै यस्ता सामग्री वितरण गर्नु दुर्भाग्यपूर्ण भएको उनीहरूको गुनासो छ।

जिल्ला विपद् व्यवस्थापन समितिका कार्यक्रम संयोजक राजेश झाले राहत सामग्री भण्डारण गरिएको रेडक्रसको गोदाममा पानी पसेकाले चालम भिजेको हुन सक्ने आशंका व्यक्त गरेका छन्।



## बिरामी बढे

काठमाडौं, (नेस)

अविरल वर्षापछि आएको बाढी र पहिरोमा परी मृत्यु हुनेको संख्या १ सय २८ पुगेको छ भने ३६ जना अझै बेपत्ता भएको प्रहरीले जानकारी दिएको छ। डुबान र पहिरोमा परी ३० जना घाइते भएको बताइएको छ।

बाढी र पहिरो पीडितको उद्धारका लागि तीनवटै सुरक्षा निकायबाट झन्डै २० हजारको संख्यामा सुरक्षाकर्मी परिचालन भएको र उद्धार तथा राहत वितरण कार्यलाई तीव्रता दिइएको गृह मन्त्रालयले जानकारी दिएको छ। विभिन्न अस्थायी शिविरमा रहेका डुबान तथा पहिरोपीडित महिला, बालबालिका र वृद्धवृद्धामा झाडा पखाला, टाइफाइड र ज्वरो आउने क्रम बढेकाले स्थिति भयावह बन्दै गएको स्थानीय संवाददाताहरूले जानकारी दिएका छन्।

तीन दल बैठक

# दुवै चुनाव एकैपटक गर्ने सहमति

नेपाल समाचारपत्र

काठमाडौं

प्रमुख तीन दलबीच आगामी मंसिर १५ गतेभित्र नै प्रदेश र संघ दुवै चुनाव एकै चरणमा सम्पन्न गर्ने सहमति भएको छ। तीन दलबीच संविधान कार्यान्वयन गर्न मंसिर १५ को मितिलाई आधार मानेर दुवै चरणको चुनाव सम्पन्न गर्ने निर्णय भएको हो।

नेकपा एमालेका नेता सुवास नेम्वाङले तीन दलबीच निर्वाचन आयोगसँग परामर्श गरेर चुनावको मिति घोषणा गर्ने सहमति भएको बताउनुभयो। तीन दलबीच आगामी संविधानले तोकेकै मितिमा बाँकी प्रदेश र संघको चुनाव सम्पन्न गर्ने निर्णय भएको छ।

त्यसै गरी प्रमुख तीन दलबीच भदौ ५ गतेभित्र संविधान संशोधन विधेयकको टुंगो लगाउने सहमति भएको छ। सरकारले पास फेल जे भए पनि संसद्मा पेस गर्ने तयारी गरेपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसहितको सहमतिकै आधारमा भदौ ५ गतेभित्र टुंगो लगाउने सहमति भएको हो।

बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र प्रतिपक्षी दल नेकपा एमालेबीच सहमतिकै आधारमा संविधान संशोधन विधेयकको विषयमा टुंगो लगाउने सहमति गरेका छन्। बैठकपछि एमाले नेता नेम्वाङले भदौ ५ गतेभित्र नै संविधान संशोधन विधेयकको टुंगो लगाउने निर्णय भएको बताउनुभयो।

बैठकमा कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवा, कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, एमालेका अध्यक्ष केपी शर्मा ओली, नेता सुवास नेम्वाङ, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतको सहभागिता रहेको थियो।

यसैबीच प्रधानमन्त्री शेरबहादुर देउवाले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन एकै चरणमा गर्न सकिने वा नसकिने भन्नेबारे निर्वाचन आयोगसँग पुन: छलफल गर्नुभएको छ।

प्रधानमन्त्री भएदेखि देउवाले दुवै चरणको निर्वाचन एकै चरणमा गर्नुपर्ने बताइरहनुभएको स्थितिमा दुवै चरणको निर्वाचन एकै चरणमा गर्न सकिनेबारे बुधबार प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवसहित आयुक्तहरूसँग छलफल गर्नुभएको हो। निर्वाचनका लागि समय कम हुँदै गएको अवस्थालाई समेत मध्यनजर गरेर सो विषयमा छलफल गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

हिजो भएको भेटमा पनि प्रदेश र प्रतिनिधिसभाको निर्वाचन एकै दिन सम्भव भएको भनी आयोगका पदाधिकारीहरूसँग सोध्नुभएको प्रधानमन्त्रीको भनाइलाई उद्धृत गर्दै प्रमुख निर्वाचन आयुक्त डा. यादवले बताउनुभयो। जवाफमा आयुक्तहरूले दुईवटा निर्वाचन एकै चरणमा गर्न व्यवस्थापकीय हिसाबले कठिनाइ भएको बताउँदै त्यसबारे थप छलफल गर्ने बताएका थिए।

आयोगका पदाधिकारीसँगको अघिल्लो भेटमा प्रधानमन्त्री देउवाले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै चरणमा गर्न सकिनेबारे आयोगको धारणा मागेपछि एकै चरणमा निर्वाचन गर्न सकिने वा नसकिनेबारे छलफल शुरू गरेको थियो।

## संशोधन भदौ ५ गतेसम्ममा टुंग्याइने

आयोगले शुरूदेखि दुई चरणमा निर्वाचन गरे व्यवस्थापकीय र प्राविधिक दृष्टिले सहज हुने धारणा राख्दै आएको छ। 'दुई चरणमा निर्वाचन गर्दा सहज हुने विषयमा प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गरायौं।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

आयोगका तर्फबाट निर्वाचनका लागि समय कम हुँदै गएको, व्यवस्थापन गर्ने आवश्यक पर्ने ऐन तथा निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन प्राप्त नभइसकेको अवस्थामा दुईवटै निर्वाचन सञ्चालन गर्न कठिनाइ हुने कुरा अवगत गराइएको बताइएको छ।

'दुई चरणमा निर्वाचन गर्दा एउटा मतदान केन्द्रमा दुईवटै निर्वाचनको प्रत्यक्ष र समानुपातिक गरी चारवटा मतपेटिका राख्नुपर्ने, त्यसका लागि मतपत्र छाप्नुपर्नेलगायत कारणले गर्दा दुईवटै निर्वाचन एकै चरणमा गर्न कठिन छ।' -डा. यादवले भन्नुभयो।

आउँदो माघ ७ गतेभित्र प्रतिनिधिसभाको निर्वाचन गराउनुपर्ने संवैधानिक बाध्यता रहेको बताउँदै निर्वाचनका लागि आवश्यक कानुन बनाउने काम तीव्र गतिमा गर्नुपर्ने पनि प्रधानमन्त्री देउवासमक्ष आग्रह गरिएको पनि प्रमुख निर्वाचन आयुक्त डा. यादवले बताउनुभयो।

'दोहोऱ्याई पाऊँ' प्रकरण उल्टियो

# अब थुनिनु नपर्ने

काठमाडौं, (नेस)

'दोहोऱ्याइ पाऊँ' भन्ने मुद्दामा अभियुक्तले थुनामा नबसीकनै पनि सर्वोच्च अदालतमा निवेदन दिन पाउने ठहर भएको छ।

प्रधानन्यायाधीश गोपाल पराजुली र न्यायाधीशहरू दीपकराज जोशी, ओमप्रकाश मिश्र, चोलेन्द्रशमशेर जबरा, दीपककुमार कार्की, केदारप्रसाद चालिसे र शारदाप्रसाद घिमिरेको बुधबारको बृहत् पूर्ण इजलासले मुलुकी ऐन, अदालती बन्दोबस्तको १९४ नम्बरको व्याख्या गर्दै अबदेखि दोहोऱ्याई पाऊँ भन्ने मुद्दामा सर्वोच्च अदालतमा निवेदन दिँदा अभियुक्त थुनामा नबसे पनि हुने ठहर गरेको हो।

अदालती बन्दोबस्तको १९४ नम्बरमा 'पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्षसम्म कैदको सजाय भएकामा र पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौटी र जमानीमा छाड्न सक्नेछ' भन्ने व्यवस्था छ।

यसअघि सर्वोच्च अदालतले यो सुविधा पुनरावेदनको निवेदन दिँदा मात्र लागू हुने तर 'दोहोऱ्याई पाऊँ' भन्ने निवेदनमा लागू नहुने भन्ने व्याख्या गरी सम्बन्धित अभियुक्त कैदमा बस्नु नै पर्ने गरी सो नम्बरको व्याख्या गरेको थियो।

शशिकान्त तिवारी भन्ने व्यक्तिलाई वन कटान गरेको अभियोगमा शुरू निकायले गरेको फैसलालाई उच्च अदालतले पनि सदर गरेको तर उनी सर्वोच्च अदालतमा आउनका लागि थुनामा नै बस्नुपर्ने बाध्यता आइपरेको थियो। उनले बाहिरै बसी सर्वोच्च अदालतमा निवेदन दिन पाउन निवेदन दिएकामा अदालती बन्दोबस्तीको १९४ नम्बरको व्याख्या गर्न त्यस्तो बृहत् इजलास गठन गरिएको हो।

एमिकस क्युरीका रुपमा बहस गर्दै वरिष्ठ अधिवक्ता यदुनाथ खनालले १९४ नम्बरको सुविधा दोहोऱ्याई पाऊँ भन्ने निवेदनको हकमा पनि लागू गर्नुपर्ने माग गर्नुभएको थियो। सो सुविधा दिने गरी अदालतले गरेको निर्णयलाई वरिष्ठ अधिवक्ता खनालले कोसेढुंगाको संज्ञा दिनुभयो।



परम्परा : ललितपुरका व्यापारिक समुदायले बुधबार राति मंगलबजारमा निकालेको भीमसेन जात्रा। वर्षेनि हुने गरेको यो जात्रा २०७२ सालको भूकम्पपछि पहिलो पटक निकालिएको हो।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# चिनियाँ राष्ट्रपतिलाई पुन: निम्तो

काठमाडौं, (नेस)

सरकारले चिनियाँ राष्ट्रपति सी जिन पीङलाई नेपाल भ्रमणको पुन: निम्तो दिएको छ। नेपाल भ्रमणमा रहनुभएका चिनियाँ उपप्रधानमन्त्री वाङ याङमार्फत प्रधानमन्त्री शेरबहादुर देउवाले सीलाई भ्रमणको निम्तो पठाउनुभएको हो।

उपप्रधानमन्त्री वाङसँगको शिष्टाचार भेटवार्ताका क्रममा प्रधानमन्त्री देउवाले विगतमा सीलाई पटक-पटक नेपाल भ्रमणको निम्तो पठाइएको स्मरण गराउँदै नेपाल सीलाई स्वागत गर्न आतुर रहेको बताउनुभएको थियो।

जवाफमा उपप्रधानमन्त्री वाङले नेपालसँगको सम्बन्धलाई राष्ट्रपति सीले उच्च महत्त्वका साथ नियाल्नुभएको बताउँदै उपयुक्त समयमा सीले नेपाल भ्रमण गर्ने जानकारी गराउनुभएको थियो।

सो भेटवार्ताबारे जानकारी दिँदै प्रधानमन्त्री देउवाका विदेश मामिला सल्लाहकार डा. दिनेश भट्टराईले भन्नुभयो- 'उच्चस्तरीय द्विपक्षीय भ्रमण आदान-प्रदानका बारेमा छलफल भएको छ, चिनियाँ राष्ट्रपतिले नेपालसँगको सम्बन्ध र भ्रमणको निम्तोलाई प्राथमिकतामा राख्नुभएको उहाँहरूले बताउनुभयो।'

(क्रमश: पृष्ठ ९ मा)

# महानगर



अहिलेसम्म त वडामा सरसफाइसमेत गर्न सकिरहेको छैन। अरू त के कुरा वडा कार्यालयमा आउने पाहुनालाई स्वागतसमेत गर्न वडा सचिवको मुख ताक्नुपर्ने स्थिति छ। वडाध्यक्षलाई सामान्य सिफारिस गर्नेबाहेक अरू केही अधिकार दिइएको छैन।

# अन्योलमा जनप्रतिनिधि

सुनील महर्जन, काठमाडौं

शिवशरण खत्री सूर्यविनायक नगरपालिका वडा नं ३ को वडाध्यक्ष भएको दुई महिना बितिसक्दा के गर्ने कसो गर्ने भनेर अन्योलमा छन्। अहिलेसम्म त वडामा सरसफाइसमेत गर्न सकिरहेको छैन। अरू त के कुरा वडा कार्यालयमा आउने पाहुनालाई स्वागतसमेत गर्न वडा सचिवको मुख ताक्नुपर्ने स्थिति छ। वडाध्यक्षलाई सामान्य सिफारिस गर्नेबाहेक अरू केही अधिकार दिइएको छैन।

साविकका बालकोट गाविसलाई सूर्यविनायक नगरपालिकामा गाभेर नगरपालिका बनाइएको छ। वडामा सरसफाइ तथा विकास निर्माणसम्बन्धी गर्नुपर्ने धेरै कामहरू रहेको पनि वडाध्यक्ष खत्रीले बताए। विभिन्न कामहरू आर्थिक सहायता लिन आउँछन्। उनले भने- 'एक रुपियाँ दिन सक्ने अवस्था छैन। सबै अधिकार कर्मचारी संयन्त्रमा रहेका छन्।' नगरपालिकामा हेर्ने हो भने जनप्रतिनिधि र कर्मचारीबीच एक खालको द्वन्द्व रहेको पनि स्थिति छ।

स्थानीय तह सञ्चालनका बारे आफू मात्र नभई नगरपालिकाका प्रमुख र उपपप्रमुख तथा अधिकांश वडाध्यक्षहरू अन्योलमा रहेको बताउँछन्। 'अन्योलमा नहुने पनि कसरी ? बस्ने कार्यालय छैन, कर्मचारी छैन, एउटा टहरामा गाउँपालिका चलाइरहनुपरेको छ' -ललितपुरको कोन्जोसोम गाउँपालिका वडा नं १ का वडाध्यक्ष सन्तलाल लामाले भने। गर्नुपर्ने धेरै कामहरू रहे पनि के गर्ने के नगर्ने भनेर अन्योल रहेको लामाले बताए।

चाँगुनारायण नगरपालिका वडा नं ६ का सन्तबहादुर वाइवाले चुनावताका स्थानीय तह बलियो र अधिकार सम्पन्न भएको कुरा गरे पनि व्यवहारमा यस्तो नदेखिएको बताए। 'नक्सा पास गर्ने अधिकार वडामा ल्याउनुपर्ने हो। तर अहिले मन्त्रालयले बनाएको आदेशमा नक्सापासको अधिकार कार्यकारी प्रमुखलाई दिइएको छ। जनताको कुरो सुन्ने छलफल गर्ने काममा नै अधिकांश समय बितिरहेको छ' -वडाध्यक्ष वाइवाले भने।

> 'अन्योलमा नहुने पनि कसरी ? बस्ने कार्यालय छैन, कर्मचारी छैन, एउटा टहरामा गाउँपालिका चलाइरहनुपरेको छ।'

यी वडाध्यक्षहरूका भनाइ प्रतिनिधिमूलक भनाइ हुन्। स्थानीय तहको निर्वाचनपछि आफ्नो काम, कर्तव्य र अधिकारबारे अधिकांश जनप्रतिनिधि अन्योलमा रहेका छन्। कतिपय जनप्रतिनिधि मन्त्रालयले अनेक आदेश र परिपत्र दिएर जनप्रतिनिधिको हातखुट्टा बाँधेको बताउँछन् भने कतिपयले केन्द्रले ऐन नपठाएकाले समस्या देखिएको तर्क गर्दछन्।

यसैबीचमा जनप्रतिनिधिहरू आफूले के गर्ने भन्नेमा अन्योल रहेको जिल्ला समन्वय समिति ललितपुरका सदस्य गम्भीर राणाले बताए। यसैको एउटा उदाहरणका रूपमा महानगरीय प्रहरी प्रभाग मंगलबजारले आयोजना गरेको वडाध्यक्षहरूसँग अन्तरक्रियालाई लिन सकिन्छ। केही दिनअघि शान्ति सुरक्षामा स्थानीय जनप्रतिनिधिको भूमिका विषयमा अन्तरक्रिया हुँदा बोल्ने वडाध्यक्षहरूले आफ्नो भूमिकाको चर्चा नै नगरी प्रहरी प्रशासनले यो गरेन, त्यो गरेन भन्ने गुनासो गर्नमा नै आफ्नो शब्द खर्च गरेका थिए। नागरिक अपेक्षा बढी जनप्रतिनिधि अन्योलमा हुने स्थितिले स्थानीय तहको निर्वाचनताका चुलिएका अपेक्षाहरू निराशामा परिणत हुने क्रम छाएको पनि स्थानीय प्रशासनको बुझाइ छ।

यस्तो अवस्थामा संविधानले परिकल्पना गरेअनुरूप स्थानीय तह सञ्चालन गर्ने दिशामा थुप्रै चुनौतीहरू तेर्सिएका छन्। अहिले वडाध्यक्षहरू पारिवारिक विवाद, घरजग्गा किचलोमा पक्ष विपक्षहरूको भनाइ सुन्ने तथा मिलाउने कार्यमा समय बिताइरहेका छन्। 'जहाँ झगडा परे पनि वडाध्यक्षलाई बोलाइहाल्छन्, नजाऊँ कसरी ?' -ललितपुर महानगरपालिका वडा नं १६ का वडाध्यक्ष निर्मलरत्न शाक्य बताउँछन्।

संविधानले अधिकार दिएको छ, व्यवहारमा त्यस्तो नहुँदा जनप्रतिनिधिहरूमा अन्योल देखिएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रवक्ता रुद्रसिहं तामाङ बताउँछन्। जनप्रतिनिधिहरूले अहिले भएको संवैधानिक व्यवस्थाको धरातल के कस्तो रहेको भन्ने बुझाइको कमीले गर्दा पनि अन्योल रहेको प्रवक्ता तामाङको ठम्याइ रहेको छ।

## 'स्थानीय तहलाई हिजोकै विकेन्द्रीकृत मानसिकताले हेऱ्यौं'



**रुद्रसिंह तामाङ**
सहसचिव एवं प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

हिजोको स्थानीय निकाय भनेको मन्त्रालयको एउटा विभाग वा शाखा कार्यालय जस्तो हो। हिजो जनप्रतिनिधिबाहेक कार्यकारी प्रमुखसहित स्थानीय निकायका सबै विषयहरू मन्त्रालयको अधीनमा हुन्थे। स्थानीय स्वायत्त शासन ऐन २०५५ अन्तर्गत स्थानीय निकाय सञ्चालन हुने गर्दथे। त्यो ऐन २०४७ सालको संविधानको विकेन्द्रीकरणसम्बन्धी एउटा धारामा टेकेर बनाइएको थियो।

अहिलेको स्थानीय तह भनेको संवैधानिक अधिकार प्राप्त सरकार हो। नेपाल राज्यको मुख्य संरचना संघ, प्रदेश र स्थानीय तहले गर्ने भनेर संविधानमा स्पष्टसँग लेखिएको छ। राज्यशक्ति भनेको कार्यकारी, व्यवस्थापिका र न्यायिक अधिकार हो। जसरी केन्द्रमा विधायक, कार्यकारी र अदालत रहेको हुन्छ त्यस्तै अधिकार र संरचना स्थानीय तहमा व्यवस्था गरिएको छ। स्थानीय तहमा संसद्मा जस्तो कार्यकारी (गाउँपालिका, नगरपालिकाका प्रमुख र उपप्रमुख र वडाध्यक्षहरू) सांसदहरूबाट चुनिने नभई जनताबाटै निर्वाचित हुने गर्दछन्।

दोस्रो पक्ष स्थानीय तहले आफ्नो कानुन आफैं बनाएर स्थानीय तह सञ्चालन गर्ने अधिकार दिएको छ। तैपनि संसद्को विकास समितिमा स्थानीय शासन सञ्चालन विधयेकबारे छलफलको अन्तिम चरणमा छौं। संविधानले कार्यसम्पादन र कार्यविभाजन नियमावली बनाउन अधिकार दिएको छ। संविधानको अनुसूची ८ मा भएको अधिकार उपभोग गर्न स्थानीय तहले आफैं कानुन बनाउन पाउँछ। त्यसै गरी अनुसूची ९ मा संघ र प्रदेशबाहेक आफ्नो अधिकार क्षेत्रमा भएको अधिकार उपभोगका लागि कानुन बनाउने (संघ र प्रदेशको अधिकार नबाझिने गरी) कानुन बनाउने र कर लगाउने समेत अधिकार संविधानले दिएको छ। ७४४ स्थानीय तहबाट बढेर ७५३ हुन्छ होला, प्रत्येक स्थानीय तहमा सर्वसञ्चित कोष हुन्छ। कुनै पनि खर्च त्यो कोषबाट बाहिर जाँदैन। यी भए कार्यकारी अधिकार।

संविधानमा भएका गाउँसभा र नगरसभालाई व्यवस्थापकीय अधिकार दिएको छ। संविधान बनाउँदै गर्दा सभाको प्रमुख जेष्ठ सदस्य हुने चर्चा भएको थियो। त्यो परिर्वतन भएर कताकताबाट के भयो कुन्नि कार्यकारी प्रमुख र व्यवस्थापकीय प्रमुख एकै व्यक्ति हुन गए। संविधान हेर्दा शक्ति सन्तुलनको सिद्धान्तभन्दा पनि अलिकति कार्यकारी अधिकार हावी भएको जस्तो देखिन्छ। त्यसै गरी संविधानले स्थानीय तहलाई न्यायिक अधिकार दिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय अदालत भनेको छ, तर न्यायसम्बन्धी संविधानको अर्को भागमा नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत हुने भनिएको छ। जिल्ला अदालतअन्तर्गत स्थानीय अदालत राखिएको छ। कहीं न कतै संविधानको धाराहरू बाँझिएको छ। यस्तो बेला स्थानीय तहका उपप्रमुखको संयोजनमा न्यायिक समिति गठन गर्ने संवैधानिक प्रावधान कुन रूपमा कार्यान्वयन आउँछ भनेर हेर्न बाँकी रहेको छ।

त्यसै गरी एउटा बहसमा आइरहेको विषय के हो, भने स्थानीय तहको सेवासुविधा प्रदेश कानुनबमोजिम हुने भनिएको छ। एकातिर संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न गरेको छ, अर्कोतिर अंकुश लगाउने गरी प्रदेश कानुनबमोजिम हुने भनिएको छ। संविधानको धारा २२७ मा जिल्ला समन्वय समितिको कानुन प्रदेश कानुनबमोजिम हुने भनिएको छ। अहिले प्रदेश नभएको हकमा के गर्ने भनेर धेरै ठाउँमा अप्ठ्याराहरू छन्। प्रदेश नभएको हकमा कानुन कसरी बनाउने समस्याहरू छन्।

७ सय ४४ तहलाई अर्थ मन्त्रालयले खर्च युनिट मानेको छैन। सामाजिक सुरक्षाको भत्ता ३८ अर्ब स्थानीय तहमा गएको छैन। केन्द्रले बाँडिरहेको छ। अहिले देखिएको एउटा समस्या हो। स्थानीय तहमा कर्मचारी व्यवस्थापन नभएसम्म जति पैसा पठाए पनि खर्च हुने स्थिति छैन। सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत साउन १ बाट अर्बौं पैसा स्थानीय तहमा पठाउने भनेको छ। तर आजसम्म चालू खर्चबाहेक कुनै पनि खर्च हुने अवस्था छैन। अब समस्या के हो भने मंसिरमा दोस्रो किस्ता र चैत्रमा तेस्रो किस्ता जानुपर्ने हुन्छ। तर नेपाल सरकारका कोही पनि विभाग र मन्त्रालयका कर्मचारीहरूले आफ्नो मन्त्रालय र विभाग छोड्न चाहेका छैनन्। संघीयता कार्यान्वयनका क्रममा म मेरो मन्त्रालयबाहेक अरू मन्त्रालय रहनुहुन्न भन्ने धारणा रहेको छ। सबैको मेरोबाहेक भनेपछि संघीयता कसरी कार्यान्वयन हुन्छ त ? कोही पनि कर्मचारीले समायोजन र अधिकार दिन चाहेको देखिँदैन। कर्मचारी समायोजनमा समस्या छ।

अर्को समस्या भनेको प्रदेशसम्बन्धी केही संरचना र केही पनि बन्दोबस्त भएको छैन। प्रदेश सभाको केन्द्र कहाँ हुने, कसरी शपथ ग्रहण र कहाँ बस्ने केही पनि टुंगो लागेको छैन। प्रदेशको संरचनामा अलमल छ। प्रदेशको व्यवस्थापन नभएसम्म स्थानीय तहमा देखिएको अलमल व्यवस्थापन हुने देखिन्न।

अहिले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूमा हामीले के गर्ने भनेर अन्योल रहेको छ। सबै अधिकार तलले प्रयोग गर्ने हो भनेर सबै मन्त्रालयले भनेको छ। तल के गर्ने भनेर आजसम्म जनप्रतिनिधि र केन्द्र पनि स्पष्ट छैन। जनप्रतिनिधिहरू पनि आफूले के गर्ने भनेर स्पष्ट हुनुपर्ने खाँचो छ। अहिले कार्यान्वयन गर्नुपर्ने संघीयता हो। तर हामी हिजोको विकेन्द्रीकरणको मानसिकताले संघीयता कार्यान्वनय गर्न खोजिरहेका छौं, यसले पनि समस्या निम्त्याएको छ।

# विपन्नलाई ६ हजार आवास

हालसम्म ६ हजार ८ सय ५२ घरहरु निर्माण भएका छन्। कार्यक्रम कार्यान्वयन गर्नका लागि चुनौती पनि रहेका छन्। लक्षित समुदायमा कार्यक्रम सञ्चालन गर्ने क्रममा कतिपय परिवारहरूमा उनीहरूसँग आफ्नै जग्गा र धनीपुर्जा नहुँदा जटिलता देखिन्छ।

मधुसूदन रायमाझी

विपन्न समुदायका लागि अगाडि सारिएको जनता आवास कार्यक्रम प्रभावकारी देखिएको छ। आर्थिक अवस्था कमजोर भएर घरबार नभएका गरिबीको रेखामुनि रहेका जनताका लागि सरकारले आगाडि सारेको जनता आवास कार्यक्रमले विपन्न समुदायमा खुसी ल्याएको छ। सरकारले गरिबीको रेखामुनि रहेको सदुदाय, दलित, जनजाति एवं अन्य सीमान्तकृत समुदाय र विशेष गरी तराई मधेसका जिल्लाहरूमा जनता आवास कार्यक्रम अगाडि सारेको छ।

सरकारले जनता आवास कार्यक्रमअन्तर्गत अतिसीमान्तकृत जातिहरूलाई पहिलो प्राथमिकता दिएको छ। मुसहर, बातर, कोचे, खत्वे तथा घाँघड/झाँगडमध्ये ८५ प्रतिशतभन्दा बढी परिवार अस्थायी झुप्रा वा टहराहरूमा बसोबास गर्ने तथ्यांक रहेको छ।

यी समुदायहरूले बाँसले बनेको भित्ता, फुसको छानो र गारो तथा भुइँ माटोले बनाएको घर निर्माण गरेर जीविका चलाउँदै आएका छन्। वर्षाको समयमा यस्ता घरहरू असुरक्षित तथा जोखिमको चपेटामा पर्दछन्। शहरी विकास तथा भवन निर्माण विभागका अनुसार धेरैजसो दलित तथा सीमान्तकृत समूहहरू नदी किनार र ठाडो भिरालो स्थानमा बसोबास गर्छन्, तसर्थ बाढी तथा पहिरोजस्ता विपद् आउँदा सबैभन्दा बढी संकटमा पर्ने गरेका छन्।

सरकारले सबैका लागि आवासको अवधारणा र सबैका लागि आवासको आवश्यकतालाई मध्यनजर गर्दै राष्ट्रिय आवास नीति २०६९ ल्याएको थियो। नेपालको संविधान-२०७२ ले सबै नागरिकका लागि आवासको अधिकार सुनिश्चितता स्थापित गरेको छ। सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समूहलाई सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति दिने उद्देश्यले सरकारले जनता आवास कार्यक्रम अगाडि सारेको शहरी विकास मन्त्रालयका प्रवक्ता डा. रमेशप्रसाद सिंह बताउनुहुन्छ।

सरकारले शहरी विकास तथा भवन निर्माण विभागमार्फत २०६६/०६७ मा तराईका तीन जिल्लाहरू सिरहा, सप्तरी र कपिलवस्तुमा दलित र मुस्लिम परिवारका लागि सरकारबाटै अनुदानसहितको आधुनिक प्रविधिसहितको जनता आवास कार्यक्रम लागू गरेको थियो। सरकारले निर्देशिका नै बनाएर लक्षित वर्गको पहिचान, वित्तीय स्रोतको परिचालन र समितिहरू गठन गरेर नै काम गर्दै आएको छ। कार्यक्रमको कार्यान्वयनका लागि केन्द्रीय, जिल्ला र स्थानीय तह गरी तीन प्रकारका समिति गठन गरेर नै काम भइरहेको प्रवक्ता सिंहले बताउनुभयो।

जनता आवास कार्यक्रमअन्तर्गत चयन गरिएको बस्तीमा कम्तीमा १० परिवारका लागि कार्यक्रम लागू गरिने प्रावधान रहेको छ। कार्यक्रममा सञ्चालन गर्नका लागि सम्भावित लाभग्राही त्यस ठाउँको स्थायी निवासी र जग्गाको स्वामित्व प्रमाणित हुने कागजात आवश्यक रहनुपर्ने नीति रहेको छ। प्राकृतिक प्रकोपको दृष्टिले कमजोर, वन क्षेत्रको साथै जग्गाको स्वामित्वमा झगडा भइरहेको स्थानमा भने जनता आवास कार्यक्रम सञ्चालन नहुने शहरी विकास तथा भवन निर्माण विभागले बताएको छ।

**५५ जिल्लाका ६ हजार निर्माण**

जनता आवास कार्यक्रम शुरु भएको ८ वर्षको अवधिमा ५५ जिल्लाका ६ हजारभन्दा बढी विपन्न तथा सीमान्तकृत परिवारले नयाँ घर पाएका छन्। सुरक्षित, स्थायी एवं स्वस्थकर घरमा बस्न पाएपछि विपन्न समुदाय खुसी मात्र भएका छैनन् आय आर्जनका अन्य गतिविधिमा पनि ध्यान दिन थालेको विभागले बताएको छ। जनता आवास कार्यक्रममार्फत् धेरै लाभग्राहीमा निर्माणको सीप विकाससमेत भएको छ।

## 'सुरक्षित आवासको पहुँच बढाउन जनता आवास कार्यक्रम'

विपन्न र सीमान्तकृत समुदायका समुदाय सुरक्षित बसोबासको व्यवस्था गर्न सरकारले जनता आवास कार्यक्रम अगाडि बढाएको हो। यस कार्यक्रमले विपन्नमध्ये पनि विपन्न परिवारलाई लाभ पुऱ्याउँदै आएको छ। पाको उमेरका, एकल महिला, शारीरिक रूपमा अपाङ्गता भएका परिवारका मुलीहरूलाई प्राथमिकतामा राखेर जनता आवास कार्यक्रम सञ्चालित गरिएको हो। लाभग्राहीले आफूले चाहेजस्तो घरको डिजाइन छनोट गर्ने अधिकारसहित कार्यक्रम कार्यान्वयनको अवधिमा स्थानीय जनतालाई डकर्मी तालिमसमेत दिने प्रावधान रहेको छ। जनता आवास कार्यक्रमबाट निर्माण हुने घरहरू सरकारको अनुदान रकमबाट निर्माण गरिन्छ। तर, लाभग्राहीले पनि नगद, श्रम, तथा निर्माण सामग्रीबापत १० हजार रुपियाँ बराबरको योगदान गराउनुपर्छ। किनकि यसले लाभग्राहीमा स्वामित्वको भावना बढाउँछ। हालसम्म ६ हजार ८ सय ५२ घरहरू निर्माण भएका छन्। कार्यक्रम कार्यान्वयन गर्नका लागि चुनौती पनि रहेका छन्। लक्षित समुदायमा कार्यक्रम सञ्चालन गर्ने क्रममा कतिपय परिवारहरूमा उनीहरूसँग आफ्नै जग्गा र धनीपुर्जा नहुँदा जटिलता देखिन्छ। दलित, मुस्लिमलगायत अल्पसंख्यक जातिका अति विपन्न जनतालाई आवासको भौतिक अवस्थामा सुधार गर्दै स्वस्थकर तथा सुरक्षित आवासमा पहुँच बढाउने यस कार्यक्रमको लक्ष्य निश्चित हदसम्म पूरा भएको छ।





**डा. रमेशप्रसाद सिंह**
प्रवक्ता, शहरी विकास मन्त्रालय

| आर्थिक वर्ष | जिल्ला संख्या | लक्षित घरसंख्या | बजेट (रू. मा) | निर्मित घरसंख्या |
|---|---|---|---|---|
| २०६६/६७ | ३ | २२७४ | ३,०३,००० | १४६० |
| २०६७/६८ | ११ | २७५७ | २८७२८१ | १२२६ |
| २०६८/६९ | २१ | २२६३ | ३३४४६४ | १६०४ |
| २०६९/७० | २१ | १५४८ | १६६७११ | २४४ |
| २०७०/७१ | २७ | १६२६ | १५३१८८ | १०२८ |
| २०७१/७२ | २८ | १७६२ | २६७१८४ | ४२७ |
| २०७२/७३ | ४३ | २५३३ | २९३०३४ | ८६३ |
| २०७३/७४ | ५२ | २२६८७ | १५२७५३२ | |
| कुल | | | ३३३२३९४ | ६८५२ (२०७३ असारसम्मको) |

स्रोत : शहरी विकास तथा भवन निर्माण विभाग



# शेखरको हुक्का रे

पूर्वका गायक शेखर बगडियाको शब्द र स्वरको *हुक्का* रे बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। यो गीतको म्युजिक भिडियो युट्युबमामार्फत् सार्वजनिक गरिएको हो।

गीतमा संगीत सोहन मानन्धरको रहेको छ भने एरेन्ज बिजेश्वर तण्डुकारले गरेका छन्। पत्रकार सुव्रतराज आचार्यले निर्देशन गरेको यस गीतको म्युजिक भिडियोमा कोरियोग्राफी सुनील क्षत्री एवं नेपाली ठिटो समूहको छ भने निशा जोशी, सुष्मा अधिकारी, सौरभ अधिकारी, पवन अग्रवाल एवं नेपाली ठिटो समूहको अभिनय रहेको छ।

पप र ¬यापमा आधारित यस गीतको भिडियो पश्चिमेली स्टाइलको रहेको र नेपाली गीत-संगीतमा विल्कुल प्रयोग गरिएको र युवा पुस्तालाई मध्यनजर गरी बनाइएको दाबी गरिएको छ। भिडियोमा अर्जुन तिवारीको छायांकन रहेको छ भने सम्पादन रेग्मीको रहेको छ।

मारवाडी समुदायका गायक शेखरले यसअघि *नक्कली मोरी*, *गरिमा गरिमा* लगायतका गीत गाएका छन्। *गरिमा गरिमा* बोलको गीत उनको चर्चित गीत हो। त्यस गीतमा शेखरका अलावा सुगम पोखरेल, नवीन के भट्टराई, मोहन भुसाललगायतका गायक-गायिकाको स्वर थियो भने राजेश हमाल, झरना थापा, सुशील क्षत्री, मह जोडी, विजय लामा, निरुता सिंहलगायतका दर्जनौं कलाकारले अभिनय गरेका थिए।

# नेहाले खोलिन् कृतिको पोल



बलिउडमा अभिनेतृबाट एंकर बनेकी नेहा धुपियाले अभिनेतृ कृति सेनन तथा नायक सुशान्त सिंह राजपुतको बोरमा एक खुलासा गरेकी छिन्।

केही समय पहिले प्रदर्शनमा आएको फिल्म *राब्ता*मा साथै काम गरेका कृति तथा सुशान्त रिलेसनमा छन् भन्ने हल्ला थियो। तर, यस कुरालाई कृति तथा सुशान्तले भने कहिल्यै स्वीकार गरेनन्। यही कुरालाई नेहाले सबसामु उजागर गरिदिएकी हुन्।

एक भारतीय टेलिभिजनले नेहासँग गरेको अन्तरवार्तामा जब उनलाई कृति र सुशान्तको बारेमा सोधियो उनले भनिन्- 'हो उनीहरु एक-अर्कोसँग डेट गरिरहेका छन्।' उनको अनुसार रिल लाइफको यी जोडी रिएल लाइफमा पनि डेट गरिरहेका छन्। पछिल्लो साल सुशातन्ले लामो समय साथमा रहेकी प्रेमिका अंकिता लोखडेसँग ब्रेकअप लिएका थिए। जब उनीहरु फिल्ममा सँगै देखिएका थिए, उनीहरुको बारेमा रिलेसनसिपको हल्ला चले पनि उनीहरु भने चुप थिए। त्यसपछि उनीहरुले एक म्युजिक भिडियोमा सँगै काम गरेका थिए। तर, अहिलेसम्म पनि उनीहरुले आफ्नो बारेमा चलेका हल्लाहरु बकवास हुन् भनिरहेका छन्।

# पूर्वप्रहरी कलाकार पुरीको पुस्तक सार्वजनिक

पूर्वडीएसपी तथा कलाकार, लेखक, निर्देशक आनन्द पुरीद्वारा लिखित *९ आईजीपीसँगका अनुभूति* संस्मरणात्मक संग्रह मंगलबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ।




बीएन पुस्तक संसारले बजारमा ल्याएको पुस्तकलाई सो पुस्तकका रमेश सुवेदी, कथाकार माया ठकुरी, समालोचकद्वय हरि अधिकारी तथा दामोदर न्यौपाने र लेखक आनन्द पुरीले संयुक्तरूपमा विमोचन सार्वजनिक गरेका हुन्।

कार्यक्रममा पुस्तकको समीक्षा गर्दै हरि अधिकारीले उक्त पुस्तकमा प्रहरी प्रशानभित्र देखिने र अनुभूति गरिने विषयको बारेमा वर्णन गरिएको तथा प्रहरी प्रशासनलाई यो अवस्थामा ल्याउन कुन-कुन आईजीपीले के-के योगदान गरे भन्ने कुराको बारेमा जानकारी दिइएकाले पुस्तकलाई प्रहरी विकासक्रमको अभिलेखको रूपमा लिँदा उपयुक्त हुने चर्चा गरे। पुस्तकको शीर्षकको बारेमा टिप्पणी गर्दै अधिकारीले भने- 'पुस्तकको शीर्षक *९ आईजीपीसँगका अनुभूति*भन्दा प्रहरी प्रशासनको इतिवृत्ति भन्दा उपयुक्त र बढी सान्दर्भिक हुन सक्थ्यो।'

अर्का समालोचक तथा पत्रकार न्यौपानेले पुस्तकको बारेमा चर्चा गर्दै पुस्तकको माध्यमबाट प्रहरी प्रशासनभित्रको रोमाञ्चक र थाहा नभएको थुप्रै विषयका बारेमा ज्ञान हुने बताए। दुवै समालोचकले नेपाली संस्मरणात्मक विधाको विकासमा उक्त पुस्तकले उल्लेखनीय भूमिका खेल्ने भन्दै लेखकलाई बधाई पनि दिए। त्यस्तै कथाकार तथा साहित्यकार माया ठकुरीले प्रहरी प्रशासनका बारेमा थाहा पाउनका लागि सबैले उक्त पुस्तक पढ्नुपर्नेमा जोड दिइन्। रेडियो तथा टेलिभिजनको *प्रहरी अनुरोध* कार्यक्रमका लेखक, निर्देशक र कलाकारसमेत रहेका लेखक पुरीले उक्त पुस्तकको माध्यमबाट आफूले संगत् गरेको विभिन्न आईजीपीको असल र खराब पक्षका बारेमा वर्णन गर्न खोजिएको बताए। साथै उनले प्रहरी र जनताबीचको सम्बन्ध राम्रो भएमा मात्र समाजमा सन्तुलन कायम रहन्छ भन्ने कुरा उक्त पुस्तकको माध्यमबाट देखाउन खोजिएको प्रस्ट्याए।

पुरीले यो संस्मरण पुस्तकमा प्रहरी संगठनमा रहँदा आफूले भोगेका अनुभवहरुलाई समेटेका छन्। उनले पुस्तकमा प्रहरी संगठनमा देखेका र भोगेका सुख, दुःख, मिलन-विछोड, न्याय, अन्याय, आकृति, विकृति जस्ता पक्षलाई उजागर गरेका छन्। उनले पञ्चायतकालदेखि लोकतान्त्रिक गणतान्त्रिक व्यस्वस्था लागू हुँदासम्मको प्रहरी नेतृत्व चयनका बारेमा समेत खुलाएका छन्। असईबाट प्रहरी सेवा शुरु गरी ३१ वर्ष सेवा अवधिमा प्रहरी नायव उपरीक्षकसम्म भई संगठनबाट अवकाश लिएका पुरीले आफ्नो पुस्तकमा देशमा पटक-पटक भएका राजनीतिक परिवर्तनले प्रहरी संगठनमा पारेको प्रभाव, तत्कालीन राजा वीरेन्द्रसँगको भीभीआईपी सेक्युरिटीमा रहँदाको रोमाञ्चक अनुभव, हिमाल चढ्दाको रोचक र चुनौतीपूर्ण यात्रा, संयोग र वियोग, ड्युटीमा खटिँदाको चुनौती र सहजता, दुर्गम र सुगम स्थानको अनुभव, अपराधिसँगको जम्काघेट र कारबाही, जनताबाट पाएको हाई-हाईलगायतको विषयलाई समेटेका छन्।




# तीज गीत अवार्डको मनोनयन सार्वजनिक

छायाँछवी क्रियसनले वर्षैनि आयोजना गर्दै आएको *छायाँछवी तीज म्युजिक अवार्ड २०७४* को उत्कृष्ट ५ को मनोनयन सार्वजनिक गरेको छ।

तीज गीतलाई समावेश गरेर आयोजना गरिएको चौथो संस्करणको यो अवार्डमा कुल २५ विधा समावेश गरिएको छ।

सांस्कृतिक पर्व तीजका गीत-संगीतलाई प्रोत्साहन मिलोस् र तीजका गीतले र त्यसका श्रष्टा/सर्जकले उत्साहित हुने मौका पाउन भन्ने धेयका साथ यो अवार्डको आयोजना गर्न लागेको छायाँछवी क्रियसनका अध्यक्ष शान्तिप्रियले बताए। कार्यक्रममार्फत् बाढी-पहिरोपीडितका लागि राहात संकलन गरी होस्टेमा हैंसे गर्ने पनि उनले बताए।

अवार्डमा *उत्कृष्ट तीज दोहोरी गीत* (कम्पनी), *तीज दोहोरी गीत गायकगायिका, तीज दोहोरी गीत नवगायिका, तीज दोहोरी गीत लय, तीज दोहोरी गीत शब्द, तीज दोहोरी मौलिक गीत, तीज दोहोरी गीत मिक्सिङ, उत्कृष्ट तीज दोहोरी गीत एरेन्जर, उत्कृष्ट पुरुष* र *महिला मोडल* विधामा अवार्ड प्रदान गरिँदै छ।

त्यसै गरी *तीज गीततर्फ* भने *उत्कृष्ट तीज गीत (कम्पनी), मौलिक तीज गीत, तीज गीत गायिका, तीज गीत नवगायिका, युगल तीज गीत, तीज गीत लय, तीज गीत शब्द, तीज गीत मिक्सिङ, तीज गीत एरेन्जर, सम्पादन, छायांकन, नृत्य निर्देशन, भिडियो निर्देशन* विधामा अवार्ड प्रदान गरिनेछ।

# बाढीपीडितलाई सघाउन चलचित्र संघको कोष

नेपाल चलचित्र संघले मुलुकमा अत्यधिक वर्षाको कारणले भएको धनजनको क्षतिमा सघाउन पीडितको राहतका लागि सहयोग गर्न कोष निर्माण गरेको छ।

संघका अध्यक्ष प्रदीपकुमार उदयको अध्यक्षमा बसेको बैठकले जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितलाई सहयोग गर्न कोष निर्माण गरेको हो। कोषमा नेपाल चलचित्र संघले १ लाख रुपियाँको व्यवस्था गरेको छ भने क्यूएफएक्स सिनेमाजले एक र बीके फिल्म्स्को १० हजार रुपियाँ सहयोग प्रदान गर्ने भएको छ। कोषमा जम्मा भएको रकम बाढीग्रस्त क्षेत्रमा कार्यरत एफएनसीसी संस्थामार्फत् वितरण गरिने संघका अध्यक्ष उदयले जानकारी गराएका छन्।

# पुरिएका पुस्तकमाथि फिल्म



करिब ३५ वर्षअघि नेपालको एक विकट गाउँमा भएको शैक्षिक समस्यालाई कथामा बुनेर गोदावरी फिल्म्स् एन्ड रिसर्चले *पुरिएका पुस्तक*का नाममा फिल्म निर्माण गर्ने भएको छ। ललितपुरको गोदावरीस्थित ढल्केश्वर महादेव मन्दिरको परिसरमा फिल्मको मुहूर्त गरिएको छ।

पत्रकार एवं निर्देशक विजयरत्न तुलाधरले मुहूर्त सर्टका क्ल्याप दिँदै मुहूर्तको शुभसाइत गरेका थिए भने शिक्षाविद् तथा समाजसेवी बाबुराम थापाले मुहूर्त सटको निर्देशन गरेका थिए।

फिल्ममा लक्ष्मीनाथ शर्मा मौदगल्यान, सरिता राजोपाध्याय, घनश्याम गौतम, गायत्री पाण्डे, युगज्योति क्रियाशील गौतम, शारदाकान्त अधिकारी, राजेन्द्र श्रेष्ठ, केदार खड्का, सुभास मिश्र, शौरभ थापा, रोजिना भण्डारी, सुषमा पाठक तथा बालकलाकारहरु स्वर्णिम मिश्र र दिमिल्जा बिशंखेले अभिनय गर्नेछन्।

लक्ष्मीनाथ मौदगल्यानको निर्देशन रहने फिल्ममा सुमन तिमिल्सिनाको लगानी रहनेछ भने रवि सायमीको छायांकन, ठाकुरप्रताप दुलालको कथा र संगीत र राजन शाहीको नृत्य रहनेछ। फिल्मको सुटिङ ललितपुरको लेलेमा हुने जनाइएको छ।

नेपाली चलचित्रको सम्मानमा
कामना फिल्म अवार्डस् २०७४
सहभागिताका लागि आवेदन भर्नुहोस्




लाखौं पाठकको एक मात्र प्रिय सिने मासिक कामनाले नेपाली चलचित्र र चलचित्रकर्मीको सम्मानमा सीजी इन्टरटेनमेन्टसँगको सहकार्यमा आयोजना गर्दै आएको कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुनका लागि २०७३ साल वैशाख १ देखि चैत्र मसान्तसम्म सार्वजनिक सिनेमा हलमा प्रदर्शनमा आएका नेपाली चलचित्रलाई आवेदन भर्न आह्वान गरिन्छ ।

**कामना फिल्म अवार्डस् २०७४** मा सहभागी हुन इच्छुक नेपाली भाषामा बनेका कथानक चलचित्रका निर्माताहरुले कामना न्युज पब्लिकेसन्स्को कार्यालयमा सम्पर्क राखी आवेदनका साथ चलचित्र विकास बोर्डबाट प्राप्त चलचित्र निर्माण इजाजतपत्रको छायाछवि पेस गर्नुहुन अनुरोध छ ।

**पुनश्च :** केवल च्यारिटी शो मात्र भएका चलचित्र कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुन सक्ने छैनन् ।

**आवेदन दर्ता गर्नुपर्ने मिति :** २०७४ साल भदौ ७ गतेसम्म
**आवेदनका लागि सम्पर्क :** कामना न्युज पब्लिकेसन्स्, कामना प्लाजा, भीमसेनस्थान, कामठाडौं
**फोन** : ४२६११७६, **फ्याक्स** : ४२१८६६०

CG Entertainment
Presents
LUX Kamana Awards

# विचार

{ धनी र गरिबबीचको फरक कति थोरै छ, एकै दिनको भोक र एकै घण्टाको प्यासले दुवैलाई समान बनाइदिन्छ।

– खलिल जिब्रान

{ तिनीहरूले जे पनि गर्न सक्छन्, किनभने तिनीहरूले गर्न सक्छु भनेर भित्रैदेखि सोच्न सक्छन्।

– भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र

# फेरि अनशन बस्न नपरोस्

समग्र चिकित्सा क्षेत्रलाई गुणस्तरीय र सर्वसुलभ बनाउने उद्देश्यका साथ विभिन्न माग राखी ११ पटक आमरण अनशन बसेका प्रा.डा. गोविन्द केसीले २३ औं दिनमा अनशन स्थगित गरेका छन् । हालसम्म पटक–पटक गरी १ सय ४० दिन अनशन बसिसकेका डा. केसीको मागलाई सरकारले नाजायज भनेको छैन । पटक–पटकको अनशनमा माग पूरा गर्ने भनी सरकारले गरेको सम्झौता कार्यान्वयन नहुँदा उनको आन्दोलन जारी रहेको हो । अहिले पछिल्लो पटकको अनशनका अवसरमा तराई क्षेत्रमा आएको बाढीले ठूलो जनधनको क्षति पुऱ्याएपछि आफ्नो माग पूरा नभए पनि उनले अनशन स्थगित गरेका छन् । मुलुक प्राकृतिक विपत्तिमा परेका कारण अहिले अनशन तोड्नुपरे पनि आफ्ना माग पूरा नगरिए उनले पुनः अनशन बस्ने चेतावनी दिएका छन् ।

सरकारले डा. केसीका माग सम्बोधन गर्न ढिलाइ गरिरहेको बेला उनले कुनै सम्झौताविना नै अनशन स्थगित गरेका छन् । एघारौं अनशनमा उनले अघि सारेका सातवटा मागमध्ये मुख्य माग संसद्मा विचाराधीन चिकित्सा शिक्षा विधेयकलाई माथेमा आयोगको प्रतिवेदनको मर्मअनुसार तत्काल पारित गर्नुपर्ने रहेको थियो । त्यस्तै चिकित्साशास्त्र अध्ययन संस्थानलाई त्रिविबाट स्वयत्तता गराउनुपर्ने, त्रिवि अस्पतालको शैक्षिक कार्यक्रम र सेवाप्रवाहको सम्पूर्ण आर्थिक भार राज्यले व्यहोर्नुपर्ने, नर्स, आवासीय चिकित्सक र विद्यार्थीका लागि नयाँ आवास तथा छात्रावासको व्यवस्था गर्नुपर्ने अन्य मागहरु रहेका छन् । यसका अतिरिक्त अस्पतालको औषधि पसल विस्तार र सही व्यवस्थापन गरेर आउने बिरामी सबैलाई सस्तो र गुणस्तरीय औषधि उपलब्ध गराउनुपर्ने, संविधानमा लेखिएबमोजिम सबै खालको इमर्जेन्सी सेवा पूर्णरुपमा निःशुल्क गर्नुपर्ने र शौचालय थप्नुपर्ने, सरसफाइका लागि आवश्यक सामग्री व्यवस्था गर्नुपर्ने पनि उनका मागहरु रहेका छन् ।

चिकित्सा शिक्षा आयोग गठन नभएसम्म सबै तहको शुल्क सरकारले निर्धारण गर्नुपर्ने, चिकित्सा शिक्षा शुल्कमा एकरुपता हुनुपर्ने, १० वर्षसम्म काठमाडौं उपत्यकामा मेडिकल कलेजलाई सम्बन्धन दिन नहुनेलगायतका माग कार्यान्वयन नगरेमा फेरि अनशन बस्ने अडानमा डा. केसी रहेका छन् । डा. केसीले उठाएको मुख्य मागमा सरकारलगायत प्रमुख दलहरुले पछिल्लो समय धेरै छलफल गरे पनि कार्यान्वयन भएको छैन । माथेमा प्रतिवेदनअनुरुप दिएको सुझाव समेटेर चिकित्सा ऐन नबनाए फेरि अनशन बस्ने डा. केसीले बताएका छन् । माथेमा प्रतिवेदनअनुरुप चिकित्सा शिक्षा ऐन तत्काल पारित गर्नु नै पहिलो माग राखेका डा. केसीलाई पुनः अनशन बस्न नपर्ने वातावरण बनाउन अहिलेदेखि नै सरकार तथा सांसदहरुले तदारुकता देखाउनुपर्छ । समग्र स्वास्थ्य क्षेत्र सुधारको आन्दोलनमा अग्रसर डा. केसीलाई फेरि अनशन बस्ने वातावरण सृजना नगरियोस् ।

# प्राकृतिक विपत्तिमा कमजोर पूर्वतयारी



रमेश घिमिरे

देशभर यतिखेर बाढी, पहिरो, भूक्षय, नदीकटानजस्ता विविध प्राकृतिक प्रकोपका आततायी घटनाहरुबाट लाखौं नेपाली आक्रान्त भइरहेका छन्। ती घटनामा हालसम्म १२० जनाभन्दा बढी नागरिकको अनाहकमा ज्यान गुमेको छ। धेरै हराइरहेका छन्। हजारौं विस्थापित भएका छन्। पूर्वको झापादेखि पश्चिमको कैलाली, कञ्चनपुरसम्मको तराई मधेसका धेरै बस्ती डुबेका छन्। डुबानकै कारण शव व्यवस्थापन गर्न र पाल राखेर अस्थायी बसोबास स्थल बनाउन हम्मे परेको छ। उदाहरणको रुपमा रौतहटमा एक मृतक बालिकालाई गाड्ने ठाउँको अभावमा उनका आफन्तले पानीमा बगाइदिएको पत्रपत्रिकामा छापिएको फोटोलाई लिन सकिन्छ। विस्थापितहरु बसेको अस्थायी बसोबास स्थलमा महामारीको खतरा बढेको छ। हैजा, झाडापखाला, इन्फ्लुएन्जाजस्ता सरुवा रोगको प्रकोपका साथै सर्पदंशको घटना बढ्न सक्ने खतरा विद्यमान छ।

विपत्तिको यो घडीमा सरकारले संयमता अपनाउन उर्दी जाहेर गरेको छ। बाढीबाट मृत्यु भएका परिवारलाई २ लाख रुपियाँ क्षतिपूर्ति दिने र घर मर्मतका लागि तत्काल १० हजार दिने निर्णय गरेको छ। तर, उसका तर्फबाट जनताको जीउज्यानको रक्षा गर्ने सन्दर्भमा जति सक्दो छिटो गर्नुपर्ने घाइतेको उपचार, पीडितको उद्धार र राहत वितरण तथा वैकल्पिक बसोबासको व्यवस्थाजस्ता कार्यहरु अपेक्षित गतिमा हुन सकेका छैनन्। अब पानीको सतह घटिसकेको छ। विस्थापितलाई यथाशीघ्र राहत वितरण र अस्थायी बसोबासको प्रबन्ध मिलाउनु सरकारको पहिलो दायित्व हुन्छ।

हरेक वर्ष बंगालको खाडीबाट आउने जलवाष्पयुक्त वायुका कारण नेपालमा मनसुन शुरु हुन्छ। मनसुनको सक्रियतासँगै बर्सेनि यस्तै प्राकृतिक प्रकोपका घटना घट्छन्। सयौंको संख्यामा मानिस मर्छन्, विस्थापित हुन्छन्। मनसुन जब सकिन्छ, सबै सामसुम हुन्छ। सरकार केही राहत दिएर थामथुम पार्छ। तर दीर्घकालीनरुपमा समस्या समाधानका लागि कसैले सोचेको देखिँदैन। फेरि जाडो आउँछ, तराईमा शीतलहरका घटना बढ्छन्। गरिबको लाउने न्याना लुगाको अभावमा अकालमा ज्यान जान्छ। सरकार र संस्थाहरु केही कम्बल र कपडाहरु बाँड्छन्। जाडो सकिएपछि चैत-वैशाख आउँछ। हुरीबतास, आगलागीका घटना बढ्छन्। तराईमा बस्ती नै ध्वस्त हुने गरी आगलागी हुन्छ। पहाडका हरिया वनजंगल आगोले निल्छ। सरकार विपत्ति परेपछि सोच्छ। हामी नेपाली विपत्ति आउनुभन्दा अगाडि पूर्वतयारी गर्दैनौं। समस्या हामीमा पनि छ, सरकारमा अझ धेरै छ।

> हरेक वर्ष बंगालको खाडीबाट आउने जलवाष्पयुक्त वायुका कारण नेपालमा मनसुन शुरु हुन्छ। मनसुनको सक्रियतासँगै बर्सेनि यस्तै प्राकृतिक प्रकोपका घटना घट्छन्। सयौंको संख्यामा मानिस मर्छन्, विस्थापित हुन्छन्। मनसुन जब सकिन्छ, सबै सामसुम हुन्छ। सरकार केही राहत दिएर थामथुम पार्छ। तर दीर्घकालीनरुपमा समस्या समाधानका लागि कसैले सोचेको देखिँदैन।

राजधानी काठमाडौंकै सडक सुरक्षित छैन। पिच गरिसकेपछि पाइप बिच्छ्याउने काम हुन्छ। जसको कारण यहाँको सडक अत्यधिक धूलो उड्ने र पानी परेपछि जलमग्न हुन्छन्। सडकमा बनाइएका खाल्डाखुल्डी पुर्न पनि प्रधानमन्त्रीको आदेश नआई काम हुँदैन। त्यो आदेश पनि सडकमा बाढी आउँदा खाल्डोमा परेर कुनै बालिकाको ज्यान गएको घटनापछि आउँछ। राजधानी काठमाडौंकै यो हालत छ भने बाहिरको के होला ? सजिलै अनुमान गर्न सकिन्छ। गत साता रौतहटको गौरमा सडकमा खनिएको खाल्डोमा पुरिएर चारजना बालिकाको मृत्यु भएको घटनाले सञ्चारमाध्यममा स्पेस पायो। उक्त घटनामा सडक विभाग र सिडियो कार्यालयबीचको आरोप-प्रत्यारोप हेर्नलायकको देखिन्थ्यो। यसले के इंगित गर्छ भने, नेपालमा विपत्को पूर्वतयारी र व्यवस्थापनको बारेमा सरकारी निकायहरुबीच समन्वयको अभाव, प्रशासनिक ढिलासुस्ती तथा बाध्यात्मक नीति-नियमको तर्जुमा हुन नसक्नु र विद्यमान नीति-नियमको पनि प्रभावकारी कार्योन्वयनको अभाव देखिन्छ।

दुई वर्षअगाडि नेपालमा ७.६ म्याग्निच्युटको शक्तिशाली भूकम्प गयो। नौ हजारभन्दा धेरै मानिसको मृत्यु भयो। १८ हजारभन्दा धेरै मानिस घाइते भए। अर्बौंको क्षति भयो। सरकारी, प्रशासनिकदेखि लिएर हजारौं स्कुल-कलेजहरु ध्वस्त भए। लाखौं नेपाली नागरिकको घरगोठ भत्कियो। अझै ती नागरिकको नयाँ घर बन्न सकेको छैन। टहरामै दुई हिउँदको कठ्याङ्ग्रिँदो जाडो र वर्षाको हिलो खपिसके नागरिकहरुले। अझै उनीहरुको भूकम्पप्रतिरोधी घर कहिले बन्ने हो, टुंगो छैन। भूकम्पपछिको पुनर्निर्माणका लागि भनेर पुनर्निर्माण प्राधिकरण बनेको छ। तर, त्यसको गति सुस्त छ। तत्काल गर्नुपर्ने स्कुल निर्माणदेखि धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदाको पुनर्निर्माण अपेक्षाकृत गतिमा भइरहेको देखिँदैन। विपत्मा परेका नागरिकले राहतभन्दा बढी आहत पाइरहेछन्। पहिलो किस्ताको रकम पनि कतिले पाए, कतिले पाएनन्। वास्तविक पीडितले पाउनुपर्ने रकम पाउन धेरै सास्ती र हैरानी बेहोरेका उदाहरण प्रशस्त पाइन्छन्।

हरेक प्राकृतिक प्रकोप र हताहतीपछि राहत संकलनका नाटकहरु मञ्चन हुन्छन्। राहत वास्तविक पीडितको हातमा पर्छ कि पर्दैन ? मतलब हुँदैन। राहत संकलनको नाउँमा प्रधानमन्त्री दैवीप्रकोप कोषदेखि लिएर विभिन्न सरकारी, गैरसरकारी संघसंस्थाले स्वदेश-विदेशबाट रकम संकलन गर्छन्। तर संकलन गरेको रकम कहाँ र कसरी प्रयोग भयो वा पीडितले राहतको अनुभूति गरे कि गरेनन् ? दातालाई केही थाहा हुँदैन। यवंरीतले दिनहरु बितिरहेका छन्।

हो, प्राकृतिक विपत्ति कुनै बाजा बजाएर आउँदैन। तर, त्यो भन्दैमा प्राकृतिक विपत्तिबाट हुने जस्तोसुकै क्षतिलाई टुलुटुलु आँसु पिएर सहन गर्नुपर्छ भन्ने किमार्थ होइन। किनकि, आजको युग विज्ञान र प्रविधिको युग हो। आज विज्ञान र प्रविधिले अपत्यारिलो फड्को मारिसकेको छ। हामीलाई विश्वासै नलाग्ने आविष्कारहरु भएका छन्। विज्ञानले आजको शताब्दीलाई मान्छेको जीवन कसरी बढीभन्दा बढी सुखी र खुशी बनाउने भन्नेतर्फ आफ्नो ध्यान केन्द्रित गरेर आविष्कार, खोज र अनुसन्धानहरु जारी राखेको छ।

विकट र विविधतात्मक भूगोलको अनुपम परिदृश्यमा बाँचेको नेपाल प्राकृतिक प्रकोपका घटनाहरुबाट पनि ज्यादै जोखिममा रहेको छ। भूकम्पको दृष्टिमा त झन् नेपाल विश्वको एघारौं जोखिमयुक्त देश र राजधानी काठमाडौं दोस्रो जोखिमयुक्त शहरका रुपमा दर्ज छ। साथै जलवायु परिवर्तनको ज्यादै नै उच्च जोखिममा नेपाल रहेको छ।

यी र यस्ता तथ्य एवं प्रमाणहरुमा सरकारको ध्यान जाँदैन। हाम्रा सभासदहरु जब विपत्ति पर्छ अनि कुर्लन्छन् रोस्टममा उभिएर। तर प्राकृतिक विपत्तिको असरलाई कम गरी जनसमुदायलाई भयमुक्त वातावरणमा जीवनयापन सुसञ्चालन गराउन आवश्यक नीतिगत सवालबारे केही बोल्दैनन्। सरकार प्रकोपपीडितलाई राहतस्वरुप केही रकम दिएर आफ्नो कर्तव्य सकिएको अनुभव गर्छ। नेताहरु सत्तास्वार्थमै लिप्त छन्। उनीहरुलाई वातावरणीय पक्षहरुप्रति जति मात्रामा चासो र सरोकार हुनुपर्थ्यो, हुन सकेको छैन।

हामी नेपाली पनि आफू मात्र बाँचौं, आफू मात्र हाँसौं भन्ने नै ध्याउन्नमा छौं। के बाढीले बगर बनाएका हिजोका हरिया बस्तीहरु टेलिभिजनका पर्दामा हेर्दै चुक्-चुक् गर्दैमा हाम्रो कर्तव्य पूरा हुन्छ ? मनन गरौं। निश्चितरुपमा कुनै पनि समस्याको समाधान गर्न व्यक्तिगत, पारिवारिक, सामाजिक र सरकारी उत्तरदायित्व तथा जिम्मेवारीहरु हुन्छन्, जसको यथोचित कार्यान्वयन भए मात्र पनि प्राकृतिक प्रकोपका घटनाबाट पर्ने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। व्यक्तिगतरुपमा प्राकृतिक प्रकोप र यसको क्षति न्यूनीकरणबारे जनसमुदायमा चेतना अभिवृद्धि गर्ने, वृक्षरोपण गर्ने, वनविनाशलाई निरुत्साहित गर्ने, सरकारलाई घचघच्याउने जस्ता काम हामी गर्न सक्छौं। हामीले हाम्रो स्तरबाट हुने ती देख्दा झीना-मसिना लाग्ने तर भविष्यमा दूरगामी प्रभाव पार्ने कामहरु गर्नतर्फ ध्यान दिनु आवश्यक छ।

सरकारीस्तरबाट प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनबाट हुने असरलाई कम गरी हाम्रो वातावरणलाई सबैका र सँधैका लागि बाँच्न र हाँस्न योग्य बनाउनका निम्ति पूर्वतयारीका यथोचित पहलहरु गर्न ढिला भइसकेको छ। विद्यार्थी, शिक्षक, नेता, पत्रकार, बुद्धिजीवी, कर्मचारीलगायत सबै तह र तप्काका नागरिकहरु एकजुट भएर प्रकोपभन्दा अगाडिको पूर्वतयारीबारे आजैदेखि सबैलाई सचेत र सुसूचित गराउन लाग्यौं भने आगामी वर्षहरुदेखि प्राकृतिक विपत्तिबाट यति धेरै नागरिकले ज्यान गुमाउने परिस्थिति सिर्जना हुँदैनथ्यो कि ?

अत्याधुनिक प्रविधि तथा उपकरणहरुको प्रयोग गरेर बाढी-पहिरो आउने सम्भावित जोखिमका क्षेत्रहरुमा बसोबास गर्ने जनसमुदायलाई सुसूचित गरी उनीहरुलाई विपत्ति आउनुपहिले नै वैकल्पिक बसोबासको व्यवस्था गर्न सक्नुपर्छ। जल तथा मौसम विज्ञान विभागलाई थप वैज्ञानिक, व्यवस्थित, विश्वसनीय, स्रोत-साधन सम्पन्न र नवीनतम् प्रविधियुक्त बनाउनुपर्ने पनि टड्कारो आवश्यकता छ। यी र यस्ता कुराहरुमा सरकारको ध्यान जाओस्। आगामी दिनहरुमा यसरी प्राकृतिक विपत्तिकै कारण ठूलो सङ्ख्यामा मानिसले ज्यान गुमाउनु नपरोस्। 'रात रहे अग्राख पलाउँछ' भनेझैं बर्सेनि विपत्तिको लाचार साक्षी भएर आफ्नो निरीहता प्रदर्शन गरिरहनुभन्दा सरकारले त्यसतर्फ बेलैमा ध्यान दिनु अत्यावश्यक छ। बेला घर्किएपछि पछुताउनुभन्दा बेला छँदै बुद्धिमतापूर्ण निर्णय लिँदा सबैले सधैंका लागि यथोचित राहतको अनुभूति गर्ने थिए।

## पाठक पत्र

### विमान नचल्दा तनाव भयो

पर्यटकीय क्षेत्र लुक्लामा रहेको तेन्जिङ हिलारी विमानस्थलमा मौसम खराबीका कारण गएको एक साताभन्दा बढीदेखि उडान प्रभावित हुँदा पर्यटक रोकिएका छन्। बाक्लो हुस्सु तथा लगातारको वर्षाका कारण बितेको आठ दिनयता उडान हुन नसकेको खबर सञ्चारमाध्यममा पनि आइरहेको छ। उडान हुन नसक्दा खुम्बु घुमेर फर्कन लागेका करिब एक सय पर्यटक लुक्लामा रोकिएको अवस्था छ।

अहिले पर्यटक आउने मौसममा दैनिक चार-पाँचवटा उडान हुने गरेकामा आठ दिनदेखि ठप्प छ। लगातारको मौसम खराबीका कारण केही पर्यटक लुक्लाभन्दा केही तल सुर्केमा हेलिकोप्टर मगाएर राजधानी फर्केका छन् भने केही फाप्लुतर्फ पैदल हिँडेका छन्। यहाँ पर्यटकको बिजोग छ। लुक्लाबाट फाप्लु पुग्न सामान्यतया पर्यटकका लागि तीन दिनभन्दा बढी पैदल हिँड्नुपर्छ। जिल्लाको अर्को विमानस्थल फाप्लुमा पनि करिब एक महिनायता उडान हुन सकेको छैन। फाप्लुबाट बाटो बनेकाले खासै समस्या छैन तर यहाँ साह्रै तनाव छ। सरकारले विकट ठाउँमा सडक सञ्जाल जोड्ने व्यवस्था मिलाउन जरुरी छ।

*- हरिबहादुर बम, सोलुखुम्बु*

### ताप्लेजुङकी सृजनाको हत्यारा खोई ?

ताप्लेजुङको निघुरादिनमा हत्या भएकी सृजना कुरुम्बाङ थलङको हत्याको विषयलाई प्रहरीले गम्भीरताका साथ नलिएको देखिएको छ। घटनामा संलग्नलाई केही दिन नियन्त्रणमा लिई सामान्य तारेखमा छाडेको र घटनामा संलग्नको नामसहित दिएको जाहेरीसमेत प्रहरीले लिन नमानेको पीडितको गुनासो अहिले सुन्नमा आएको छ। गत असार ३० गते बिहान आफ्नै घरनजिकैको मकैबारीमा हत्या गरिएको अवस्थामा भेटिएकी सृजनालाई उनकै देवर प्रकाश थलङ, देवरानी रीता चोङ्बाङ, नन्द पूर्णिमाया थलङ, सासू मनमाया थलङ, नन्द मालती थलङसहित सात जनाले हत्या गरेको मृतकका दाजु राजकुमार कुरुम्बाङको दाबी रहँदै आएको छ। तर प्रहरीले आधिकारिक कुरो बाहिर ल्याएको छैन।

श्रीमान दिलीप थलङ वैदेशिक रोजगारीमा कतार गएका र मृतक सृजना ६ वर्षीय छोरा विप्लवसँगै छुट्टै घरमा बस्दै आएकी थिइन्। असार २९ गते राति आमा बाहिर निस्किएको र आमा घरभित्र नआउँदा छोरा विप्लव पनि बाहिर निस्कँदा फुपूहरुले आमालाई कुटेको आफूले देखेको बालक विप्लवले बताए पनि प्रहरीले पक्राउ परेका मृतकका नन्द र देउरानीलाई साधारण तारिकमा छाड्न लागेको मृतकका दाजु राजकुमारले अहिले पनि बताइरहेका छन्। यो कुरा मिडियामा पनि आइसकेको छ। मृतकको शव फेला परेको स्थानमा नन्दको हातमा लगाउने सिक्री (ब्रासलेट) समेत फेला परे पनि प्रहरी भने पक्राउ परेकालाई छाड्नेतर्फ लागेको आरोप लागेको छ। त्यसैले प्रहरीले आधिकारिक कुरा बाहिर ल्याउन जरुरी छ।

प्रहरी संगठनलाई नै दाग लाग्ने गरी आरोप आउँदा खण्डन गर्न सक्नुपर्छ। प्रहरीले घटनामा संलग्न भनिएका नन्दहरुसहित पाँच जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको बताएको कुरा पनि बाहिर आएको छ। विभिन्न कानुनी अड्चन भए पनि दोषी उम्कनुहुँदैन र निर्दोषले सजाय पाउनुहुँदैन। यो विषयमा प्रहरीले आधिकारिक कुरा बाहिर ल्याओस्।

*- हरिशरण कुरुम्बाङ, ताप्लेजुङ*

### सतर्कता केन्द्र सतर्क भएन

सरकारी निकायको अनियमितता छानबिन गर्ने राष्ट्रिय सतर्कता केन्द्र एक महिनाभन्दा लामो समयदेखि सचिवविहीन भएको खबर आइरहेको छ। नेतृत्वविहीन हुँदा केन्द्रका नियमित काम कारबाहीसमेत प्रभावित भएका चर्चा छ। केन्द्र गत असार २८ गतेदेखि सचिवविहीन भएको हो। तत्कालीन सचिव धनबहादुर तामाङको अवकाश (रिटायर्ड) भएपछि सचिवविहीन भएको केन्द्रमा नयाँ सचिव नआउँदा सधैं सतर्क हुनुपर्ने सतर्कता केन्द्र सतर्क हुन सकेको छैन।

सरकारी कार्यालयमा भएको अनियमितताबारे अनुसन्धान गर्ने निकाय सतर्क हुन नसक्दा समस्या भएको छ। भ्रष्टाचार मौलाउँदा पनि जनताले टुलुटुलु हेरेर बस्नुबाहेक केही गर्न सकेका छैनन्। सचिव नहुँदा कर्मचारीको तलब खानसम्म समस्या भएको खबर आउँछ। कार्यालयले गर्ने अरु काम पनि सबै लथालिङ्ग भएको सहजै अनुमान गर्न सकिन्छ।

*- सरेश नेम्वाङ, भक्तपुर*

### बाढीपीडित बिरामी भइसके

विगत केही दिनयता परेको अविरल वर्षाको कारण विभिन्न जिल्लामा आएको बाढीबाट पीडित बासिन्दा बिरामी पर्न थालेका छन् भने विभिन्न किसिमको रोगको जोखिम बढ्दै गएको छ। त्यहाँ महामारी फैलने अर्को जोखिम त्यत्तिकै मात्रामा छ। पर्सा जिल्लाको पश्चिम क्षेत्रमा रहेका दुर्गम गाउँ मिर्जापुर, सम्झौता, जयमंगलपुर, भिस्वा, जानकिटोला, भिखमपुर, बन्जारेलगायतका गाउँका बाढीपीडित झाडापखाला, विषमज्वरो, रुघाखोकी, श्वासप्रश्वास, जीउ चिलाउने रोगबाट प्रभावित भएको जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साले बताइसकेको छ।

नेपालगन्जमा पनि त्यस्तै समस्या आएको समाचार आइरहेको छ। बाढीका कारण बाटोघाटो कटानमा परेकाले यातायातको असुविधाको भई दुर्गम गाउँमा औषधि पठाउन नसकिएको अर्को बाध्यता छ। यो दुःखको घडीमा आएको अर्को महामारीको समस्याले पिरोलेको छ। पर्साको भिस्वा, सम्झौता, मिर्जापुर, पकहामैनुरजस्ता दुर्गम गाउँमा औषधिको अभाव रहेको र उक्त ठाउँमा समयमै औषधि नपाए महामारी फैलिन सक्ने अर्को समस्या छ। पर्सा जिल्लाको पश्चिमी भेगमा रहेका कतिपय गाउँ विकट क्षेत्रमा रहेको र ती ठाउँमा औषधि पुऱ्याउन नसक्ने समस्या पनि आफ्नो ठाउँमा छ।

विभिन्न रोग फैलिएका कतिपय गाउँका स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी र चिकित्सक देखा नपरेको र औषधिसमेत अभाव रहेकाले बाढीपीडितले उपचार पाउन नसकेको अवस्था छ। सरकारी संयन्त्र अलि चलाख हुन पनि जरुरी छ। कतिपय ठाउँमा बाढीपीडितका लागि स्वास्थ्य शिविरसमेत सञ्चालन गर्नुपर्ने अवस्थालाई सरकारले ध्यान दिनु जरुरी छ। यहाँ बाढीपीडित खुला आकाशमुनि बस्न बाध्य भएकाले महिला, बालबालिका तथा वृद्धवृद्धा विभिन्न रोगको सिकार हुने प्रबल सम्भावना छ। कतिपय त बिरामी पनि भएका छन्। उनीहरु औषधि नपाएर मर्ने अवस्था सिर्जना हुनुहुँदैन।

कतिपय गाउँमा रहेका स्वास्थ्य चौकी नै डुबानमा परेको अवस्था पनि छ। त्यहाँ रहेका औषधिसमेत नष्ट भएकाले त्यतातिर नयाँ औषधि पठाउन सरकारले ढिला गर्नुहुँदैन। डा. गोविन्द केसीले पनि अनशन तोडेको अवस्थामा अन्य स्वास्थ्यकर्मीले आफ्नो कर्तव्य सम्झेर स्वास्थ्य सेवा पुऱ्याउनु जरुरी छ।


*- मधुसूदन तामाङ, पर्सा*

## सामाजिक सञ्जाल



कसैले मलाई सोध्यो, 'अहिलेसम्म जिन्दगीमा तिमीले के गऱ्यौ ?' मैले पनि हाँसी-हाँसी जवाफ दिएँ, 'आजसम्म कसैसँग कुनै छलकपट गरिनँ।'

**Jayanti khanal**
**@10_jayanti**



भारतसँगका सम्पूर्ण नदीसम्बन्धी सन्धि खारेज गर्नुपर्छ। नदी कटान रोक्न बाँध निर्माण गरी आसपासका सबैलाई सुरक्षित स्थानमा पुनर्वास गराउनुपर्छ।

**Nirmal Bhandari**
**@Bhandarinirmal5**



यदि संविधान संशोधन भएन भने यसको अर्थ राजपा मुद्दाबाट पछाडि हट्यो भन्ने होइन। बरु त्यही मुद्दालाई जनमतबाट अनुमोदन गराउने अपूर्व अवसर पनि हो।

**बुद्धि पाण्डे**
**@buddhipandey4**

अविरल वर्षापछिको बाढी-पहिरो र डुबानबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै राष्ट्रपतिले खाद्यान्न औषधिलगायत अत्यावश्यक सामग्रीको अभाव हुन नदिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

# नेपाल

# दुई फरार अभियुक्त पक्राउ

**नेपाल समाचारपत्र**

काठमाडौं

लागूऔषध मुद्दामा फरार रहेका प्रतिवादी काठमाडौं चन्द्रागिरी नगरपालिका-१९ बस्ने सुरज महर्जनलाई केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जको प्रहरीले काठमाडौं नैकापबाट बुधबार पक्राउ गरेको छ।

महर्जनसमेत भएको लागूऔषध ब्राउनसुगर र डाइजेपामसमेत मुद्दामा काठमाडौं जिल्ला अदालतको २०७१ भदौ ८ गतेको फैसलाले महर्जनलाई ५ वर्ष कैद र १ लाख ५ हजार रुपियाँ जरिवाना हुने ठहर भएको र उक्त सजाय बेरुजु रही हालसम्म फरार रहेका थिए। २०६९ सालमा काठमाडौं नागढुंगामा महर्जनको साथबाट १ ग्राम खैरो हेरोइन र १ सय ८० पिस मनोद्दिपक पदार्थ नाइट्रोजेपाम रहेको नाइट्रोसन बरामद भएकोमा अदालतले उक्त सजाय गरेको थियो। महर्जनलाई फैसला कार्यान्वयनका लागि उक्त ब्युरोले काठमाडौं जिल्ला अदालतमा पेस गरेकोमा अदालतको आदेशले कैद भुक्तानका लागि केन्द्रीय कारागार कार्यालय सुन्धारा काठमाडौं पठाइएको छ।

यसै गरी २०७१ सालमा २० केजी सुन लुटपाटको कसुरमा सिन्धुपाल्चोक कारागारमा २ करोड धरौटी राख्न नसकी थुनामा रहेको अवस्थामा २०७२ वैशाख १२ को भूकम्पको कारण कारागार भत्कन गई भागी फरार भएका सिन्धुपाल्चोकको भोटेकोशी-११ बस्ने लिस्ती-४ का दावा लामालाई काठमाडौं बूढानीलकण्ठ नगरपालिका-८ गल्फुटारस्थित सडकमा हिँडिरहेको अवस्थामा मंगलबार प्रहरीले पक्राउ गरेको छ।

**अवैध सामानसहित पक्राउ**

काठमाडौं, (नेस)। सुन्दरबस्ती गोल्फुटार-४ बस्ने इलामको पशुपतिनगर-४ का पुजन गुप्ता साहलाई भन्सार छली ल्याएका सामानसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कार पार्किङ क्षेत्रमा बाहिरी देशबाट आएका यात्रुहरूबाट अवैधरूपमा भन्सार छली संकलन गरी लैजान लागेको अवस्थामा ५ थानको गरी करिब १ लाख रुपियाँ मूल्य बराबरका ५ थान टिभीसहित उनलाई प्रहरीले पक्राउ गरेको हो।

# राष्ट्रपतिसँग प्रमको भेटघाट

काठमाडौं, (नेस)

राष्ट्रपति विद्यादेवी भण्डारीसँग प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार बिहान भेट गर्नुभयो।

अविरल वर्षापछिको बाढी-पहिरो र डुबानबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै राष्ट्रपतिले खाद्यान्न औषधिलगायत अत्यावश्यक सामग्रीको अभाव हुन नदिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

राष्ट्रपतिले सो अवसरमा उद्धार तथा राहतका कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्न र त्यस निम्ति स्काउट, राष्ट्रिय सेवा दल, सामुदायिक संघ-संस्था र निजी क्षेत्रलाई परिचालन गर्न आग्रह गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ।

साथै राष्ट्रपतिले विपद् व्यवस्थापनका लागि तत्कालीन एवं दीर्घकालीन योजना बनाएर अघि बढ्न सुझाव दिँदै भविष्यमा यस्ता प्राकृतिक विपत्तिका बेला सजग र सर्तक रहन आवश्यक पर्ने उपाय अवलम्बन गर्न पनि प्रधानमन्त्रीलाई सुझाव दिनुभएको थियो।

# जुजु धौः धान्नै धौ-धौ

हरि ढकाल, काठमाडौं



भक्तपुरको जुजु धौ सबैको मुखमा झुण्डिने विषय हो। जुजु भनेको राजा र धौ भनेको दही भनिने भएकाले नेवारी भाषामा यसलाई दहीको राजा भन्न खोजिएको विज्ञहरू बताउँछन्। यो जुजु धौको नाम चलेको भए पनि यसलाई कायम राख्न भने अहिलेको पुस्तालाई धौ-धौ परेको सम्बद्धहरू नै बताउँछन्।

अस्टराम सैजु यस्तै एक जुजु धौ व्यापारी हुनुहुन्छ। उहाँको पुस्ताले विगत २ सय वर्षअघिदेखि नै भक्तपुरमा यो व्यवसाय गर्दै आएको छ। तर, पहिले जस्तो जु जु धौ व्यापारमा मात्रै निर्भर भएर अहिले खर्च नचल्ने उहाँको भोगाई रहेको छ। 'पहिले दूध लिन टाढा जान पर्दैनथ्यो गाउँमै भैंसी पाल्ने गर्थे। तर, अहिले दूध संकलन गर्न ने धेरै टाढा जानुपर्छ' -उहाँको भनाइ रहेको छ।

केही समययता दुग्ध डेरीले घरनजिकै दही बेच्न शुरू गरेकाले पनि अझ जुजु धौको व्यापार घट्दै गएको उहाँको भनाइ रहेको छ। ४० प्रतिशत दूध घटाएर ल्वाङ, सुकुमेल र चिनी मिसाएर जुजु धौ बनाइने गरेको बनाइने गरेको छ। १ लिटरलाई १ सय ८० रुपियाँमा जुजु धौ बेच्दा १० रुपियाँजति फाइदा हुने गरेको उहाँले बताउनुभयो।

सित्तिमाया सिन्तकलाले भन्नुभयो- 'बिहे गरेर आएको दिनबाट म यही व्यापार गर्दै छु, ससुराले गर्दै आउनुभएको पेसा आज म गर्दै छु। जुजु धौं पेसाबाटै घर चलेको छ। बालबच्चा पढाएकी छु।'

दूधलाई ३ घण्टामा जुजु धौ बनाउन सकिने र फ्रिजमा राखेपछि लामो समय राख्न सकिने पनि उहाँले बताउनुभयो। दूधलाई धानको भुसमा ३ घण्टा राखेर बनाइएको जुजु धौबाट प्रतिलिटर १० रुपियाँ फाइदा हुने गरेको उहाँको भनाइ छ। घरमै बसेर आफ्नो व्यवसायबाट भएको उक्त फाइदामा आफू सन्तुष्ट भएको उहाँ बताउनुहुन्छ।

*(प्रशिक्षार्थी)*

# उद्धार तथा राहतवितरण गर्दै सेना

**नेपाल समाचारपत्र**

काठमाडौं

अविरल वर्षापछि आएको बाढी तथा पहिरो पीडितको उद्धारमा खटिएको सेनाको उद्धार टोलीले बुधबार पनि विभिन्न जिल्लामा अलपत्र परेकाहरूको उद्धार गर्नुका साथै राहत सामग्री पनि वितरण गरेको छ।

स्थानीय प्रशासनसँग समन्वयमा नेपाली सेनाले हेलिकोप्टरसमेत प्रयोग गरी उद्धार कार्यलाई तीव्रता दिएको नेपाली सेनाले जनाएको छ। सोही क्रममा गौर नगरपालिकाको बेलबिछुवा र वसन्तपुर क्षेत्रमा २ सय ३० घरधुरीलाई विभिन्न राहत वितरण गरेको छ।

त्यसै गरी उद्धार तथा राहत वितरणकै क्रममा नेपाली सेनाको हेलिकोप्टर तथा ट्रकमार्फत् सप्तरीको कुशाहा, कोइलाढी, तिलाठी, रामपुरमलनिया र शंखरापुर क्षेत्रमा खाद्यान्न ढुवानी गरी ४ हजार ६ सय ४६ परिवारलाई वितरण गरेको छ।

राहत वितरणको अतिरिक्त सुनसरी जिल्लामा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले जिल्लाको कृष्ण प्रणामी मन्दिरमा आश्राय लिई बसेका महिला तथा बालबालिका २ सय जनालाई स्वास्थ्य उपचार तथा निःशुल्क औषधि वितरण गरेको छ। त्यसै गरी स्थानीय युनिटले रौतहटको गरुडा, सिसवा र बरियारपुर इलाकामा घाइते तथा बिरामी ९० जनाको उपचार गरेको छ।

उपचारको साथसाथै नेपाली सेनाबाट खटिएका उद्धार टोलीले जीर्ण घरमा पुरिएका सामानहरू बाहिर निकाल्ने तथा घरभित्र रहेका बालुवा तथा हिलो हटाई बस्न योग्य बनाउने, अवरुद्ध सडकका खाल्डाखुल्डी पुरी सडक सुचारु गराउने, जलकुम्भी हटाई पानीको निकास दिने, हिलो तथा अन्य अवरोध पन्छाई एयरपोर्ट सञ्चालन गर्न मद्दत गर्नुका साथै बाढी तथा पहिरोमा हराई रहेका व्यक्तिको खोजीलाई तीव्रता दिएको छ। सोही क्रममा मोरङमा तैनाथ युनिटबाट खटिएको उद्धार टोलीले विराटनगर विमानस्थलको धावनमार्गमा थुप्रिएको हिलोमाटो हटाई धावनमार्ग सञ्चालनमा ल्याउन सहयोग गर्नुको साथै, जिल्लाको सुन्दरहरैंचास्थित लक्ष्मीनारायण मन्दिर इलाकमा बेपत्ता भएका ३ जना वृद्धा तथा बुढीखोला र गछिया खोलाको दोभानमा शवहरू पुरिएको आशंकामा खोजीकार्य तीव्र पारेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ।

# लडेर मृत्यु

काठमाडौं, (नेस)

कीर्तिपुर नगरपालिका-१० बाहिरी गाउँ डेरा गरी बस्ने मकवानपुर कैलाश गाउँपालिका-३ कालिकाटार घर भएका १९ वर्षीय सुमन सिंहको लडेर मृत्यु भएको छ। कीर्तिपुर नगरपालिका-२ गल्छीटोलस्थित नारायण महर्जनको नयाँ घर निर्माण गर्ने क्रममा मंगलबार घरको ३ तलामाथिबाट लडेर गम्भीर घाइते भएका सिंहको वयोधा अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको थियो।

# धनमाल चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ भूगोलडाँडा डेरा गरी बस्ने काभ्रे तिमाल गाउँपालिका-५ घर भएकी अञ्जना रसाइलीको कोठाबाट मंगबलार सुनको मंगलसूत्र र चुरा गरी करिब १ लाख १० हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

**कोटेश्वर बहुमुखी क्याम्पस**

**उपप्राध्यापक तथा कर्मचारीको आवश्यकता**

कक्षा ११ को मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र संकायमा सिमित सिट बाँकी

१. पदः उप-प्राध्यापक (करार)
- अंग्रेजी (१ जना मानविकी तर्फ)
- लेखाशास्त्र (१ जना)
- समाजशास्त्र (२ जना)

न्यूनतम् योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह (न्यूनतम् द्वितीय श्रेणीमा) उत्तीर्ण

२. पदः Receptionist/Office Secretary (१ जना)
३. कार्यालय सहायक (१ जना)

न्यूनतम् योग्यता:
- मान्यता प्राप्त विश्वविद्यालयबाट न्यूनतम् स्नातक तह उत्तीर्ण ।
- अंग्रेजी बोल्न र लेख्न सक्ने
- कम्प्युटरमा नेपाली टाइप गर्न सक्ने ।
- कम्प्युटर Software बाट परीक्षाको काम गर्न सक्ने ।
- आकर्षक व्यक्तित्व भएको ।

**आवेदन दिने अन्तिम मिति : २०७४/०५/०७ गते**

- एस.एल.सी. देखि माथिका सम्पूर्ण प्रमाणपत्रहरू र नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने ।
- विस्तृत विवरण क्याम्पस प्रशासनबाट प्राप्त गर्न सकिने छ ।
- No further recommendation shall be entertained. If it happens forms will be outright rejected.

*Only Short listed Candidates will be called for Interview/Practical.*

**सम्पर्क**: 01-4155266,01-4155145 (विहान ६:३० देखि ९:३०)
**आवेदन दस्तुर**: रू. ५००/- (फिर्ता नहुने)
**तलब स्केल**: क्याम्पसको नियमानुसार । **क्याम्पस प्रमुख**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
**डिभिजन कार्यालय**
पर्सा, वीरगंज

**मौजुदा सूची अद्यावधिक/तयार गर्ने सम्वन्धी सूचना !**

प्रथम पटक प्रकाशित मिति २०७४/०५/०१

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७४/०७५ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा ६, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिद कार्यका लागि मौजुदा सूची अद्यावधिक गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिमका कागजातहरु सहित यस कार्यालयमा निवेदन दिनु हुन जानकारी गराईन्छ ।

डिभिजन प्रमुख

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Hulaki Rajmarga Project**

**Amendment No.1 of Notice No.: 02-2074/75**

**Date: 2074/05/01**

**Following correction has been made in Minimum Work Experience (key activities) of the Notice 02-2074/75 published by the Project in Nepal Samacharpatra National Daily on 2074/04/32.**

Road Construction work within any one year in the last ten (10) years (From F/Y 2064/65 to F/Y 2073/74)

| S.N. | Contract No. | Minimum Work Experience (key activities): |
|---|---|---|
| 1 | HRP/3372244/ 074/75/UR-005 | Road Construction work with at least 52,000 Sqm top exposed finished surface area of DBSD/DBST or Premix Carpet work or 2600 Cum. of Asphalt Concrete works |
| 2 | HRP/3372244/ 074/75/UR-006 | Road Construction work with at least 31,000 Sqm top exposed finished surface area of DBSD/DBST or Premix Carpet work or 1500 Cum. of Asphalt Concrete works |
| 3 | HRP/3372244/ 074/75/UR-007 | Road Construction work with at least 47,000 Sqm top exposed finished surface area of DBSD/DBST or Premix Carpet work or 2300 Cum. of Asphalt Concrete works |
| 4 | HRP/3372244/ 074/75/UR-008 | Road Construction work with at least 49,000 Sqm top exposed finished surface area of DBSD/DBST or Premix Carpet work or 2400 Cum. of Asphalt Concrete works |

Project Director

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : मध्याह्नसम्म राम्रो छैन, त्यसपछि खाद्य सामग्री प्राप्त, कार्य सफल।
**वृष** : काम हुने, भाग्योदय, धनलाभ तर दिउँसोदेखि मन चञ्चल, क्षति।
**मिथुन** : शुरुमा झै-झगडा, खर्च भए पनि मध्याह्नदेखि लाभ, सुख-शान्ति।
**कर्कट** : द्रव्यलाभ, मिष्ठान्न भोजन, सुखद् यात्रा तर मध्याह्नबाट राम्रो छैन।
**सिंह** : समय शुभ छ, आँटेको काम पूरा हुने, धनलाभ, विद्याप्राप्ति।
**कन्या** : बिहान राज्यभय, असफलता तर दिउँसोदेखि कार्यसिद्धि, सुख-सन्तोष।
**तुला** : अस्वस्थता, व्यापारमा असफलता, मान-सम्मानमा बाधा, खर्च।
**वृश्चिक** : शुरुमा मान, धनलाभ तर मध्याह्नदेखि कष्ट, कार्यबाधा।
**धनु** : पढाइ, जागिर, मुद्दा मामिलामा विजय, धनलाभ, मान-सम्मान।
**मकर** : शुरुमा पेट गडबड भए पनि दिउँसोबाट आर्थिक लाभ, विजय।
**कुम्भ** : दिनचर्या अस्तव्यस्त, झमेला, तनाव बढ्नाले शारीरिक अस्वस्थता।
**मीन** : लाभ, प्रसन्नता तर दिउँसोबाट भने अस्वस्थता, दौडधुप, तनाव।

# नेपाल

भूकम्पको बेला तराईका जनताले गरेको सहयोग स्मरणीय रहेको भन्दै अध्यक्ष दाहालले पहाडका जनता पनि सोही अनुरुप राहत उपलब्ध गराउने कार्यमा जुटेको बताउनुभयो।

## बाढीपीडितलाई विशेष राहत उपलब्ध गराउने प्रचण्डको प्रतिबद्धता



शिवहरिप्रसाद भट्टराई, राजविराज

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सप्तरीका बाढीपीडितलाई पार्टीले विशेष राहत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। बाढीपीडितको अवस्था हेर्न स्थलगत अनुगमन गर्न बुधबार सप्तरी आउनुभएका अध्यक्ष दाहालले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

बाढीका कारण मृत्यु भएका परिवारलाई २/२ लाख राहत रकम उपलब्ध गराउन सरकारले गरेको निर्णयबाहेक माओवादी पार्टीले विशेष राहत उपलब्ध गराउने उहाँले बताउनुभयो। भूकम्पको बेला तराईका जनताले गरेको सहयोग स्मरणीय रहेको भन्दै अध्यक्ष दाहालले पहाडका जनता पनि सोही अनुरूप राहत उपलब्ध गराउने कार्यमा जुटेको बताउनुभयो।

अविरल वर्षासँगै गत बिहीबार जिल्लास्थित खाँडो खोलामा आएको बाढीले बगाएपछि बेपत्ता भएका राजविराज नगरपालिका-१५ देउरी भरुवाका डोमी यादवको परिवारसँग भेटघाट गर्दै अध्यक्ष दाहालले शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्नुभयो। उहाँले देउरी भरुवाका १ सय ८३ बाढीपिडित परिवारलाई २५ किलो चामल र एक कार्टन चाउचाउसमेत राहत वितरण गर्नुभयो।

गृहमन्त्री जनार्दन शर्मा, आपूर्तिमन्त्री शिवकुमार मण्डललगायत सम्मिलित टोलीले यसअघि जिल्लाको कंकालनी हनुमाननगर नगरपालिका-११ स्थित इनर्वाका बाढी विस्थापित परिवारसँग समेत भेटघाट गर्नुभएको थियो।

## तीन दर्जन खानेपानी योजनामा क्षति

हेटौंडा, (नेस)

इन्द्रसरोवर गाउँपालिकामा २० वटा खानेपानी आयोजनामा क्षति पुगेको प्रारम्भिक तथ्यांक प्राप्त भएको छ। राक्सिराङ गाउँपालिकामा एक दर्जन खानेपानी आयोजनामा क्षति पुगेको अध्यक्ष राजकुमार मल्लले जानकारी दिए।

गत साताको बाढीपहिरोले मकवानपुरका करिब तीन दर्जन खानेपानी योजनामा क्षति पुगेको छ। बुधबार हेटौंडामा सम्पन्न खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति बैठकमा सहभागीले मनहरी, राक्सिराङ, बकैया, बागमती, इन्द्रसरोवर गाउँपालिका र हेटौंडा नगरका खानेपानी योजनामा बाढीले क्षति पुऱ्याएको जानकारी दिएका हुन्।

बाढीका कारण खानेपानी प्रदूषित भएकाले पीयूष, एक्वाट्याब, बाटरगार्डलगायत विधि प्रयोग गरी खानेपानी शुद्ध गर्न सर्वसाधारणमा बैठकले आग्रह गर्ने निर्णय गरेको छ। जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन खानेपानी कार्यालय, खानेपानी बोर्डमा सम्पर्क गरी पानी शुद्ध गर्ने प्रविधि लिन सकिनेछ। खानेपानी आयोजनाहरूले ब्लिचिङ पाउडर प्रयोग गर्न आग्रह गर्ने निर्णय भएको छ। बाढीका कारण खानेपानी आयोजनामा भएको क्षतिबारे यथाशीघ्र डिभिजन खानेपानी कार्यालयमा लिखितरूपमा जानकारी गराउन आग्रह गर्ने निर्णय भएको छ।

बाढीपहिरोका कारण ग्रामीण क्षेत्रमा विद्युत् र यातायात सेवा अवरुद्ध भएका कारण खानेपानी आयोजनामा भएको क्षतिको विवरण आउन ढिलाइ भएको भन्दै बैठकले स्थानीय रेडियोमार्फत् सर्वसाधारणमा सूचना जारी गर्ने निर्णय गरेको छ। पानीका कारण धेरै रोग लाग्न सक्ने भन्दै खानेपानी प्रयोगमा सतर्कता अपनाउन आग्रह गरिएको छ।

वर्षा रोकिएर घाम चर्कंदै जाँदा स्वास्थ्य समस्या प्रकट हुँदै जान्छन्। बाढीपहिरोले पानीका मुहान प्रदूषित भइरहेको छ। पानीको शुद्धीकरण र निर्मलीकरण गरेर पिउने अवस्था विस्थापितमा छैन। फोहोर पानी, खाना र वासस्थानका कारण झाडापखाला, हैजा, टाइफाइड, जण्डिस, रुघाखोकीजस्ता संक्रामक रोग विस्थापितमा देखिने सम्भावना औंल्याइएको छ।

एकातिर पीडितहरू राहतको पर्खाइमा छन् भने अर्कोतर्फ स्वास्थ्य गम्भीर समस्याका रूपमा देखा पर्ने जोखिम त्यत्तिकै छ। उद्धार, राहत र पुनर्स्थापनासँगै सम्भावित महामारीबाट पीडितलाई जोगाउनेतिर सरकार केन्द्रित हुनुपर्ने स्थानीयको आग्रह छ।

मकवानपुरमा बाढी, पहिरो र डुबानका कारण ग्रामीण क्षेत्रको दैनिकी कष्टकर बनेको छ। अधिकांश ग्रामीण सडक अवरुद्ध हुँदा तरकारी, दूध र फलफूल बजारसम्म ल्याउन सकिएको छैन।

## विप्लवसँग विद्रोह गरी फ्रिडम कम्युनिस्ट लिग केन्द्रीय समिति घोषणा

### भूमिगत र मोर्चा दुवै शैलीमा काम गर्ने उद्घोष

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा फ्रिडम कम्युनिस्ट लिग केन्द्रीय समिति घोषणा गरिएको छ। जिल्ला सदरमुकाम बेंसीशहरमा पत्रकार सम्मेलनको आयोजना गरी उक्त दलका महासचिव सहज र प्रचार विभागका संयोजक सुजन अधिकारीले दलको बुधबार घोषणा गर्नुभएको हो।

भदौ भित्र पोखरामा केन्द्रीय भेलाको आयोजना गर्ने जानकारी दिँदै फ्रिडम कम्युनिस्ट लिगका महासचिव सहजले १९ सदस्यीय कार्यसमिति रहेको तर उहाँहरूको नाम भन्न नमिल्ने बताउनुभयो।

विप्लव माओवादीमा विचलन आएबाट हिजोका दिनमा देखाइएका सपना पूरा हुन नसक्ने र त्यो पार्टी मुर्खहरूको झुन्डजस्तो देखिएको हुँदा त्यसमा आफूहरू बस्न सक्ने अवस्था नरहेको पत्रकारहरूमाझ सहजले बताउनुभयो। आज शासकहरू पत्रकार र जनतासँग डराउने अवस्था रहेन, त्यस्तो हुन भनेको जिम्मेवारी बोध र कर्तव्यनिस्ट नहुनु हो भन्दै महासचिव सहजले विप्लव पार्टी अब सच्चिन नसक्ने गरी भासमा डुबेको हुँदा आफूहरूले नयाँ दल खोल्नुपरेको दाबी गर्नुभयो। यो कार्य आफ्नो रहर वा कल्पना नभई बाध्यता भएको उहाँले बताउनुभयो।




उहाँहरूले पत्रकार सम्मेलनमा पार्टी घोषाणाको र विप्लव माओवादीसँग सम्बन्ध विच्छेद गर्न पर्नुका पाँच कारण उल्लेख गरिएको छुट्टाछुट्टै विज्ञप्ति वितरण गर्नुभएको थियो। जसमा विप्लव माओवादीमा वैचारिक विचलन आएको, सिद्धान्त र व्यवहारका बीचमा बेमेल हुने गतिविधि गरिरहेको, मजदुर र किसानको हितमा भन्दा मध्यम वर्गको हितका मुद्दा उठाउने गरेको भनिएको छ। यसै गरी, अन्य आरोपमा वैद्यभन्दा पनि झन् अकर्मण्यतामा फसेको र स्थानीय तहको चुनाव खारेजी अभियानका लागि मुलुकभर निर्देशन दिने तर रोल्पाको थवाङमा पार्टीकै डीसीएमलाई स्वतन्त्र उम्मेवार उठाएर ढाँटको राजनीति गरेको आदि उल्लेख छ।

## बाढीले बस्ती बगाउँदा १२ को मृत्यु

नेपाल समाचारपत्र

भद्रपुर

अविरल वर्षापछि झापाका प्रमुख नदीमा आएको बाढीले बस्ती बगाउँदा भएको क्षतिमा परी झापामा हालसम्म १२ जनाको मृत्यु भइसकेको र २ जना बेपत्ता भएको जिल्ला दैवी प्रकोप समिति झापाले जनाएको छ।

बाढीले बगाएर बेपत्ता हुनेमध्ये थप २ जनाको शव फेला परेको छ। शिवसताक्षी नगरपालिका-७ का १७ वर्षीय निमा तामाङ र झापा गाउँपालिकाका कालीप्रसाद राजवंशीको शव फेला परेको उद्धार समिति झापाले जनाएको छ। झापामा हालसम्म मृत्यु हुनेमध्ये दक्षिणी झापा गाउँपालिकाका अत्यधिक रहेका छन्।

मृत्यु हुनेमा झापा गाउँपालिका-२ की धनमाया घोर्सानि, शिवसताक्षी-१ धरमपुरका विजय पाण्डे, झापा गाउँपालिका-७ का कमला दर्नाल उनकी छोरी खुसी दर्नाल, कचनकवल-३ का राम राजवंशी, दमक १० का तपोस मण्डल, हल्दीवारी गाउँपालिका-१ का चम्पामणि सतार, कमल गाउँपालिका-५ का दिवश राई, झापा गाउँपालिका-४ का कुल्सन खातुन र झापा गाउँपालिका-२ कै नामथर नखुलेका एक मागी हिँड्ने मुस्लिम वृद्ध रहेका छन्।


यसै गरी हालसम्म २ जना झापा गाउँपालिका-२ की कमला घोर्सानि र सोही ठाउँकी पार्वती राजवंशी बगेर बेपत्ता बनेको र उनीहरूको समेत खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। झापामा हालसम्म ७ नगरपालिका र ६ गाउँपालिका बढी प्रभावित बनेको जिल्ला रेडक्रस सोसाइटीले जनाएको छ।

जसमा २ हजार ४ सय ४४ परिवार विस्तापित बनेको २ हजार ५ सय २४ परिवार प्रभावित बनेको तथा १ सय २१ घरपरिवारको घर पूरै बगाएको समेत जनाएको छ। बाढीमा परेकाहरूलाई नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी रेडक्रसकर्मी जना अन्य संघसंस्था तथा व्यक्तिहरू मिलेर उद्धार गरिएको थियो।

हाल विस्थापितहरू झापाका विभिन्न स्कुल, सरकारी कार्यालय, छिमेकीको घरमा तथा सामाजिक संघसंस्थाको भवनमा आश्रय लिएर बसेका छन्। विस्थापितहरूलाई जिल्ला दैवी प्रकोप उद्धार समिति, रेडक्रस तथा विभिन्न संघसंस्थाले खाना खुवाउने तथा राहत सामग्री दिएर सहयोग गरिरहेका छन्।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**मोटरसाइकल हरायो**

अन्दाजी विहानको २ बजे मेरो घर आरुबारीको कम्पाउण्बाट सेतो बजाज पल्सर NS मोटरसाइकल हराएको हुंदा नजिकको प्रहरीचौकी वा तल दिएको विवरणमा खवर गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम:** सचिन गुन्मी
**मोवाइल नं.** ९८४१८७३६९४
बा. ८५ प. ५३२५
**च्याचिस नं.:** MD 2A36FYOHCB45798
**इन्जीन नं.:** JLYCHB42509

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजित साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन :** ४७२००४६
**मोबाइल :** ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

अपांगता परिचयपत्र लिनेहरुमा 'क' वर्गका २ सय ७ जना, 'ख' वर्गका १ हजार १ सय ३१, 'ग' वर्गका ८ सय ९९ र 'घ' ९ सय १८ जना रहेको महिला तथा बालबालिका कार्यालय म्याग्दीले जनाएको छ। अपांगता परिचयपत्र लिनेमा महिला १ हजार ३ सय ४६ र पुरुष १ हजार ८ सय ९ जना रहेको निमित्त महिला विकास अधिकृत भुवनबहादुर मल्लले जानकारी दिए।

# ३ हजार ३ सय जनालाई अपांगता परिचयपत्र वितरण

**प्रताप बानियाँ, म्याग्दी**

शारीरिक रूपमा अपांगता भएका म्याग्दी जिल्लाका करिब ३ हजार ३ सय जनाले अपांगता परिचयपत्र पाएका छन्। गत आर्थिक वर्ष २०७३/७४ सम्म म्याग्दीका कुल ३ हजार २ सय ५९ जनालाई अपांगता परिचयपत्र वितरण गरिएको हो।

अपांगता परिचयपत्र लिने हरूमा 'क' वर्गका २ सय ७ जना, 'ख' वर्गका १ हजार १ सय ३१, 'ग' वर्गका ८ सय ९९ र 'घ' ९ सय १८ जना रहेको महिला तथा बालबालिका कार्यालय म्याग्दीले जनाएको छ। अपांगता परिचयपत्र लिनेमा महिला १ हजार ३ सय ४६ र पुरुष १ हजार ८ सय ९ जना रहेको निमित्त महिला विकास अधिकृत भुवनबहादुर मल्लले जानकारी दिए। उनका अनुसार अपांगता परिचयपत्र लिनेमा महिलाको तुलनामा ४ सय ६३ जना पुरुष बढी देखिएका छन्।



यसअघि जिल्ला प्रशासन कार्यालयबाट १ सय ४ जनाले अपांगता परिचयपत्र लिइसकेको उनले बताए। अपांगता परिचयपत्र पाउनका लागि शारीरिक र बौद्धिक अपांगता भएका व्यक्तिले अस्पतालको सिफारिस, सम्बन्धित वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अपांगता देखिने गरी तीनओटा फोटो पेस गर्नुपर्ने हुन्छ।

व्यक्तिले पेस गरेको सिफारिस, प्रमाण र फोटोका आधारमा उसलाई विभिन्न वर्गअनुसारको अपांगता परिचयपत्र दिने व्यवस्था रहेको निमित्त कार्यालय प्रमुखसमेत रहेका मल्लले बताए। अपांगता स्रोत पुस्तिका अनुसार अरूको सहारा लिएर पनि दैनिक जीवन आफैं सम्पादन गर्न नसक्ने, तीव्र बौद्धिक अपांगता र पूर्णरूपमा श्रवण र दृष्टिविहीनलगायतका समस्या भएकालाई 'क' वर्गको रातो रङको परिचयपत्र दिइने गरिएको कार्यालयले जानकारी दिएको छ। यसै गरी कम्मरमुनिको भाग क्रियाशील नहुँदा ह्वीलचियरको सहायता लिनुपर्ने, दुवै हातको पाखुरामुनिका अंग नभएका, दुवै खुट्टा पूर्ण क्रियाशील नभई वैसाखीको प्रयोग गर्नुपर्ने, पूर्ण दृष्टिविहीन तथा बहिरा र दैनिक जीवन आफैं सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिलाई 'ख' वर्गको निलो रङको परिचयपत्र दिने व्यवस्था रहेको बताइएको छ।

त्यस्तै कृत्रिम अंग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन आफैं सम्पादन गर्न सक्ने, पोलियो भएर घुँडामुनिको अंगमा मात्र प्रभाव परेको, शारीरिक रूपमा अपांग तर स्वतन्त्र हिँडडुल गर्न सक्ने, हत्केलाभन्दा मुनि बूढीऔंला र चोरऔंला नभएका जस्ता समस्या झेल्दै आएको व्यक्तिले 'ग' वर्गको पहेंलो रङको परिचयपत्र पाउने व्यवस्था रहेको छ। त्यसै गरी शारीरिक रूपमा सामान्य विचलन भए पनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, ठूला अक्षर पढ्न सक्ने, हत्केलाभन्दा तल बूढीऔंला र चोरऔंला भएका, खुट्टाको औंलाका भागहरू नभएका र श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने सुस्त श्रवण व्यक्तिले 'घ' वर्गको सेतो रङको अपांगता परिचयपत्र पाउने व्यवस्था रहेको स्रोत पुस्तिकामा उल्लेख गरिएको छ।

सोही अवधिमा कुल २ सय ५८ जना जेष्ठ नागरिकले जेष्ठनागरिक परिचयपत्र लिएकोमा १ सय १२ महिला र १ सय ४६ जना पुरुषहरू रहेको कार्यालयका सहायक महिला विकास निरीक्षक लक्ष्मी केसीले बताइन्। गत वर्ष नै २ जना महिलालाई हिंसापीडित राहत वितरण गरिएको उनले बताएकी छिन्। जिल्लाको विभिन्न स्थानमा १७ ओटा महिला सहकारी गठन गरेको महिला विकास कार्यालयले लैंगिक हिंसा निगरानी समूहसमेत गठन गरी त्यसमार्फत् समुदायस्तरमा सचेतना वृद्धि, हिंसा न्यूनीकरणको काम गरिँदै आएको उनको भनाइ छ।

यसैबीच कार्यालयलाई गत वर्ष प्राप्त कुल १ करोड ३६ लाख ७१ हजार बजेटमध्ये १ करोड १९ लाख ८ हजार २ सय ८७ रुपियाँ मात्रै खर्च भएको छ। कार्यालयले उक्त बजेटमार्फत् महिला विकास कार्यक्रम, लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास, जेष्ठ नागरिक एवं बालकल्याणलगायतका विभिन्न शीर्षकमा कार्यक्रमहरू सञ्चालन गरेको बताएको छ।

# खुला दिसामुक्त बनाउन ६ करोड खर्च

**यमलाल भुसाल, बुटवल**

रूपन्देहीलाई खुला दिसामुक्त बनाउन करिब ६ करोड रुपियाँ खर्च भइसकेको छ। २०६८ सालदेखि शुरू भएको खुला दिसामुक्त घोषणा अभियान जिल्लामा अझै पूरा हुन सकेको छैन।

जिल्लाका अझै पनि १.१३ प्रतिशत घरधुरीमा शौचालय बन्न नसक्दा सुगम र विकशित जिल्लाको पहिचान बनाएको रूपन्देही सरसफाइ अभियानमा पछाडि परेको छ। जसका कारण जिल्लामा पूर्ण सरसफाइ अभियान अगाडि बढ्न सकेको छैन। खुला दिसामुक्त घोषणापछि मात्र पूर्ण सरसफाइ अभियान सञ्चालन गनुपर्ने हुन्छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, योगीकुटी रूपन्देहीका डिभिजन प्रमुख वासुदेव पौडेलले ३ स्थानीय तहले खुला दिसामुक्त अभियानलाई जिम्मेवारी बोध गर्न नसक्दा अभियान समयमै पूरा हुन नसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'यहाँका अझै १ हजार ८ सय ५० घरधुरीमा शौचालय बन्न बाँकी छन्। ९८.८७ प्रतिशत घरधुरीमा शौचालय बनिसके।'

ओडीएफ अभियानमा जिल्ला विकास समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सुआहार, वर्ल्ड भिजनले काम गरिरहेका छन्। जिल्लाका लुम्बिनी सांस्कृतिक नगरपालिका १ हजार ५ सय, गैडहवा गाउँपालिकामा ५ सय र सिद्धार्थनगर नगरपालिकाका शौचालय बन्न बाँकी छ। जिल्लामा १ लाख ६३ हजार ८ सय ३५ घरधुरी छन्। जसमध्ये १ लाख ६१ हजार ९ सय ८५ घरधुरीमा शौचालय बनिसकेका छन्। विश्वका बौद्ध धर्मालम्बीको आस्थाका केन्द्र रहेको लुम्बिनी सांस्कृतिक नगरपालिकामा शौचालय बन्न नसक्दा नेपालको नराम्रो सन्देश विश्वभर गएको छ।

कार्यालयका इन्जिनियर ध्रुव धितालले लुम्बिनी सांस्कृतिक नगरपालिकामा सांस्कृतिक नगरपालिकाले गर्दा रूपन्देहीलाई खुला दिसामुक्त बनाउन चुनौतीपूर्ण देखिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'अब स्थानीय तहमा जनप्रतिनिधिहरू आउनुभएको छ। ४ महिनाको अवधिमा जिल्लालाई खुला दिसामुक्त बनाउने दायित्व सबैको हो।' धितालले थप्नुभयो- 'तराई मूलका मानिसहरूमा शौचालय प्रयोग गर्न बानीको विकास अझैसम्म हुन नसक्दा चर्पी बन्न सकेनन्।'

आर्थिक वर्ष २०७३/०७४ मा ३ हजार ७ सय ८५ घरधुरीमा शौचालय बनेको डिभिजन कार्यालयको तथ्यांकले देखाउँछ। सरकारले सन् २०१७ भित्र नेपाललाई खुला दिसामुक्त घोषणा गर्ने लक्ष्य लिएको छ। हालसम्म करिब ४० जिल्ला खुला दिसामुक्त भइसकेको छन्। खुला दिसामुक्त घोषणा गर्न बनाइएका त्यस्ता चर्पी प्रयोगविहीन छन्। जनदबाबले शौचालय निर्माण गरे पनि दिसापिसाबका लागि उनीहरू जंगल र खेतबारीमा जाने गरेको पाइन्छ।

## दुई मिनेट

### साउने मेला सकियो

गुल्मी, (नेस)

धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलको प्रचारप्रसार गर्न गुल्मीको ऐतिहासिक तपोभूमि रेसुंगामा लागेको मेला सकिएको छ। गुल्मीको सदरमुकाम तम्घासबाट अग्लो शिरमा पर्ने रेसुंगामा विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि मन्दिर व्यवस्थापन समितिले साउनभर एक महिनासम्म मेला आयोजना गरेको थियो। धार्मिक तथा पर्यटकीय स्थल रेसुंगामा विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि व्यवस्थापन समितिले एक महिनासम्म धार्मिक प्रवचनसँगै रुद्री, चण्डी शिवजीको दैनिक पूजा आयोजना गरिएको रेसुंगा संरक्षण समितिका अध्यक्ष सुरेशचन्द्र भुसालले जानकारी दिए।

धार्मिकस्थल पोखरीमा नुहाउन तथा पूजाआजा गर्न साउनभर भीडभाड लाग्ने गर्दछ। नेपालकै चारधाममध्येकै एक धाम पर्ने धार्मिकस्थल रेसुंगाको पोखरीमा नुहाउनाले भुल गरेर गरेका पाप नष्ट हुने धार्मिक मान्यताअनुसार पोखरीमा नुहाउन गुल्मीलगायत छिमेकी जिल्लाहरूबाट पनि श्रद्धालु भक्तजन आउने गर्दछन्।

### खोलाले बगाउँदा मृत्यु

हेटौंडा, (नेस)

पश्चिम मकवानपुरको अतिविकट राक्सिराङ गाउँपालिकामा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ। राक्सिराङ-४, मानथापका करिब ४२ वर्षीय कर्णबहादुर ब्लोनलाई बजार आउने क्रममा स्थानीय खोलाले बगाउँदा मृत्यु भएको हो।

ब्लोनलाई मंगलबार खोला तर्ने क्रममा स्थानीय गरौंदी खोलाले बगाएको थियो। राक्सिराङको बजार चैनपुर आउने क्रममा खोलाले बगाएका ब्लोनको शव गार्खा भन्ने स्थानमा भेटिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए। उनका अनुसार घटनास्थलमा मनहरीबाट करिब पाँच घण्टाको पैदलपछि प्रहरी टोली मंगलबार साँझ पुगेको छ। योसँगै मकवानपुरमा बाढीपहिरोका कारण मृत्यु हुनेको संख्या १२ पुगेको छ।

### खोलाले बगाउँदा एक बालकको मृत्यु

रौतहट, (नेस)

रौतहटमा गुजराखोलाको बाढीले बगाउँदा बुधबार एक बालकको मृत्यु भएको छ। खेतमा जमेको पानीमा रमाउँदै गरेका गुजरा गाउँपालिका-२ हरिहरपुर निवासी ८ वर्षीय बालक सुदीप मोक्तानको चिप्लिएर खोलामा पर्न गई मृत्यु भएको हो। मृतक बालकको उद्धार गर्नुपूर्व नै मृत्यु भएको सीमा सुरक्षाबल गौरले जनाएको छ। यसअघि रौतहटमा वर्षा र बाढीले १८ जनाको मृत्यु भइसकेको छ भने मृत्यु हुनेको संख्या रौतहटमा १९ पुगेको छ।

### ट्यांकरको ठक्करले महिलाको मृत्यु

हेटौंडा, (नेस)

पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-११, नवलपुरको सरस्वती चोकमा ट्यांकरले ठक्कर दिँदा बुधबार बिहान एक महिलाको मृत्यु भएको छ। ना४ख ४६०७ नम्बर ट्यांकरको ठक्करबाट हेटौंडा-११, नवलपुरकी करिब ४५ वर्षीया जानुका खड्काको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ।

ट्यांकर सडकछेउमा रोक्ने क्रममा ठक्कर दिँदा खड्काको मृत्यु भएको बताइएको छ। घटनापछि सोही स्थानका ट्यांकर चालक हिमाल बर्तौला र ट्यांकर प्रहरी नियन्त्रणमा छन्।

# १८ वर्षको उमेरमा नेपालीलाई नागरिकता

**नेपाल समाचारपत्र**

सुनापति

१६ वर्ष पुगेपछि नागरिकता लिन पाइने प्रावधान छ। तर रामेछापको सुनापति गाउँपालिका-३ दिपीपाखरीकी गौरीमाया नेपालीले ९८ वर्षको उमेरमा नागरिकता लिनुभएको छ। जिल्ला प्रशासन कार्यालय रामेछापले गाउँघरमा नै सेवा दिने उद्देश्यले सञ्चालन गरेको नागरिकता वितरण टोलीबाट नेपालीले नागरिकता लिनुभएको हो।



रामेछापका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले नागरिकता वितरणसँग ९८ वर्षीया नेपालीलाई बाटो खर्च भनेर व्यक्तिगत रूपमा १ हजार रुपियाँ प्रदान गर्नुभएको थियो।

विसं १९७६ साल असार १८ गते जन्मनुभएका नेपालीले नाता प्रमाणित गर्नका लागि आवश्यक कागजात जुटाउन नसक्दा नागकिरता लिन सक्नुभएको थियो। प्रजिअ खत्रीले माइतीबाट पनि नाता प्रमाणित भएको आधारमा नेपालीलाई नागरिकता प्रदान गर्नुभएको थियो। जिल्ला प्रशासन कार्यालयले सञ्चालन गरेको घुम्ती नागरिकता टोलीबाट नागरिकता लिएपछि अब नेपालीले वृद्धभत्ता समेत पाउनुहुने भएको छ। कानुनप्रावधान अनुसार ७० वर्ष उमेर पुगेपछि वृद्धभत्ता पाउने भए पनि लामो समयदेखि कोसिस गर्दा पनि बन्न नसकेको नागकिरता बनेपछि नेपाली खुसी हुनुभएको छ।

**६ सय ७८ जनाले नागरिकता लिए**

स्थानीय तहको निर्वाचनसँगै जिल्ला प्रशासन कार्यालय जिल्लाको दोरम्बा र सुनापति गाउँपालिकामा सञ्चालन गरेको घम्ती नागरिकता टोलीबाट ६ सय ७८ जनाले नागरिकता लिएका छन्। दोरम्बा गाउँपालिकाको केन्द्र टोकरपुरबाटगाउँपालिकाका ७ वटा वडाबाट २ सय ३१ र सुनापति गाउँपालिकाको केन्द्र हिलेदेवीबाट ४ सय ४७ जनालाई नागरिकता वितरण गरेको रामेछापका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताउनुभयो। उहाँले आगामी दिनमा पनि जनताको आवश्यकतालाई आत्मसात् गर्दै नागरिकता वितरणको कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

# शिक्षक नियुक्तिमा स्थानीयको दादागिरी

**नेपाल समाचारपत्र**

भद्रपुर

शक्षक नियुक्तिको विषयलाई लिएर झापाको एक सामुदायिक विद्यालयमा विवाद बढेर गएको पाइएको छ। झापा शिवसताक्षी नगरपालिका-१ मा रहेको लक्ष्मीनारायण उच्च माध्यमिक विद्यालयमा लेखा विषयको शिक्षक नियुक्तिमा कार्यरत शिक्षकलाई नै नियुक्ति गरिनुपर्ने भन्दै स्थानीयले दबाब दिएपछि विवाद बढेर गएको हो।

लेखा विषय पढाउँदै आएकी पूजा पोखरेलले आयोग पास गरेर ७३ माघ १० मा राजीनामा दिएपछि रिक्त रहेको पदमा स्थानीय डम्बर शेर्मा र सुष्मा भण्डारीले अर्को व्यवस्था नभएसम्मका लागि दैनिक ज्यालादारीमा लेखा विषय पढाउँदै आइरहेका थिए। उनीहरूलाई विद्यालयले निजी स्रोतबाट भुक्तानी गर्ने जनाएको थियो।

पदपूर्तिका लागि बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले ७४ साउन ३ गते जिल्ला शिक्षा कार्यालय झापाबाट लेखा विषय पदको अनुमति लिई परीक्षा समितिले ५ गते आवेदन खुलाएको विद्यालयका प्रधानाध्यापक खगेन्द्र दाहालले बताए। आवेदनको अन्तिम दिन २२ गते १० जनाको निवेदन परेको दाहालले जनाए।

**निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)**

**जिल्ला कार्यसमिति, काठमाडौं**

**सूचना !**

**शैक्षिक सत्र २०७४ को कक्षा ८, ९ र १० को मध्य त्रैमासिक परीक्षा यही भाद्र २६ गते सोमबार देखि सञ्चालन हुन गइरहेको छ। परीक्षा तालिका निम्नानुसार रहेको जानकारी गराइन्छ।**

**Examination Schedule 2074 Class 8, 9 & 10**

| Date | Day | Subject | | |
|---|---|---|---|---|
| | | 8 | 9 | 10 |
| 2074-05-26 | Monday | C.Maths | C.Maths | C.Maths |
| 2074-05-27 | Tuesday | English | English | English |
| 2074-05-28 | Wednesday | Nepali | Nepali | Nepali |
| 2074-05-29 | Thursday | Social Study | Social Std. | Social Std. |
| 2074-05-30 | Friday | HPE & Com | HPE | HPE |
| 2074-06-01 | Sunday | Science | Science | Science |
| 2074-06-02 | Monday | OBTE & Moral Sci. | Com/AC | Com/AC |
| 2074-06-04 | Tuesday | O.Maths | O.Maths | OM/PE/ES |

**सम्पर्क फोन: ०१–४३८१९७८, ०१-४३५४३९१, नोटिस बोड नं. १६१८०१४३८१९७८**

**परीक्षा समय** १) बिहान ०७:०० बजेदेखि १०:०० बजेसम्म,
२) विहान १०:०० बजेदेखि ०१:०० बजेसम्म

यी दुवै सिफ्टका लागि फरक फरक सेटको प्रश्नपत्रहरू हुनेछन्।

- त्रैमासिक परीक्षाको लागि प्रश्नपत्र मात्रै पनि वितरण गर्नेछ।
- सहभागि हुन चाहने विद्यालयहरूले विद्यार्थीहरूको कुल संख्या, ऐच्छिक प्रथम र ऐच्छिक द्वितीय र परीक्षाको समय समेत स्पष्ट पारी यहि भाद्र १५ गतेभित्र प्याब्सन जिल्ला कार्यलयमा बुझाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।
- प्रयोगात्मक परीक्षाहरू सम्बन्धित विद्यालय आफैंले सञ्चालन गर्नुहुन जानकारी गराइन्छ।
- प्रवेशपत्र २०७४ भाद्र ५ गते सोमबारदेखि प्याब्सन जिल्ला कार्यालयबाट वितरण गरिनेछ।
- प्रश्नपत्र तथा उत्तर पुस्तिका २०७४ भाद्र २५ गते आइतबार १२:०० बजेदेखि वितरण गरिनेछ।
- परीक्षाको शुल्क एकमुष्ठ रकम एभरेष्ट बैंकको खाता नं. ०२०००१०५२००२०३ मा जम्मा गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ।

**सम्पूर्ण प्याब्सन सदस्य विद्यालयहरूलाई सदस्यता नवीकरण गरिदिनु हुन सादर अनुरोध गर्दछौं।**

# समन्वय समिति पदाधिकारीद्वारा शपथग्रहण

**नेपाल समाचारपत्र**

गुल्मी

जिल्ला समन्वय समिति गुल्मीमा निर्वाचित जनप्रतिनिधिले सपथ तथा पदभार ग्रहण गरेका छन्। बुधबार सदमुकाम तम्घासमा मुख्य निर्वाचन कार्यालय गुल्मीले आयोजना गरेको शपथ तथा पदभार कार्यक्रममा निर्वाचित ९ जना जनप्रतिनिधिले शपथ लिएका हुन्।


समन्वय समितिको प्रमुखमा लक्ष्मण पराजुली र उपप्रमुखमा तुल्सीकुमारी श्रेष्ठलाई मुख्य निर्वाचन अधिकृत मतृका मरासिनीले शपथ खुवाएका थिए। अन्य सदस्यहरू चेतन बस्नेत, राममल्ल ठकुरी, दलबहादुर विश्वकर्मा, हरिप्रसाद ज्ञवाली रमादेवी पुन, गंगा पन्त, उजेली विकलाई समन्वय समिति प्रमुख लक्ष्मण पराजुलीले शपथ खुवाएका थिए। शपथ ग्रहणपछि बोल्दै नवनिर्वाचित प्रमुख लक्ष्मण पराजुलीले जनताको भावना र मर्मअनुरूप आफू अघि बढ्ने प्रतिबद्धता जनाएका थिए।



कार्यक्रममा शुभकामना मनतव्य दिँदै मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश मातृका मरासिनीले जिल्ला शान्तिपूर्ण मर्यादित वातावरणमा निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए। उनले जनताले आफ्ना जनप्रतिनिधि आफैंले चुन्ने अवसर पाएकाले अब निर्वाचित जनप्रतिनिधि पनि जनताको भावनाअनुरूप चल्ने बताए।

अधिकृत मरासिनीले समन्वय समितिमा नवनिर्वाचित सबैलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए।

**हार्दिक श्रद्धाञ्जली**



जन्म : २०२७/०४/२२

स्व. तीर्थ रत्न प्रजापति

स्वर्गारोहण : २०७४/०४/२१

यस हिमालयन परेवा उडान क्लवका कार्य समितिका सदस्य स्व. तीर्थ रत्न प्रजापतिको असामयिक निधन भएको १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ। साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्तिका लागि परमेश्वर संग प्रार्थना गर्दै भावपुर्ण समवेदना प्रकट गर्दछौ।

हिमालयन परेवा उडान क्लव परिवार

# विश्व

**तनाव**
विवादास्पद सीमा क्षेत्र दोक्लामा बुधबार भारत र चीनका फौजबीच ढुंगा हानाहान भएको थियो।



**बहिष्कार**
भारतको दक्षिणी राज्य तिलन्गानाकी महिलालाई अछुत व्यक्तिको समर्थन गरेको कारण सामाजिक बहिष्कार गरिएको छ।



2017, AUG
Thursday
17

**विश्व २ मिनेट**

**भारत**

## बाढीको चपेटामा

पटना, (एजेन्सी)

भारतको बिहार राज्यका नौ जिल्लामा बाढीका कारण विगत ४८ घण्टामा ५६ जनाको मृत्यु भएको छ। बिहारका १३ जिल्ला बाढीबाट प्रभावित रहेका छन्। बिहार सरकारको आपतकालीन ब्यवस्थापन विभागले अररिया जिल्लामा सबैभन्दा धेरै २० जनाको बाढीका कारण मृत्यु भएको जनाएको छ। पश्चिमी चम्पारनमा ९ जना र किशनजंग जिल्लामा ९ जनाको मृत्यु भएको जनाइएको छ। बिहारको करिब ७० लाख आवादी बाढीको चपेटामा रहेको र ३ हजार ७ सयभन्दा धेरै गाउँ डुबानमा परेका छन्। विगत २४ घण्टामा ६६ हजारलाई सुरक्षित उद्धार गरिएको सरकारले जानकारी दिएको छ।

**अमेरिका**

## ट्रम्पको आलोचना

वासिङ्टन, (एजेन्सी)

भर्जिनियाको चार्लर्टसभिलामा भएको हिंसात्मक झडपका लागि दुबै पक्ष जिम्मेवार भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बयानलाई लिएर रिपब्लिकन पार्टीका वरिष्ठ नेताहरूले आलोचना गरेका छन्। दक्षिणपन्थी ¨यालीको विरोध गरिरहेका प्रदर्शनकारीहरूमाथि तिब्र गतिमा गाडी कुदाएको उक्त घटनामा एकजनाको मृत्यु भएको थियो र अन्य थुप्रै घाइते भएका थिए। अमेरिकी प्रतिनिधि सभाका सभामुख पल रायनले श्वेत अतिवादको घिनलाग्दो भएको बताए। सोमबार ट्रम्पले श्वेत अतिवादीको निन्दा गरेका थिए। मंगलबार उनले अर्को पक्षलाई पनि दोषी ठहर्‍याएका थिए।

**भारत**

## अछुत विवाद

नयाँदिल्ली, (एजेन्सी)

भारतको दक्षिणी राज्य तेलान्गनाकी एक महिलाले बुधबार अछुत समुदायका एक कृषकको समर्थन गरेकै कारणले आफूलाई समाजबाट बहिष्कार गरिएको बताएकी छिन्। माथिल्लो जातकी ५० वर्षीया समा इन्दिरा रेड्डीले समुदाय संघले आफूसँग बोल्ने जोसुकैमाथि ५ हजार भारु जरिवाना गर्ने निर्णय गरेको जनाएकी छिन्। प्रहरीले उनले एक दलित कृषकलाई जमिन लिजमा दिएको विषयमा विवाद चर्केको बताएको छ। भारतमा अझै पनि जातलाई लिएर भेदभाव हुने गरेको छ। भारतीय जात प्रणालीअनुसार चार भागमा विभक्त गरिएको मध्ये शुद्रलाई अछुत मानिन्छ।

**बंगलादेश**


## आत्मघाती विस्फोट

ढाका, (एजेन्सी)

बंगलादेशको राजधानी ढाकामा मंगलबार एकजना आत्मघाती आक्रमणकारीले आफूले बोकेको विस्फोट पदार्थ पड्काउँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। ती इस्लामिक लडाकू बसेको होटेलमा प्रहरीले अचानक छापा मार्दा सो घटना घटेको थियो। बंगलादेशका प्रधानमन्त्री शेखहसिनाले आतंकवादको दमन गर्न कडा निर्देशन दिएयता अहिलेसम्म सुरक्षा कारबाहीमा झन्डै सत्तरी जना इस्लामिक लडाकूको ज्यान गइसकेको छ। ढाकाको मध्य भागमा रहेको उक्त होटेलको तेस्रो तल्लामा जमायाएतुल मुजाहिद्दिन बंगलादेशका सदस्य रहेको ती लडाकूले विस्फोट गराउँदा वरपरका सबै आतंकित भएका थिए।

# बीबीसी कर्मचारीको सम्पत्ति रोक्का गर्ने निर्णय फिर्ता गर्न आग्रह

लन्डन, (एजेन्सी)



इरान सरकारले ब्रिटिस ब्रोडकास्टिंग कर्पोरेसन (बीबीसी)का लागि काम गरिरहेका कर्मचारीहरूको सम्पत्ति करिब रोक्का गरेकोमा उक्त आदेश फिर्ता गर्न बीबीसीले तेहरानलाई आग्रह गरेको छ।

बीबीसी फारसी सेवाका कर्मचारी, पूर्वकर्मचारी र केही सहयोगीहरूमाथि भएको उक्त कारवाहीको प्रष्ट रूपमा निन्दा गर्छ- बीबीसी वर्ल्ड सर्भिसका निर्देशक फ्रान्सेस्का अन्सवर्थले बताए।

उक्त आदेशले बीबीसीका कर्मचारीहरूको सम्पत्ति, गाडी वा अन्य सामान खरिद-बिक्री गर्न रोक लगाएको उनले बताए। टिभी, रेडियो र अनलाइनमा प्रसारित बीबीसी फारसी सेवाको प्रसारणलाई इरानमा प्रतिबन्ध लगाइदिएको छ।

हालैका वर्षहरूमा बीबीसीका कर्मचारी र उनका परिवारका सदस्य नियमित रूपमा इरानी अधिकारीहरूको उत्पिडन र धम्कीको शिकार हुँदै आइरहेको जनाइएको छ। बीबीसी फारसी सेवासँग १ सय ५२ जना कर्मचारी, पूर्वकर्मचारी र सहयोगीहरूको नामका अचल सम्पत्ति न्यायपालिकाद्वारा रोक्का गरिएको पत्रको प्रति रहेको जनाइएको छ। यद्यपि बीबीसीलाई अदालतले उक्त आदेशको सूचना भने दिएको थिएन। बीबीसी फारसी सेवाका एक कर्मचारीका नातेदारले उनको तर्फबाट एक सम्पत्ति बेच्ने प्रयास गर्दा उक्त निर्णयका बारेमा जानकारी प्राप्त गरेको थियो।

इरानको न्यायपालिकाले अदालतको उक्त आदेशलाई लिएर कुनै स्पष्टिकरण दिएको छैन। बीबीसी वर्ल्ड सर्भिसका निर्देशक अन्सवर्थले मंगलबार जारी गरेको एक विज्ञप्तीमा भनेका छन्- 'हामी बीबीसी कर्मचारी, पूर्वकर्मचारी र केही सहयोगीहरूमाथि लक्षित यो हमलाको कडा निन्दा गर्छौं।'

उनले भने- 'बीबीसीसँग आबद्ध हुनुले नै कसैको कानुनी वा आर्थिक नतिजा भोग्नुपर्ने स्थिति भनेको डरलाग्दो अवस्था हो।' उनले इरानी प्रशासनलाई तत्काल उक्त आदेश फिर्ता लिन आग्रह गरेका छन् र बीबीसी कर्मचारी र पूर्वकर्मचारीलाई अन्य नागरिकलाई जस्तै वित्तिय अधिकार हुनुपर्ने उनले बताए।

बीबीसी फारसी सेवाका प्रबन्धकले उक्त अदालतको आदेशलाई निष्पक्ष पत्रकारलाई दबाउने थप एक प्रयास भएको प्रतिक्रिया दिएका छन्। बीबीसी फारसी सेवाका प्रमुख अमिर अजिमले फारसी सेवाका लागि कार्यरत पत्रकारले विश्वभरिका फारसी बोल्नेहरूका लागि स्वतन्त्र, निष्पक्ष र विश्वसनीय खबर पुर्‍याउन जारी राख्ने बताए। इरानमा प्रतिबन्धका बाबजुद ताजा आंकडाले बीबीसी वर्ल्ड सर्भिसका इरानमा १ करोड ३० लाख दर्शक रहेको देखाएको छ।

# ट्रम्पलाई तालिवानको खुल्ला पत्र

काबुल, (एजेन्सी)




अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले हिंसाग्रस्त अफगानिस्तनमा अर्को कदम चाल्ने विचार गरिरहेका बला बुधबार तालिवान लडाकूहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई एउटा खुलापत्रमार्फत सल्लाह दिने कोसिस गरेका छन्।

सबै विषयमा खुसीका साथ मज्जाले कुरा गर्न पछि नहट्ने स्वभावका ट्रम्पले अहिलेसम्म अफगानिस्तानमा अमेरिकी नीतिबारे केही पनि बोलेको छैन। ट्रम्पका सैनिक सल्लाहकारहरूले अमेरिकाको सबैभन्दा लामो युद्धको रूपमा लिइने अफगान युद्ध ठप्प अवस्थामा पुगिसकेकाले अहिले त्यहाँ अमेरिकी फौज थप्ने सल्लाह दिएका छन्। विगतमा ट्रम्पले अफगान युद्धमा अमेरिकी पराजयलाई कम पार्ने उद्देश्यले त्यहाँबाट फौज फिर्ता लाने संकेत दिएका थिए। विश्वले अझै अफगानिस्तान सम्बन्धमा अमेरिकी आगामी नीतिलाई निकै उत्सुकतापूर्वक पर्खेर बसेको छ।

तालिवानले ट्रम्पलाई उनीभन्दा पहिलेका राष्ट्रपतिहरूले गल्ती गरेको प्रमाणित भइसकेकाले अब अफगानिस्तान नीति तय गर्नुअघि ध्यान पुर्‍याउन सल्लाह दिएको छ। यस सल्लाहलाई अप्रत्यासित घटनाका रूपमा लिइएको छ। तालिवानले १६ वर्षसम्म अफगान भूमिमा अमेरिकी फौजको उपस्थितिले अफगानिस्तानलाई थप अस्थिर र भ्रष्ट बनाएको समेत आरोप लगाएको छ। तर ट्रम्पले तालिवानको सल्लाह मान्ला वा नमान्ला भन्ने प्रश्नको जवाफ भविष्यले नै दिनेछ।

# आत्मघाती विस्फोटमा २८को मृत्यु

कानो, (एजेन्सी)



उत्तरपूर्वी नाइजेरियामा मंगलबार तीन महिला आत्मघाती आक्रमकारीले विस्थापितहरूको एउटा शिविरको प्रवेशद्वारमा विस्फोट गराउँदा कम्तीमा २८ जनाको मृत्यु भएको र ८२ जना घाइते भएको स्थानीय स्रोतहरूले जनाएको छ।

उक्त संकटग्रस्त क्षेत्रमा भइरहेका पछिल्ला शृंखलाबद्ध आक्रमणका क्रममा भएको उक्त विस्फोट बोर्नो राज्यको राजधानी माइडुगुरीबाट २५ किलोमिटर दूरीमा पर्ने डान्डारारीमा भएको जिहादीसँग लड्नका लागि गठन गरिएको बलका एक सदस्य बाबा खुराले जानकारी दिए।

तीन जना आत्मघातीले आफूलाई विस्फोट गराएपछि त्यस क्षेत्रमा त्रासदी फैलिएको उनले बताए। पहिलोले आफूलाई विस्फोट गरेलगत्तै अर्को दुईजनाले पनि आफूलाई विस्फोट गर्न लाग्दा त्यहाँ स्थानीय पसल बन्द गर्ने प्रयास गरिरहेका थिए। उनीहरूको विस्फोटले धेरैको हताहती भएको उनले बताए।

# उत्सवमा रूख ढल्दा १३ जनाको मृत्यु



लिस्बन, (एजेन्सी)

पोर्चुगालको द्विपसमूह मडीरामा एक धार्मिक उत्सव समारोह स्थलमा रुख ढल्दा १३ जनाको मृत्यु भएको र अन्य दर्जनौं घाइते भएका छन्।

एक भिडियो फुटेजमा टापुको प्रमुख शहर फुन्सलमा धार्मिक उत्सव मनाउनका लागि भेला भएकाहरूमाथि रुख ढलेको देखिन्थ्यो। मृत्यु हुनेमा दुईजना बच्चा पनि परेको पोर्चुगल ब्रोडकास्टर आरटीपीले जनाएको छ।

बिहान स्थानीय समय करिब १० बजे भक्तालुहरू रोमन क्याथोलिक पर्व मनाउनका लागि एउटा गाउँको पहाडी इलाकामा पर्ने चर्च बाहिर भेला भएको बेला रुख ढलेको थियो।

पोर्चुगलका प्रधानमन्त्री एन्टोनियो कोस्टाले मृतकहरूप्रति आफ्नो समवेदना प्रकट गरेका छन्। राष्ट्रपति मार्सेलो रेबेलोले पनि घटनास्थलको भ्रमण गरेका छन्। उक्त रुख २ सय वर्ष पुरानो ओक ट्री भएको समाचारमा जनाइएको छ।

युरोपेलीहरूका माझ मडिरा एक पर्यटकस्थलका रूपमा चिनिन्छ। यो उत्तरी आन्ध्र महासागरस्थित पोर्चुगलको सबैभन्दा ठूलो द्विप पनि हो। पोर्चुगलको समाचार एजेन्सी आरटीपीले रुखभित्रबाट खोक्रो भइसकेको र त्यसलाई विगत दुई वर्षदेखि टेको दिएर अड्याइराखेको प्रत्यक्षदर्शीहरूले बताएको जनाइएको छ।

गत वर्ष पनि जंगलमा आगलागी भएका कारण उक्त समारोह रद्द गर्नुपरेको र यसवर्ष यो उत्सव धुमधामसँग मनाउने तयार भइरहेको पोर्चुगलको न्युज वेबसाइट पब्लिको नोट्सले जनाएको छ।

# मलेसियाली राजकुमारीको डचसँग विवाह




क्वालालम्पुर, (एजेन्सी)

मलेसियाका सुल्तान जोहरकी ३१ वर्षीया पुत्री राजकुमारी तुन्कु तुन अमिनाह माइमुनाह इस्कान्दारियाहको पूर्व डच मोडल तथा फुटबल अधिकारी २८ वर्षीय मुहम्मद अब्दुल्लाहसँग एक भव्य समारोहबीच विवाह भएको छ। सोमबार आयोजित उक्त निजी समारोहमा अब्दुल्लाहले इस्लाम धर्म ग्रहण गरेका थिए। जोह रबाहरू शहरको चोक दातारान बन्दारायामा राखिएको ठूलो स्क्रिनमा प्रत्यक्ष प्रसारण गरिएको उक्त समारोहमा करिब १ हजार २ सय व्यक्तिको उपस्थिति रहेको थियो। उनी सुल्तान इब्राहिम इस्माइल अफ जोहरका छ सन्तानमध्ये एक्ली छोरी हुन्।

विवाहलाई औपचारिकता दिने क्रममा परिवारका सदस्य र पाहुनाहरूले दुलहा र दुलहीमाथि बास्नादार पानी र पहेंलो भात छर्केका थिए। आम्सटर्डम्सनजिकको भर्वास शहरमा जन्मेका अब्दुल्लाहले सिंगापुरमा मोडलिङको काम पाएका थिए। उनका पिता एक पुष्प व्यापारीकहाँ काम गर्छन् भने उनकी आमाको कपडा पसल रहेको छ। साथै उनी विगतमा सिंगापुरको टाम्पाइन्स रोभर्स फुटबल क्लबको बजार व्यवस्थापक पनि रहेका थिए। शाही परिवारको विवाहको कारण मलेसियाभरि नै राष्ट्रिय झण्डाले सजाइएको थियो। साथै सुरक्षा व्यवस्था पनि कडा पारिएको थियो। परम्परालाई कायम राख्ने क्रममा राजकुमारीलाई चार पाउन्ड बराबरको दाइजो दिइएको थियो।

# प्रथम महिला ग्रेसको विवाद कायमै



जोहान्नेसवर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकाको प्रहरीले बुधबार यातना दिएको अभियोग लगाइएकी जिम्बावेकी प्रथम महिला ग्रेस मुगावे कहाँ छिन् भन्ने आफूलाई थाहा भएको बताएको छ। तर तिनीहरूले उनी देश छाडेर भागिसकेकी भन्नेबारे केही पनि बताउन अस्वीकार गरेका छन्।

राष्ट्रपति रोवर्ट मुगावेकी पत्नी ५२ वर्षीया ग्रेसमाथि आइतबार जोहान्नेसवर्ग होटेलमा २० वर्षीया मोडल गाब्रिएल्ला एन्गेल्सलाई कुटपिट गरेको आरोप लगाइएको थियो। सोही होटेलमा ग्रेसका दुईजना छोरा पनि बस्दै आएका थिए। सोमबार प्रहरीमा उजुरी दर्ता गराउने क्रममा एन्गेल्सले आफ्नो निधार र टाउको पछाडि गहिरो चोट लागेको र उनले शरीरमा गम्भीर चोट पुर्‍याउने उद्देश्यले नै आक्रमण गरेको बताएकी थिइन्।

दक्षिण अफ्रिकाका प्रहरी प्रवक्ता विस्नु नाइडुले भनेका छन्- 'हामीलाई उनी कहाँछिन् भन्ने थाहा छ। हामी अहिले पनि उक्त घटनाबारे छानबिन गरिरहेका छौं। अझैसम्म पक्राउपुर्जी जारी गरिएको छैन।' केही सूत्रले ग्रेस मंगलबार राति हतारहतारमा हरारे फर्केको जनाएको थियो।

यस आक्रमणको कारण अहिलेसम्म सुदृढ राजनीतिक र आर्थिक सम्बन्ध रहेका यी दुई छिमेकी मुलुकबीचको कूटनीतिक सम्बन्ध प्रभावित हुने अनुमान गरिएको छ। आफ्ना अंग रक्षककहरूसँग क्यापिटल २० वेस्ट होटेल पुगेकी ग्रेसले करिब २० वर्ष उमेर हाराहारीका जोहान्नेसवर्ग बस्ने आफ्ना छोरा रोवर्ट र चातुंगासँग पार्टी मनाउने गरेको आरोप लगाउँदै एन्गेल्समाथि अचानक हात हालेकी थिइन्। सो आक्रमणपछि टाउकोबाट रगत बग्दै गरेको एन्गेल्सको तस्वीर सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएको थियो। आफ्ना ९३ वर्षीय पतिभन्दा ४१ वर्षले कम उमेरकी ग्रेसका दुई छोरा र एक छोरी छन्।

व्यवस्थाकि संसद्को बुधबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरुले मुलुकका विभिन्न भागमा हालै गएको बाढी, पहिरो र डुबानबाट भएको क्षति, उद्धार राहतमा भएको कमी-कमजोरी, छिमेकी मुलुक भारतले सीमा क्षेत्रमा एकतर्फी रुपमा निर्माण गरेको बाँध तथा तटबन्धलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए।




राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष बुधबार छुट्टाछुट्टै भेट गर्दै चिनियाँ उपप्रधानमन्त्री वाङ याङ।
तस्वीर सौजन्य : राष्ट्रपति र प्रम कार्यालय

# संविधान संशोधन विधेयक संसद्मा

**नेपाल समाचारपत्र**

काठमाडौं

विशेष गरी तराई केन्द्रित दलहरूको माग सम्बोधन गर्न ल्याइएको र लामो समयदेखि बिबादित रहँदै आएको 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७३' ले संसद्मा छलफलका लागि प्रवेश पाएको छ। संविधान संशोधन प्रस्ताव पास वा फेल जे भए पनि संसद्बाट टुंगो लगाउन दलहरू सहमत भएपछि सरकारले उक्त प्रस्ताव अघि बढाएको हो।

बुधबार बसेको व्यवस्थापिका संसद्को बैठकमा सरकारको तर्फबाट कानुनमन्त्री यज्ञबहादुर थापाले 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७३ माथिको दफाबार छलफल सदनमा गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। बैठकले सर्वसम्मतिले उक्त प्रस्तावलाई स्वीकृत गरे पछि संसद्मा संविधान संशोधन प्रस्तावमाथि दफाबार छलफलले प्रवेश पाएको छ।

संविधान संशोधनका प्रस्तावमाथि ५० वटा संशोधनका प्रस्तावहरू परेको जानकारी दिँदै सभामुख ओनसरी घर्तीले संशोधनकर्ताहरूलाई सबैभन्दा पहिले छलफलमा भाग लिन समय प्रदान गर्नुभएको थियो। बुधबारको बैठकमा एउटा संशोधनकर्ता नेकपा एमालेका सांसद रेवतीरमण भण्डारीले मात्र छलफलमा भाग लिँदै सरकारले अहिले ल्याएको संशोधन प्रस्ताव आवश्यक नरहेको भन्दै यसलाई फिर्ता लिन आग्रह गर्नुभएको थियो। संसद बैठक आगामी भदौ ४ गते दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएकाले संविधान संशोधन प्रस्तावमाथिको बाँकी छलफल पनि सोही दिनका लागि तोकिएको छ।

संविधान संशोधन प्रस्तावलाई पास गर्न एमालेले समेत साथ दिने विश्वास रहेको भन्दै राष्ट्रिय जनता पार्टीका नेता केशव झा ले संसदीय प्रक्रियामार्फत अघि बढ्न विधेयक पास वा फेल जे भए पनि स्वीकार्न तयार भएको बताउनुभएको छ। सरकारलाई हामीले संशोधन प्रस्ताव संसदमा लैजान भनेकाले बुधबार बसेको बैठकको कार्यसूचीमा यसले प्रवेश पाएको उहाको भनाइ थियो। संविधान संशोधन प्रस्ताव पास हुन दुई तिहाइ बहुमत चाहिन्छ। एमालेले यसको विरोध गरिरहे पनि संशोधन प्रस्तावमाथिको छलफल चल्दै गर्दासम्म दुई तिहाइ पुऱ्याउन प्रयास गरिने नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठले बताउनुभएको छ।

व्यवस्थापिका संसद्मा मंगलबारबाट शुरू भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफल पनि बुधबार सकिएको छ। विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण तराई क्षेत्रमा ठूलो जनधनको क्षति भएकाले बाढीबाट प्रभावित क्षेत्रका जनतालाई उद्धार, राहत र पुनर्स्थापनका लागि सरकारको विशेष ध्यानाकर्षण गराउन भन्दै व्यवस्थापिका संसद्मा मंगलबार 'जरुरी सार्वजनिक महत्वको प्रस्ताव' प्रस्तुत भएको थियो।

प्रमुख प्रतिपक्षी दल नेकपा(एमाले)का उपाध्यक्ष तथा सांसद भीम रावलले 'हालैको भीषण वर्षा, बाढी र पहिरोका कारण देशका विभिन्न भागमा विशेष गरी तराई मधेसलगायतका स्थानमा कयौं मानिसको ज्यान गएको छ र कयौं बेपत्ता एवं घाइते भएका छन्, हजारौं विस्थापित भएका छन्, व्यापक भौतिक क्षति भएको छ, यस सन्दर्भमा घाइतेको तत्काल उपचार पीडितको उद्धार र राहत उपलब्ध गराउनेलगायत देशको दक्षिणी सीमानजिक छिमेकी देशले तटबन्ध र बाँध निर्माण गरेको कारण उक्त समस्या विकराल बन्दै गएकाले यो समस्या समाधान गर्न नेपाल सरकारको तर्फबाट उचित एवं प्रभावकारी नीति, कार्यक्रम र निर्णय गरी तत्काल कार्य गर्न अत्यावश्यक भएको' भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

व्यवस्थाकि संसद्को बुधबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरूले मुलुकका विभिन्न भागमा हालै गएको बाढी, पहिरो र डुबानबाट भएको क्षति, उद्धार राहतमा भएको कमी-कमजोरी, छिमेकी मुलुक भारतले सीमा क्षेत्रमा एकतर्फी रूपमा निर्माण गरेको बाँध तथा तटबन्धलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। विशेष समयमा बोल्ने सांसदहरूले सरकारले विपद् न्यूनीकरणमा ध्यान नदिँदा अविरल वर्षाका कारण पहाडमा पहिरो र तराईमा बाढी र डुवानले ठूलो क्षति हुन पुगेको तथा सो क्षेत्रका पीडितहरूको राहत, उद्धार र पुनर्स्थापनका निम्ति सबै राजनीतिक शक्ति एक हुन नसक्दा ढिलाइ भइरहेको पनि औंल्याएका थिए।

# बाढीका कारण सौराहामा १५ करोडको क्षति

काठमाडौं, (नेस)

वर्षा कारण सौराहाका होटलमा १५ करोड बराबरको क्षति भएको छ। केही दिनदेखि तराईमा परेको भीषण वर्षाका कारण सौराहाका होटल क्षेत्रमा बाढीले क्षति पुऱ्याएको होटल संघ, सौराहा च्याप्टरले जनाएको छ।

होटल संघ नेपाल, सौराहा च्याप्टरका अध्यक्ष सुमन घिमिरेले क्षति भएको होटलको पुनर्निर्माण र पुनर्संरचना गर्ने काम भइरहेको बताउनुभयो। 'हामीले सौराहामा बुधबारबाट १५ होटल सञ्चालनमा ल्याएका छौं, अरू थप होटल १५ होटलहरू एक हप्तामै सञ्चालनमा ल्याउने तयारीमा लागेका छौं' -अध्यक्ष घिमिरेले बताउनुभयो।

उहाँले १५ होटल सञ्चालनमा ल्याउँदा १ सय ५० देखि २ सय पर्यटकलाई सेवा दिन सकिने बताउनुभयो। बाढीका कारण कष्टकर बनेको जनजीवन अहिले सामान्य बन्दै गइरहेको छ। सौराहामा चहलपहल बढ्न थालेको छ। अहिले धमाधम होटलरू सफाइ गर्ने काम भइरहेको बताइएको छ।

घिमिरेले अबको १ महिनापछि सबै होटलहरू सञ्चालनमा आउने बताउनुभयो। राप्ती नदीको छेउमा रहेका होटलहरू र त्यहाँ रहेका 'टप साइड भिवर' जस्ता ४ वटा होटलहरू पूर्ण सञ्चालनमा आउन अझ ६ महिना लाग्ने जानकारी दिनुभयो। संघले सौराहामा रहेका १ सय १० होटल तथा रेस्टुरेन्टमा क्षति पुगेको बताएको छ। सौराहमा रहेका हाल करिब १ सय ८० देखि २ सय होटल सञ्चालनमा छन्। बाढीका समयमा जोखिम न्यूनीकरण गर्न ६ सयभन्दा बढी पर्यटकहरूको तत्कालै ट्र्याक्टर, हात्तीबाट उद्धार गरिएको थियो। सो समयमा चिनियाँ पर्यटकहरूको संख्या बढि रहेको जानकारी गराएको छ। उद्धार गरेर पर्यटकलाई सुरक्षित ठाउँमा सारिएको थियो।

बाढीले सौराहाका होटलहरूमा क्षति पुऱ्याएपछि हाल भएका बुकिङ सबै रद्द गरिएको पनि हान च्याप्टर सौराहले जनाएको छ। बाढीले होटलको कोठामा पानी पसेकाले तत्काल सेवा प्रदान गर्न होटलहरूको तयारी नपुगेकाले बुकिङ रद्द गर्नुपरेको घिमिरेले बताउनुभयो। वर्षाले होटल र पर्यटन क्षेत्रमा पनि ठुलै क्षति पुऱ्याएको छ।

# दूधको मूल्यमा वृद्धि

काठमाडौं, (नेस)

दुग्ध विकास संस्थानले दूधको मूल्यमा वृद्धि गरेको छ। संस्थानका व्यापार प्रबर्द्धन अधिकृत सञ्जीव झाका अनुसार संस्थानले उत्पादन गर्ने ४ प्रकारकै दूधमा मूल्य वृद्धि भएको बताउनुभयो।

उहाँका अनुसार दूधमा बिहीबारदेखि लागू हुने गरी प्रतिलिटर ६ रुपियाँ वृद्धि भएको हो। अब आधा लिटरको प्याकेटका लागि उपभोक्ताले ३५ रुपियाँ तिर्नुपर्नेछ।

स्टेन्डर दूध ३२ बाट ३५ रुपियाँ, काउ मिल्कमा साविकको ३६ बाट ४० रुपियाँ, चिया मिल्कमा ३० बाट ३२ रुपियाँ, होल मिल्कमा ४० बाट ४५ रुपियाँ कायम गरिएको संस्थानले बताएको छ। साथै संस्थानले घ्यू, पनिर र दहीमा पनि मूल्य बढाएको छ।

# अझै त्रासमा बाढीपीडित

वीरगन्ज, (नेस)

पर्साको धोबिनीकी स्थानीय सुकैन चमैन नातीको उपचारका लागि बुधबार वीरगन्ज आउने प्रयास गरिन् तर उनी थाकिन्। भाइरल ज्वरोबाट पीडित उनको नातिको उपचार अभावमा नै ज्यान जान्छ कि भन्ने चिन्ताले उनी छिमेकी देश भारततर्फ पैदल हिँडेर नै लागिन्। उनी वीरगन्ज आउन नसक्नुको एउटै कारण थियो–डुबान। बिगत केही दिनको वर्षाका कारण पर्साको सदरमुकाम वीरगन्ज र ग्रामीण भेगका सडक खण्डको सम्पर्क बिच्छेद भए पनि स्थानीयहरू प्रत्यक्ष मारमा परेका छन्।

पर्साको ग्रामीण भेगदेखि शहरसम्म अहिले पीडितहरू उद्धार तथा राहतको खोजीमा बसेका छन् भने दूरदराजमा पीडितहरूको बिजोग भएको छ। अहिले गाउँ तथा शहरको सम्बन्ध पूर्णरूपले टुटेको छ। सडक तथा सञ्चार सम्बन्ध टुटेका कारण अधिकांश गाउाको अवस्था बारे जनकारी सम्बन्धित निकायलाई समेत नहुने गरेको देखिएको छ। गाउँमा के-कति क्षति भएको छ, तथ्यांक सकंलन कार्य गर्ने निकायसमेत आफ्नो ठाउँबाट विस्थापित भएका कारण समस्या भएको सुरक्षा निकायका प्रमुखहरूले आफैं स्वीकार गरेका छन्। पर्साको विकट गाविसका बासिन्दा अहिले पनि सम्पर्क बाहिर छन्। सीमावर्ती क्षेत्रमा बग्ने ओरिया नदीमा आएको बाढीका कारण आवागमन पूर्णरूपले ठप्प भएको छ।

# भ्रष्टाचारको उजुरी सार्वजनिक सुनुवाइमा

मुगु, (नेस)

६ वर्षअघि निर्माण गरिएको सिप झोलुगें पुलको निमार्ण समितिले ६ लाखबराबर ज्याला नपाएको कुरा ज्यामी खडक रावलले लगायतको टिमले चलाइरहँदा सोरु गाउँपालिका-८ को तिता पानीदेखि माथि खर्कसम्म निमार्ण भएको ३ किलो मिटर गोरेटो बाटोका लागि कर्णाली रोजगार कार्यक्रमको १४ लाख ६५ हजारको रकम ३ लाख ठाडै बैंकबाटै प्राविधिकलाई दिनुपर्ने भन्दै स्थानीयवासी धर्मराज शाहीले, 'उपभोक्ता समितिका अध्यक्ष डिलबहादुर कार्कीको हातबाट खोसेर लगे, खै त कसैले पनि कारबाही गरेन'-सोरु गाउँपालिका वडा नम्बर ८ को सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीयवासीले बताएका हुन्।

सोरु गाउँपालिकाको वडा नम्बर ८, ९ र १० मा छुट्टाछुट्टै रूपमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा विद्यालयमा छात्रवृत्तिको पैसा नपाएको र विद्यालय र स्वास्थ्य चौकीजस्ता अत्यावश्यक सेवा गाउँमा खुले पनि सेवामा निरन्तरता आउन नसकेकाले गाउँका सर्वसाधारणले बताए।

## चिनियाँ...

भट्टराईका अनुसार चिनियाँ टोलीले पनि प्रधानमन्त्री देउवालाई चीन भ्रमणको निम्तो दिएको छ। चिनियाँ राजदूत यु होङसहितका उच्च अधिकारी सहभागी सो भेटवार्तामा मंगलबार दुवै पक्षबाट भएका सम्झौता/सहमतिलाई कार्यान्वयन चरणमा लाने बारेमा छलफल भएको बताइएको छ।

चीनले अघि बढाएको 'रोड एन्ड बेल्ट ईनीसीएटिभ्स', कनेक्टिभिटि, व्यापार, पूर्वाधार विकास, पर्यटनजस्ता विषयलाई के-कसरी आपसी हितमा अघि बढाउन सकिन्छ भन्ने बारेमा चिनियाँ पक्षसँग छलफल भएको डा. भट्टराईले जानकारी दिनुभयो।

नेपाल-चीनबीचको सम्पर्क सहज गराउन अवरुद्ध अरनिको राजमार्गको स्तरउन्नत्ति गर्ने रसुवागढी नाकालाई व्यस्थित बनाउने चीनले सघाउने चिनियाँ पक्षले बताएको भट्टराईले जानकारी दिनुभयो।

सो क्रममा द्विपक्षीय सम्बन्ध र आपसी हितलाई अझ परिणाममुखी बनाउन अपरिहार्य रहेको औंल्याइएको थियो। छलफलमा चीनसँगको सम्बन्ध विशेष भएको बताउँदै प्रधानमन्त्री देउवाले नेपाल एक चीन नीतिमा प्रतिबद्ध रहेको चिनियाँ पक्षलाई बताउनुभएको थियो। चिनियाँ उपप्रधानमन्त्री वाङले नेपालको यस्तो प्रतिवद्धताप्रति आभार व्यक्त गर्दै प्रधानमन्त्री देउवाको नेतृत्वमा शान्ति, स्थायित्व र आर्थिक विकासले गति लिने विश्वास व्यक्त गर्नुभएको थियो।

यसैबीच चिनियाँ उपप्रधानमन्त्री वाङ नेतृत्वको टोलीले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग पनि भेटवार्ता गरेको छ। द्विपक्षीय हित र आपसी सम्बन्ध निकट बनाउन केन्द्रित रहेको सो भेटवार्तामा राष्ट्रपति भण्डारीले नेपाल र नेपालका सबै दलहरू एक चीन नीतिप्रति प्रतिवद्ध रहेको बताउनुभएको थियो।

राष्ट्रपति भण्डारीका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले भन्नुभयो- 'नेपाल एक चीन नीतिमा प्रतिवद्ध रहेको कुरा राष्ट्रपतिले चिनियाँ पक्षलाई बताउनुभयो, त्यसमा चिनियाँ पक्षले आभार व्यक्त गरेको छ।' उपप्रधानमन्त्री वाङ नेतृत्वको टोलीले बुधवार नेपालमा चिनियाँ लगानीको सम्भावना बारे नेपाली उद्योगी व्यवसायीसँग द्विपक्षीय छलफल गर्नुभएको छ।

त्यसअघि चिनियाँ टोलीले कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रमा आयोजना भएको कार्यक्रममा सहभागिता जनाएको थियो। आयुर्वेद औषधि उपचार र अध्ययन अनुसन्धानमा सघाउन आफ्नो मुलुक तयार रहेको उपप्रधानमन्त्री वाङले बताउनुभएको थियो।

स्वास्थ्य मन्त्री गिरिराजमणि पोखेलले संघीय संरचनाअनुसार आयुर्वेद अनुसन्धान केन्द्र स्थापना गर्ने तयारी भइरहेको जानकारी गराउनुभएको थियो।

# अफगानिस्तानमा तीन युवा अलपत्र

**नेपाल समाचारपत्र**

पर्वत

पोखराका दुई र पर्वतका एक युवा अफगानिस्तानमा २८ महिनादेखि अलपत्र परेका छन्। पोखरा बाटुलेचौरका हेमप्रसाद गुरुङ, विजयपुरका गोविन्द पौडेल र पर्वतका मीनबहादुर क्षेत्रीलाई कम्पनीले कामबाट निकालिदिएपछि उनीहरू अढाइ वर्षदेखि अलपत्र परेका हुन्।

मासिक १ हजार डलरको प्रलोभनमा अफगानिस्तान छिरेका उनीहरू कम्पनीबाटै निकालिएपछि सहयोगका आशमा छन्। राम्रो कमाइ हुने प्रलोभनमा परेर अफगानिस्तान पुगेका ३ जनालाई भिसाको मिति नथपी १० महिनामै कम्पनीले कामबाट निकालिदिएपछि सहयोगको योचना गरेका छन्। पर्वतका क्षेत्री र बाटुले चौरका गुरुङले अमरसिंह चोकमा रहेको एसजी मरिन म्यानेजमेन्ट प्रालि नामक मेनपावरका म्यानेजर सन्तोष गुरुङलाई ठूलो रकम बुझाएका थिए।

विजयपुरका पौडेलले दिल्लीमा रहेका भरत अधिकारी क्षेत्रीलाई रकम बुझाएर अफगानिस्तान छिरेको उनीहरूले इमेलमार्फत जानकारी दिएका छन्। अमरसिंहको एसजी मरिन म्यानेजमेन्ट प्रालि नामक म्यानपावर बन्द भइसकेको छ भने दलाल भरत अधिकारी पनि सम्पर्कबाहिर छन्।

भिसा थप नभई कामबाट निकालिएपछि आफूहरू ठगिएको भन्दै विभिन्न सरोकारवाला निकायमा उनीहरूले जानकारी पठाएका छन्। अलपत्र नेपाली कामदार यतिबेला असुरक्षासँगै गाँस न बासका भएका छन्। सुविधा सम्पन्न अमेरिकी कम्पनी भनेर अफगानिस्तान छिरेका उनीहरू अहिले खुला आकास मुनि रात गुजार्दै छन्।

नेपाल फर्कन उनीहरूलाई एक्जिट भिसा र बढी समय बसेको शुल्क बुझाउनुपर्ने कानुनी प्रावधान छ। एक वर्षयता अफगानिस्तान सरकारले तीनैजनाको पासपोर्टसमेत जफत गरेको छ। उद्दारका लागि आग्रह गर्दै प्रधानमन्त्री कार्यालय, परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, पाकिस्तानस्थित दूतावासमा उनीहरूले कैयौं पटक इमेल पठाएको इमेलमार्फत नै जानकारी दिएका छन्।

**श्री मटुली बचत तथा ऋण सहकारी संस्था लि.को**
**दशौं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको मिति २०७४ साल श्रावण २१ गते शनिबार बसेको सञ्चालक समितिको ११०औं बोर्ड बैठकबाट पारित निर्णय भए बमोजिम संस्थाको "**दशौं वार्षिक साधारणसभा**" (आ.व. २०७३/०७४) को देहायका मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु। वार्षिक साधारणसभामा छलफलका विषयहरू संस्थाको कार्यालय भवन मचली टेकुको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारी गराउँदछौं।

**सभा हुने मिति, समय र स्थान**:
**मिति : २०७४ असोज ७ गते शनिबार (तदनुसार २०१७ सेप्टेम्बर २३)**
**समय : बिहान १०:०० बजे**
**स्थान : बैठक इभेन्स भेन्यू, त्रिपुरेश्वर, काठमाडौं**
**फोन : ४–२६८८००**

**सञ्चालक समितिको आज्ञाले**
**सचिव**
**जगत महेश्वर श्रेष्ठ**

**अत्यन्त जरूरी सुचना**

श्री ललितपुर जिल्ला अदालतवाट जारी भएको तिलक राईको नाति धन बहादुर राईको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा नं. १९ को हाल ललितपुर जिल्ला ललितपुर महा-नगरपालिका वडा नं.६ बस्ने प्रतिवादी सकिल राई (**ना.प्र.नं. ४४०८७ मिति २०६३/३/२० ललितपुर**) का नाँउको ३५ दिने म्याद सुचना.... वादी काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ११ बस्ने योगेन्द्रमान श्रेष्ठ र प्रतिवादी तपाई भएको लेनदेन (विगो) मुद्दामा ललितपुर जिल्ला अदालतको मिति २०७३/९/२४ गतेको फैसला बमोजिमको विगो रु. ३१,००,०००।- (एकतिस लाख रुपैंया) भराई पाउँ भनि बादीको मिति २०७३/१२/२७ मा बिगोमा दरखास्त परी तपाईका नाउँमा जारी भएको म्याद मिति २०७४/४/१७ मा बेपत्ते तामेल भै आएको हुँदा, तपाईका नाउँको म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरीपाँउ भनि मिति २०७४/४/२२ मा बादीले निवेदन दिएको हुँदा तपाईका नाउँको ३५ दिने म्याद सूचना पत्रिकामा प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र बादीको बिगाो रकम दाखिला गर्नका लागि तपाई आफै वा वारेश मार्फत यस अदालतको तहसिल शाखामा अडा खुलेको समयमा हाजिर हुन आउनु होला । म्याद भित्र बादीको बिगो दाखिला नगरी म्याद गुजारी बसेमा कानुन बमोजिम फैसला कार्यान्वयन भई जानेछ ।
पछि यस विषयमा तपाईको उजुर लाग्ने छैन ।
इति संवत २०७४ साल श्रावण महिना २७ गते रोज ६ शुभम ।

नेपाल सरकार
**सहरी विकास मन्त्रालय**
**केन्द्रीय आयोजना कार्यान्वयन इकाई**
बबरमहल, काठमाण्डौं

**परामर्शदाता छनौट गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७४/०५/०१

यस कार्यालयको असार ७, २०७४ को Request for Proposal को सूचना अनुसार देहाय बमोजिमको कार्यमा देहाय बमोजिमका परामर्शदाता छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा ३८ (२) बमोजिम यो प्रयोजनका लागि सम्बन्धित सबै परामर्शदाताहरुको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | परामर्शदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| MOUD/CLPIU/NRF/Service/073/074-08 | 7 days Head Mason Training in Myagdi, Baglung, Parbat, Syangja and Kaski District-12 Training Event | Rural Infrastructure & Management Consultant, Milestone Design & Planning Consult, Paragon Engineering Consultancy and Research Center JV | 56,43,000.00 |
| MOUD/CLPIU/NRF/Service/073/074-09 | 7 days Head Mason Training in Chitwan, Nawalparasi, Palpa, Arghakhanchi and Gulmi Districts | Manakamana Training and Skill Development Institute Pvt. Ltd. | 4,090,360.00 |
| MOUD/CLPIU/NRF/Service/073/074-10 | 7 Days Head Mason Training in Tanahun and Lamjung District | Worldwide Technical Pvt. Ltd | 5,695,000.00 |
| MOUD/CLPIU/NRF/Service/073/074-11 | 7 days Head Mason Training in Bhojpur, Khotang, Solukhumbu, Dhankuta and Sankhuwasabha District | Training Center Nepal | 6,808,500.00 |

**आयोजना निर्देशक**

# अर्थ

2017, AUG
Thursday
17

एसियन पूर्वाधार विकास बैंकको संस्थापक सदस्य तथा मित्र राष्ट्र चीन सरकारले अगाडि सारेको एक क्षेत्र एक रोड अभियानको महत्वपूर्ण हस्ताक्षरकर्ताको नाताले नेपालले चीन तथा एक क्षेत्र एक रोडसँग जोडिएका देशसँग प्रगाढ सम्पर्क स्थापित गर्दै लगानी एवम् प्रविधि आकर्षण, बाह्य सम्पर्क विस्तार एवम् पूर्वाधार अभावलाई समेत परिपूर्ति गर्ने विश्वास नेपाली निजी क्षेत्रको रहेको अध्यक्ष राणाले बताउनुभयो।

# निजी क्षेत्रद्वारा चीनमा नेपाली वस्तुको ड्युटी फ्रिको माग

**नेपाल समाचारपत्र**

काठमाडौं

चिनियाँ उपप्रधानमन्त्री वाङ याङसँग नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलले बुधबार भेटवार्ता सरेको छ। चीनको उच्चस्तरीय प्रतिनिधिमण्डलसँग भएको उक्त औपचारिक भेटवार्तामा महासंघका भवानी अध्यक्ष राणाले नेपाली निजी क्षेत्रको तर्फबाट उपप्रधानमन्त्री वाङको स्वागत गर्दै समृद्धिको मार्गतर्फ अगाडि बढिरहेको नेपालका लागि चिनियाँ सरकार तथा त्यहाँको निजी क्षेत्रको सहयोग यतिखेर खाँचो रहेको बताउनुभयो।

अध्यक्ष राणाले हाम्रो क्षमता अभिवृद्धि गर्न होस वा उत्पादन क्षमता बढाउन, लगानी प्रवर्द्धन होस वा नेपाल भित्र पर्याप्त आर्थिक अवसरहरूको सृजना गर्न अझ बढी चिनियाँ सहयोग नेपाली निजी क्षेत्रले खोजी रहेको स्पष्ट पार्नुभयो।

चीनसँगको चुलिँदो व्यापारघाटालाई न्यूनीकरण गर्न नेपाली उत्पादनहरूको चिनियाँ बजारमा सहज प्रवेशका लागि उपप्रधानमन्त्री समक्ष अध्यक्ष राणाले आग्रह गर्नुभयो। यसका लागि चीनमा निर्यात सम्भाव्यता भएका नेपाली वस्तु तथा सेवाहरूलाई ड्युटी फ्रि सहुलियत सुविधाको मागसमेत गर्नुभयो।

नेपालमा संयुक्त लगानीमा उत्पादन गरी चीनको बजारमा निर्यात गर्न सकिने वस्तु तथा सेवामा आधारित उद्योग व्यवसायमा सहकार्य एवम् सहयोगमा समेत अध्यक्ष राणाले जोड दिनुभयो।

नेपालमा चिनियाँ लगानी उल्लेख्यरुपमा बढी रहेको बताउनु हुँदै अध्यक्ष राणाले विगतदेखि नै नेपालको जलविद्युत, सिमेन्ट उत्पादन लगायतका क्षेत्रमा ठूलो मात्रामा चिनियाँ लगानी कार्य गरिरहेको स्पष्ट पार्नुभयो। नेपालको महत्त्वपूर्ण छिमेकी हुनुको नाताले, नेपालको सम्पूर्ण विकास प्रयासमा चिनियाँ लगानी, पछिल्लोपटक चीनले विकासमा प्राप्त गरेको अनुभव एवम् प्रविधि एवम् तकनिकी नेपाली निजी क्षेत्रले अपेक्षा गरेको धारणा समेत चिनियाँ उपप्रधानमन्त्री समक्ष राख्नुभयो।

एसियन पूर्वाधार विकास बैंकको संस्थापक सदस्य तथा मित्र राष्ट्र चीन सरकारले अगाडि सारेको एक क्षेत्र एक रोड अभियानको महत्त्वपूर्ण हस्ताक्षरकर्ताको नाताले नेपालले चीन तथा एक क्षेत्र एक रोडसँग जोडिएका देशसँग प्रगाढ सम्पर्क स्थापित गर्दै लगानी एवम् प्रविधि आकर्षण, बाह्य सम्पर्क विस्तार एवम् पूर्वाधार अभावलाई समेत परिपूर्ति गर्ने विश्वास नेपाली निजी क्षेत्रको रहेको अध्यक्ष राणाले बताउनुभयो। अध्यक्ष राणाले एक क्षेत्र एक रोडमार्फत नेपालको पूर्वाधार विकासमा चिनियाँ सहयोगका लागि उपप्रधानमन्त्री समक्ष आग्रह समेत गर्नुभयो।

चीन नेपालको सबैभन्दा ठूलो विकास तथा व्यावसायिक साझेदार छिमेकी राष्ट्र हो। नेपालको सामाजिक तथा आर्थिक विकासमा सदैव सहयोग गर्दै आएकोमा खुशी प्रकट गर्नु हुँदै अध्यक्ष राणाले नेपालको आर्थिक विकासमा चिनियाँ सहयोग हाम्रा लागि सदैव महत्त्वपूर्ण औजारको रही आएको बताउनुभयो। अध्यक्ष राणाले यसका लागि नेपाली निजी क्षेत्रका तर्फबाट चीन सरकारप्रति आभार प्रकट गर्नुभयो।

अध्यक्ष राणाले भन्नुभयो-'नेपाल उद्योग वाणिज्य महासंघ नेपाली निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था हो। महासंघले मुलुकभित्र सम्पूर्ण निजी क्षेत्रको प्रतिनिधित्व गर्नुका साथै अन्तर्राष्ट्रियरुपमा समेत निकै धेरै संस्थाहरूसंग आबद्ध रही कार्य गर्दै आएको छ। महासंघ, अखिल चीन उद्योग वाणिज्य महासंघ, अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि चिनियाँ परिषद्लगायतका चिनियाँ संस्थाहरूसँग लामो समयदेखि सहकार्य गर्दै आएको छ। दुवै देशका निजी क्षेत्रका प्रतिनिधिमुलक संस्थाहरू महासंघ र एसीएफआइसीको सहकार्यमा नेपाल-चीन गैरसरकारी सहयोग मञ्च स्थापना भई निकै लामो समयदेखि सहकार्य गर्दै आएको छ। निजी क्षेत्रको प्रयासमा स्थापना भएको यो संस्था दुई देशबीच आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारमा सेतुको रुपमा रहेको हामीले महशुस गरिरहेका छौं। म यस अवसरमा नेपाल-चीन बीचको आर्थिक तथा व्यवसायिक सम्बन्ध विस्तारमा अझबढी सहकार्यमा जोड दिन चाहान्छु।'

सो अवसरमा चिनियाँ उपप्रधानमन्त्रीबाट नेपाली निजी क्षेत्रसंगको भेटवार्ता आफ्ना लागि अत्यन्त महत्वपूर्ण भएको बताउनु भयो। चीन नेपाल बीचको आर्थिक सहकार्य एवं आर्थिक सम्बन्ध निरन्तर रुपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेवाः नुगः बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
NEWA NUGA MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.
न:बहि, ओमबहा:, काठमाडौं

प.सं.
च.नं. १००१
मिति:

छिस्कर शेयर होल्डर ज:पिं
तिथि : गुंलागा दुतिया, ११३७

बिषय : त:मुंज्या च्वनेगु सूचं ।

छिस्कर,

नेवा:नुग: बहुउद्देश्यीय सहकारी संस्थाया त:मुंज्या थ्वहे वैगु ने.सं. ११३७ ञलाथ्व पंचमी (२०७४ भाद्र १० गते) शनिवार कुन्हु सुथसिया ८:०० ता:इलय् नेपा बायन्क्वेट, खुसिबुंस क्वये न्ह्यथनागु खँचूस सहलह यायेगु निंतिं च्वनेगु जूगुलिं थ्व सूचं पौ व्छयाच्वना । पायछि इलय भाया त:मुंज्या त:जिक क्वचायेकेत ग्वहाली यानादि धैगु भलसा कयाच्वना ।

खँचू:-
१) आ.ब. ०६९/०७० निसें आ.ब. ०७१/०७२ तक्कया प्रगती प्रतिवेदन न्ह्यब्वयेगु, उगु प्रतिवेदनय सहलह व्याका पारित यायेगु ।
२) आ.ब. २०६९/०७० निसें. ०७१/०७२ तक्कया लेखापरिक्षण प्रतिवेदन न्ह्यब्वयेगुव उगु प्रतिवेदनय सहलय व्याका पारित यायेगु ।
३) आ.ब. ०७३/०७४ या निंति लेखापरिक्षक नियुक्त यायेगु व वैगु पारिश्रमीक क्व:छीगु ।
४) विविध
५) ज्यासना. पृच: व थीथी कव:या ल्यज्या ।

नेवा: नुग: NEWA NUGA ११२४ बहुउद्देश्यीय सहकारी संस्था लि.

पवित्र बज्राचार्य
छ्याँजे







PLATINUM SPONSOR
Civil Homes Pvt. Ltd.
Telecom Partner
राष्ट्रको संचार
NEPAL TELECOM
BANKING PARTNER
मुक्तिनाथ विकास बैंक लि.
Muktinath Bikas Bank Ltd.
OFFICIAL HOTEL
SOALTEE CROWNE PLAZA KATHMANDU
PRINT AWARD PARTNER
The Himalayan
TELEVISION AWARD PARTNER
HIMALAYA
SPECIALLY SUPPORTED BY
कान्तिपुर
kathmandupost
KANTIPUR TELEVISION NETWORK
SUPPORTED BY
नेपाल समाचारपत्र
अन्नपूर्ण
अभियान
आर्थिक
कारोबार
गोरखापत्र
RISING NEPAL
नयाँ पत्रिका
नागरिक
República
राजधानी
सौर्य दैनिक
हिमालय
ABC NEWS
AP1
हिमालय टेलिभिजन
IMAGE CHANNEL
JANATA TELEVISION
news24
SAGARMATHA
TV FILMY

बीमा समूहको उपसूचक ७५ दशमलव ७८ अंकले बढ्नुबाहेक अरु कुनै समूहको उपसूचकमा दोहोरो अंकको वृद्धि देखिएन।




# पशुपति पेन्ट्सद्वारा ‘महा पर्वको रंगोत्सव रिटर्न्स’ को घोषणा

काठमाडौं, (नेस)

पशुपति पेन्ट्सले ‘महा पर्वको रंगोत्सव रिटर्न्स’ योजनाको घोषणा गरेको छ।

कम्पनीले नजिकिँदै गरेको दशैं र तिहार लक्षित गर्दै ‘महा पर्वको रंगोत्सव रिटर्न्स’ योजनाको घोषणा गरेको हो। उक्त योजना भदौ १ गतेदेखि कात्तिक ३० गतेसम्म लागू हुने कम्पनीले जानकारी दिएको छ।

‘महा पर्वको रंगोत्सव रिटर्न्स’ योजनामा सहभागी हुन उपभोक्ताले कम्तिमा ५० हजार बराबरको पशुपति पेन्ट्सका उत्पादन खरिद गर्नुपर्ने हुन्छ। कम्पनीका अनुसार योजनामा सहभागी उपभोक्तालाई एक थान लक्की ड्र कुपन उपलब्ध गराइन्छ। यसरी संकलित लक्की ड्र कुपनमध्येबाट गोलाप्रथाद्वारा विजेता छनोट गरी तिनलाई विभिन्न उपहारको व्यवस्थासमेत रहेको कम्पनीले जानकारी दिएको छ।




लक्की ड्र कुपनमार्फत् भाग्यशाली विजेता एक जनाले बम्पर पुरस्कार स्वरुप बजाज पल्सर एनएस २०० जित्न सक्नेछन्। त्यसैगरी योजनाको प्रथम पुरस्कारका रुपमा १ थान सुजुकी लेट्स स्कुटर १ जनालाई, दोस्रो पुरस्कारका रुपमा स्मार्टफोन ४ जनालाई, तेस्रो पुरस्कारका रपमा आईप्याड ४ जनालाई, चौंथौ पुरस्कारका रुपमा आई थ्री ल्यापटप ४ जनालाई, पाँचौ पुरस्कारका रुपमा ट्याब्लेट ४ जनालाई, छैठौं पुरस्कारका रुपमा ५ ग्राम सुन ८ जनालाई र सातौं पुरस्कारका रुपमा १ सय ग्राम चाँदी १६ जनालाई व्यवस्था गरिएको छ।

# चौधरी फाउण्डेसनद्वारा राहत वितरण



काठमाडौं, (नेस)

चौधरी फाउण्डेसनले बाढीपीडितहरूलाई तत्काल राहत पुऱ्याउन प्रभावित क्षेत्रमा खाद्यान्न, औषधि, कम्बल, म्याटलगायतका सामग्री वितरण शुरू गरेको छ। फाउण्डेसनका छुट्टाछुट्टै टोली सुनसरी, सप्तरी, चितवन, नवलपरासी र बर्दियामा बाढीबाट सर्वाधिक प्रभावित क्षेत्रमा पुगी राहत वितरण शुरू गरेका हुन्। बाढी प्रभावित क्षेत्रमा खाद्यान्न अभाव भएकाले पीडितहरूमा तत्काल राहत पुऱ्याउन फाउण्डेसनबाट छुट्टाछुट्टै टोली खटाई राहत वितरण गर्ने निर्णय लिइएको हो।

चौधरी ग्रुपद्वारा उत्पादित तयारी खाने कुरा बाढीपिडितलाई वितरण गरिएको छ। जसमा वाईवाई चाउचाउ, वाईवाई भुजिया, रियो जुस र रियो पानी रहेका छन्। ती खाद्यान्न पीडितका हातमा पर्ना साथ उपभोग गर्न सकिने भएकाले पीडितलाई तत्कालै राहत पुग्ने विश्वास गरिएको छ। यसका साथै पीडितलाई कम्बल, ओछ्याउने म्याट पनि वितरण गरिएको कम्पनीले जनाएको छ।

फाउण्डेसनले मंगलबार सप्तरी जिल्लाका बाढीबाट सर्वाधिक प्रभावित कदमाहा र जोगिनियामा पुगि राहत वितरण गरेको छ। बुधबार सुनसरीको देवानगन्ज र हरिनगरलगायत गाउँमा राहत वितरण गरिएको छ। चितवनको दक्षिणी भेग मेघौलीको सुकुम्बासी वस्तीमा पनि राहत वितरण गरिएको छ।

त्यसैगरी नवलपरासीको सरावल गाउँपालिकाको भुजवागाउँमा राहत वितरणका लागि टोली प्रस्थान गरिसकेको छ। बर्दियामा प्रमुख जिल्ला अधिकारी विष्णु थापालाई एक हजार प्याकेट राहत सामग्री हस्तान्तरण गरिएको छ।

फाउण्डेसनले काठमाडौं, नवलपरासी र बर्दियास्थित चौधरी ग्रुपका कार्यालयहरूमार्फत् राहत वितरणको अनुगमन गरिरहेको छ। बाढी प्रभावित क्षेत्रमा रहेका ग्रुपका डिलर र डिस्ट्रिब्युटरहरूलाई पनि परिचालन गरिएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बैंक अफ काठमाण्डू लिमिटेडका निक्षेपकर्ताहरुलाई सूचना**

बैंक अफ काठमाण्डू लिमिटेडमा मिति २०६४ आषाढ मसान्त भन्दा पहिले खोलेका निक्षेप खाताहरुमध्ये दश वर्षदेखि चल्ती नभएका तथा हक दावी नपरेका उक्त खाताहरु पुन:सञ्चालनका लागि सम्बन्धित खातावाल महानुभावहरु यस बैंकमा तत्काल परिचयपत्र सहित आउनुहुन यो सूचना प्रकाशित गरिएकोछ । यससँग सम्बन्धित खातावाल महानुभावहरुको नाम नामेसी विवरण यस बैंकको वेबसाइटमा (www.bok.com.np) राखिएको छ । यस सम्बन्धमा थप जानकारीका लागि यस बैंकको कुनै पनि शाखामा यथाशिघ्र सर्म्पक राख्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय - कमलपोखरी, काठमाडौं
फोन: ०१-४४१४५४१/४४३७१०६, फ्याक्स नं.: ०१-४४१८९९०

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बैंक अफ काठमाण्डू लिमिटेडका शेयरधनी महानुभावहरुलाई सूचना**

बैंक अफ काठमाण्डू लिमिटेडले आ.व.२०५८/५९ देखि आ.व.२०६८/६९ सम्ममा आफ्ना तत्कालिन शेयरधनी महानुभावहरुलाई वितरण गर्ने भनी घोषणा गरेको क्रमश: १०%, ५%, १०%, १५%, १८%, २०%, २.११%, ७.३७%, १५%, १६.७५% तथा २१.३२% नगद लाभांश संकलन गर्न हालसम्म पनि केही शेयरधनी महानुभावहरु नआउनु भएको हुँदा उक्त लाभांश रकम लिन आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । आ.व.२०५८/५९ देखि आ.व.२०६८/६९ सम्मको लिन बाँकि लाभांश रकमहरु निम्न बमोजिम रहेका छन् :

| | |
|---|---|
| आ.व.२०५८/५९ | रू.४९३,४६८.०० |
| आ.व.२०५९/६० | रू.३४६,४८४.०० |
| आ.व.२०६०/६१ | रू.८०१,६१०.०० |
| आ.व.२०६१/६२ | रू.८,५२,६७७.२५ |
| आ.व.२०६२/६३ | रू.३,७०,६६४.०० |
| आ.व.२०६३/६४ | रू.८,७२,६८९.०० |
| आ.व.२०६४/६५ | - |
| आ.व.२०६५/६६ | रू.४,९५,१३३.०२ |
| आ.व.२०६६/६७ | रू.१८,४९,२६०.२४ |
| आ.व.२०६७/६८ | रू.२६,६८,७२२.४६ |
| आ.व.२०६८/६९ | रू.५६,२८,७६५.११ |

माथि उल्लेखित लिन बाँकि लाभांश रकमहरु संकलनका लागि उपस्थित नहुनुभएका शेयरधनी महानुभावहरुको नाम नामेसी विवरण यस बैंकको वेबसाइटमा (www.bok.com.np) राखिएको छ । यस सम्बन्धमा थप जानकारीका लागि नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा यथाशिघ्र सर्म्पक राख्नहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय - कमलपोखरी, काठमाडौं
फोन: ०१-४४१४५४१/४४३७१०६, फ्याक्स नं.: ०१-४४१८९९०

# शेयरमा झिनो सुधार

काठमाडौं, (नेस)

लगातार चार दिनसम्म घटेको नेप्से परिसूचकमा बुधबार केही सुधार आएको छ। गत साताको बुधबारबाट ओरालो लागेको परिसूचक मंगलबार पनि १२ दशमलव १६ अंकले घटेको थियो। बुधबार ३ दशमलव ५० अंकले बढेर १ हजार ६ सय ३२ दशमलव ६६ को बिन्दूमा पुगेको हो।

बुधबार जलविद्युत, वित्त र उत्पादनबाहेक सबै समूहका उपसूचकमा हरियो देखिएको थियो। जलविद्युत्को उपसूचक ८ दशमलव ५५ अंकले वित्तको परिसूचक ३ दशमलव शून्य १ अंकले र उत्पादन समूहको उपसूचक ५३ दशमलव १५ अंकले घटेको छ। बीमा समूहको उपसूचक ७५ दशमलव ७८ अंकले बढ्नुबाहेक अरु कुनै समूहको उपसूचकमा दोहोरो अंकको वृद्धि देखिएन।

बुधबार १ सय ५८ वटा कम्पनीको १६ लाख ५४ हजार ९ सय ८३ कित्ता शेयरको ७१ करोड ४३ लाख ५ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको छ।












# सुमनको गोलमा नेपालको जित

काठमाडौं, (नेस)

जापान भ्रमणमा रहेको नेपाली राष्ट्रिय फुटबल टोलीले बुधबार जित हात पारेको छ। नेपालले दोस्रो मैत्रीपूर्ण खेलमा कान्साइ गाइकुन विश्वविद्यालयको टोलीलाई २-१ ले पराजित गर्‍यो। यसअघि पहिलो खेलमा नेपाल बराबरी खेलेको थियो। अहिलेसम्म नेपाली टोलीले जापानमा सकारात्मक प्रदर्शन गरिरहेको छ। नेपाललाई पहिलो हाफमा अग्रता विमल घर्तीमगरले दिलाएका थिए। उनले खेलको १२औं मिनेटमा गोल गरेर अग्रतो धेरै बेर समय लम्बिएन। २५औं मिनेटमा गाइकुनले बराबरी गोल फर्काएको थियो। नतिजा बराबरीतिर लम्किरहेको अवस्थामा इन्जुरी समयमा सुमन लामाले गोल गरेर नेपालको जित सुनिश्चित गरेका थिए। नेपालले आज अमिटि स्पोर्टस क्लबविरुद्ध खेल्ने कार्यक्रम रहेको छ।

# गजराज जोशी स्मृति कप हुने

काठमाडौं, (नेस)

प्रथम अन्तर्राष्ट्रिय धावक गजराज जोशीको स्मृतिमा टोखास्थित भुतखेल खेल मैदानमा गजराज जोशी स्मृती कप फुटबल प्रतियोगीता शुभारम्भ हुने भएको छ।

राष्ट्रिय लिग को बि डिभिजनमा रहेको श्री टोखा भगवती क्लबको आयोजनामा हुने प्रतियोगीतामा २० टिमको सहभागी रहने बताइएको छ। प्रतियोगीता लिग कम नकआउटको आधारमा सञ्चालन हुने छ। प्रतियोगीताको विजेताले नगद रु १ लाख सहित उपाधी हात पार्ने छ भने दोस्रो ले ५० हजार तथा उत्कृष्ट विधाका खेलाडीहरूले जनही ५-५ हजार प्राप्त गर्ने आयोजक क्लबका अध्यक्ष राजकाजी श्रेष्ठले बताएका छन। प्रतियोगीताको उद्घाटनका लागि सबै तयारी पुरा भएको प्रतियोगीताको सहयोगी संस्था गजराज जोशी टस्टका अध्यक्ष मनिष जोशीले बताएका छन्। फुटबल प्रतियोगीता २० दिनसम्म सञ्चालन हुनेछ।

# ए डिभिजन लिग मंसिरमा हुने

नेपाल समाचारपत्र
काठमाडौं

अखिल नेपाल फुटबल संघ (एन्फा) को कार्यसमिति बैठकले लामो समयदेखि शुरू नभएको ए डिभिजन लिग आयोजना गर्ने मिति तय गरेको छ।

बुधबार एन्फाको कार्यसमिति बैठकले निर्णय गरेअनुसार ए डिभिजन लिग आगामी मंसिर १४ गतेदेखि शुरू हुने तय भएको हो। नेपालमा घरेलु लिग नभएको करिब चार वर्ष भइसकेको छ। चार वर्ष अघि २०७४ सालमा लिग हुादा मनाङ मर्स्याङदी क्लब लिग च्याम्पियन बनेको थियो। हुन त यसपछि पनि लिग त भइयो तर त्यो सबै ए डिभिजन क्लबको समावेश रहेको थिएन। सो राष्ट्रिय लिग २०७२ मा भएको थियो।

तर सो बैठकले थ्रीस्टार क्लबलाई क्षतिपूर्ति दिने विषयमा भने निर्णय थाती राखेको छ। यसका लागि एन्फाका वरिष्ठ उपाध्यक्ष मणि कुँवरको तीन सदस्यीय संयोजकत्वमा कमिटि गठन गरेको छ। एन्फाले क्षतिपूर्ति दिने विषयमा अझै थप अध्ययन गर्नुपर्ने जानकारीमा ल्याएको छ। सो कमिटिमा कुँवरसहित कार्य समितिका सदस्यहरू गणेशबहादुर चन्द र दिनेस व्यन्जकारको संलग्नता रहनेछन्।

यो कमिटिले १० दिनभित्र प्रतिवेदन अध्यक्षलाई बुझाउनुपर्ने समय पनि दिइएको छ। यो प्रतिवेदन कार्यसमितिमा प्रस्तुत गरिएपछि विशेष साधारण सभामा निर्णयार्थ पेश हुनेछ। एन्फाले विधान संसोधनका लागि असोज २३ गते विशेष साधारण सभा गर्ने भएको छ। एन्फा चुनाव भने सशोधित विधानअनुसार पुष २३ गते हुनेछ। यसको मतलब थ्रीस्टार क्लबले क्षतिपूर्ति पाउन अझै कुर्नुपर्ने भएको छ।

एन्फाको बैठकले केही ठोस निर्णयहरू पनि भएका छन्। जसमा नेपालमा सेप्टेम्बर २० देखि २४ तारिखसम्म हुने एएफसी यु १६ च्याम्पियनसिप २०१८ छनोटबारे छलफल गरियो। जसको बजेट ८५ लाख ५१ हजार ६ सय रहने पनि उल्लेख गरिएको छ। त्यस्तै भुटानमा हुने साफ यु १८ च्याम्पियनसिप तथा किर्गिस्तानमा हुने एएफसी यु १९ च्याम्पियनसिप २०१८ छनोटको लागि खर्चबारे छलफल गरियो। जसको खर्च २६ लाख ८९ हजार रुपियाँ लाग्ने पनि अनुमानित बजेट पास गरिएको छ।

यसै गरी एन्फा फुटसल लिग र एएफसी फुटसल च्याम्पियनसिपमा सहभागिता हुन लाग्ने सम्पूर्ण खर्च एन्फाले नै व्यहोर्ने जानकारीमा ल्याएको छ। त्यस्तै काठमाडौं, नवलपरासी र मकवानपुरमा मीनी पिच बनाइने र एएफसी यु १५ गर्ल्स च्याम्पियपनसिपमा नेपालको तर्फबाट सहभागिता जनाउने पनि एन्फाले निर्णय लिएका छन्।



## धरहरा

### निस्काशन ?



दलहरू छोड्ने र नयाँ दल बनाउने काम कतिपय राजनीतिज्ञले अहिले गरिरहेका छन्। जस्तो राप्रपा छोडेर केही नेताहरूले नयाँ दल गठन गरेका छन्। त्यस्तै, नयाँ शक्ति पार्टी छोडेर नेताहरू अन्य दलमा पनि गएका छन्। लोकतन्त्रमा आउजाउ गर्नु र नयाँ दल खुल्नु त्यति अनौठो कुरा नहोला। तर, धरहराले नबुझेको कुरा के भने नि पाठकबृन्द- 'छोडिसकेको नेतालाई पनि निस्काशन भनेर पो पार्टीहरूले वक्तव्य जारी गरेका छन्।


मान्छेले छोडेर हिंडिसकेको अवस्थामा किन फेरि निस्काशन भनेर भन्नुपर्ने होला ? वक्तव्य जारी गर्न किन माथापच्ची गर्नु अनि किन अनावश्यक कुरामा समय खर्चनु होला ? कि यसो गएकालाई वक्तव्यको मात्रै भए पनि झटारो हानौं भन्ने रहर पो हो कि ? कुरा नबुझेर धरहरा हैरान छ है पाठकबृन्द। यहाँहरूलाई कस्तो लाग्यो कुन्नि ?







# सारापोभाले युएस ओपनमा खेल्ने



लन्डन, (एजेन्सी)

१५ महिना प्रतिबन्धमा परेकी मारिया सारापोभाले युएस ओपन टेनिस प्रतियोगितामा खेल्न वाइल्ड कार्ड प्राप्त गरेकी छन्। उनले गत वर्षको जनवरीमा अस्ट्रेलियन ओपन खेलेयता पहिलो पटक ग्रान्डस्लाम प्रतियोगितामा खेल्न लागेकी हुन्। अस्ट्रेलियन ओपनकै दौरान उनी डोपिङ टेस्टमा असफल भएकी थिइन्। ३० वर्षीया पूर्व नम्बर एक खेलाडी गएको अप्रिलमा कोर्टमा फर्केकी थिइन्। तर उनलाई फ्रेन्च ओपन प्रतियोगितामा वाइल्ड कार्ड दिन वचित गरिएको थियो। विम्बल्डनमा छनोट खेलमा उनले चोटका कारण प्रतिस्पर्धा गर्न अक्षम भइन्।

युनाइटेड स्टेटस् टेनिस एसोसिएसन (यूएसटीए) ले बीबीसी स्पोर्टलाई सारापोभाले सजाय भोगिसकेकोले वाइल्ड कार्ड दिन कुनै ठोस कारण नभएको पनि बताएको थियो। यूएसटीएले भनेको थियो–पहिले पनि पूर्व युएस च्याम्पियनलाई वाइल्डकार्ड उपलब्ध गराएका थियो। सारापोभालाई पनि दिनु त्यही नियमअनुसार नै चलेको हो। यसअगाडि यूएस च्याम्पियनहरू मार्टिना हिंगिज, लेटन हेवीट, कीम क्लाइस्टर्स र हुआन मार्टिन डेल पोट्रोलाई वाइल्ड कार्ड दिइएको थियो।

रसियाकी सारापोभाले अप्रिलमा विना वरियता कोर्टमा फर्केकी थिइन्। उनको विश्व वरियतामा २ सय ११औं स्थानमा रहेकी छिन्। २ सयभन्दा माथिको वरियतालाई सिधै प्रतियोगितामा प्रवेश नपाउने प्रावधान रहेको छ। यसैले सारापोभाले स्टुटगार्ट, मेड्रीड र रोममा खेल्न वाइल्ड कार्डमार्फत् सहभागिता जनाएका थिए। उनले फ्रेन्च ओपनमा पनि वाइल्डकार्डको आशा गरेकी थिइन्। तर त्यहाा उनलाई मुख्य ड्र र छनोट चरण दुबैमा निरास हात परेको थियो।

सारापोभा सन् २००६ मा युएस ओपनमा च्याम्पियन बनेकी थिइन्। हाल उनले केही प्रतियोगितामा खेल्न असमर्थ जनाइरहेकी छिन्। उनले चोटका कारण यसै साता आयोजना भइरहेको सीनसीनाटी ओपनबाट नाम फिर्ता लिएकी छिन्।

# खेलाडी छनोट

काठमाडौं, (नेस)

प्रथम अन्तर्राष्ट्रिय खुला क्योकुसिन कराते प्रतियोगताका लागि नेपाल इन्टरनेसनल क्योकुसिनकाइ कराते संघले खेलाडी छनोट गरेको छ।

उमेरसमूहतर्फ पुरुषको १०-१२ वर्षमा रविन रेग्मी र सुदीप थिङ, १२-१४ वर्षमा सुदीप कटुवाल र अखिम राई, १४-१६ वर्षमा समुद्र महर्जन र एक्का भुलोन तथा १६-१८ वर्षमा रोशन श्रेष्ठ र अर्जुन महर्जन छनोट भए। त्यस्तै सिनियर पुरुष ५० केजीमुनि विजय घलान, ५०-६० केजीमा सत्तल लामा र रमेश महर्जन, ६०-७० केजीमा दिनेश महर्जन र निश्चल श्रेष्ठ, ७०-८० केजीमा राकेश महर्जन तथा ८० केजीमाथि गोपाल महर्जन छनोट भएको क्योकुसिनकाइ कराते संघका महासचिव एवं ब्रान्च चिफ प्रेमनाथ श्रेष्ठले जनाएका छन्।

सिनियर खुला तौलसमूहमा आष्मा तामाङले प्रतिस्पर्धा गर्नेछिन्। सिनियरकै महिला ५५ केजीमुनि संगीता तामाङ र ५५ केजीमाथि आस्मा तामाङ छानिए। प्रतियोगिता भारतको पुनेमा अक्टोबर ७ र ८ तारिखमा हुँदै छ।

# मेसीले नेयमारलाई मनाउन सकेनन्



लन्डन, (एजेन्सी)

नेयमारलाई बार्सिलोनामै राख्न लियोनल मेसीले धेरै कोसिस गरेको स्पेनको डायरियो स्पोर्टले जनाएको छ। डायरियो स्पोर्टले जनाएअनुसार मेसीले नेयमारलाई बार्सिलोना नछोड्नको लागि भनेका थिए- 'म तिमीलाई बेलन डिअर विजेता बनाउनेछु।'

जुलाईमा न्यु जर्सीमा बार्सिलोनाको प्रिसिजन टुरमा युभेन्टसविरुद्ध खेल्नअगाडि शेराटन पार्सीपपेनी होटलमा बस्दा पनि मेसी र लुइस स्वारेजले नेयमारलाई एकातिर लगेर क्लब नछाड्न आग्रह गरेका थिए। स्पोर्टको इभान सान एन्टोनीयोका अनुसार मेसीले नेयमारलाई यसो भनेका थिए- 'तिमी के चाहन्छौं? बेलन डिअर विजेता बन्न चाहन्छौ तिमी? म तिमीलाई बेलन डिअर विजेता बनाउनेछु।'

यो नै मेसीको नेयमारलाई क्लबमा राख्न गरेको अन्तिम आग्रह थियो। यसैले पनि युभेन्टसविरुद्धको खेलमा मेसीले नेयमारलाई खुलेर खेल्न दिएका थिए। सो खेलमा मेसी साइड लागेपछि नेयमारले युभेन्टसविरुद्धको खेलमा दुई गोल गरेका थिए। तेस्रो गोल पनि गर्न लागेका थिए तर उनले किपर गियानलुइगी बफनलाई बिट गर्न सकेनन्।

मेसीले बेलन डिअर अवार्ड पाँचपटक जितेका छन्। क्रिस्टियानो रोनाल्डोले यो अवार्ड यसै वर्ष जित्नेछन्। नेयमारले यसका लागि सन् २०१८मा कोसिस गर्नुपर्ने हुन्छ। यस वर्ष रसियामा विश्वकप हुँदै छ। उनले कतिको राम्रो खेल्छन् विश्वकपमा त्यसैअनुसार नेयमार बेलन डीअरको उपाधि दौडमा हुनेछन्।

यसअगाडि मेसीको बिहेमै नेयमार र डेनी अल्भेस दुबैजना पेरिस सेन्ट जर्मेनमा जाने पक्का गरिसकेको अल्भेसले अहिले खुलासा गरेका थिए। मेसीले जुलाई १ मा अर्जेन्टिनामा बिहे गरेका थिए। अल्भेस र नेयमार दुबै जना मेसीको बिहे समारोहमा भए पनि लिग वानमा जान छलफलसमेत गरेको अल्भेसले बताएका थिए।

# रेडिअन्ट र इनोभेटिभको जित

काठमाडौं, (नेस)

आयोजक रेडिअन्ट पब्लिक बोर्डिङ स्कुल र इनोभेटिभ इङलिस स्कुलले पाँचौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा बुधबार विजयी शुरुआत गरेका छन्।

स्युचाटारस्थित घरेलु कोर्टमा रेडिअन्टले राइजिङ स्टारलाई ४६-१४ ले सहजै पराजित गर्‍यो। रेडिअन्टको जितमा सुरज सिंहले ९ अंक योगदान गरे। सुजन शाहीको १४ अंक सहयोगमा इनोभेटिभले विस्डमलाई ४६-१० को फराकिलो अन्तरले हरायो। सिनियर ब्वाइजमै विल्सन एकेडेमी, महामञ्जुश्री र ग्यालेक्सी पब्लिक स्कुलले पनि जितका साथ यात्रा प्रारम्भ गरे। विल्सनले पिपुल्सलाई ५४-२३ ले पन्छायो। विल्सनका पेम्बा शेर्पाले उत्कृष्ट प्रदर्शन गर्दै ३५ अंक जोडे। महामञ्जुश्रीले डेनेबलाई ३२-२८ ले पाखा लगायो। महामञ्जुश्रीका मीन बुढा मगरले १५ स्कोर गरे। ग्यालेक्सीले ज्योति एकेडेमीमाथि ३३-११ को सहज जित दर्ता गर्‍यो। ग्यालेक्सीका सुवास गुरुङले १५ अंक जोडे। जुनियर ब्वाइजमा साइन मोडेल र इनोभेटिभ विजयी भए। साइन मोडेलले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए) लाई ४-२ ले पराजित गर्‍यो। विजयी टिमका लागि छिरिङ मोक्तानले २ अंक बटुले। लोयल्टी एकेडेमी विरुद्धको खेलमा इनोभेटिभ १४-६ ले विजयी भयो। इनोभेटिभका विवेक न्यौपानेले ७ अंक जोडे।



प्रतियोगिताको आयोजक विद्यालय व्यवस्थापन समितिका अध्यक्षा लक्ष्मणसिंह कुँवर र रेडिअन्टका प्रिन्सिपल सूर्यबहादुर केसीले निर्णायकलाई बल हस्तान्तरण गरी संयुक्त उद्घाटन गरे। भदौ ९ गतेसम्म चल्ने प्रतियोगिताको सिनियर ब्वाइजमा १८ र जुनियर ब्वाइजमा १४ गरी ३२ टिम सहभागी छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ